## परिच्छेद एक

# शोध परिचय

### १.१ विषय परिचय

कथाकार भागीरथी श्रेष्ठ (२००५) आधुनिक नेपाली कथाका क्षेत्रमा चर्चित नारी हस्ताक्षर हुन् । यिनले २०२३ सालमा **रुरु** पत्रिकामा 'प्रबल इच्छा' कथा प्रकाशित गरेर कथा यात्रा प्रारम्भ गरेकी छन् । कथाकार श्रेष्ठका 'क्रमशः' कथासङ्ग्रह २०४३, 'मोहदंश' कथासङ्ग्रह २०४४, 'विभ्रम' कथासङ्ग्रह २०५०, 'रङ्गीन पोखरी' लघुकथासङ्ग्रह २०५०, 'भूमिगत' कथासङ्ग्रह २०६२, 'स्वाबलम्बन' बालकथासङ्ग्रह २०६५ र 'रातो गुलाफ' कथासङ्ग्रह २०६६ प्रकशित रेहका छन् । उनका 'मालती' २०३४ र 'यस्तो एउटा आकाश' २०४६ उपन्यास पनि प्रकाशित भएका छन् । भागीरथी श्रेष्ठका कथामा परम्परागत सोचाइबाट ग्रसित पुरुषप्रधान समाजबाट नारीले खेप्नुपरेको बाध्यता पीडा र विवशतालाई बिषय बनाइ तिनलाई यथार्थवादी ढङ्गले प्रस्तुत गर्ने उनका कथामा ग्रामीण जीवनका गम्भीर समस्याहरू उठाइएका हुन्छन् । घरेलु हिंसा पारिवारिक यातना सामाजिक अपमान, लैङ्गिक विभेद सहेर सदियौंदेखि अधिकारविहीन भएका नारीहरूका आवाजलाई बुलन्द गराउन चाहने कथाकार श्रेष्ठ सशक्त नारीवादी कथाकार हुन् ।

कथाका संरचक घटकहरू कथानक/कथावस्तु पात्र/चरित्रचित्रण, दृष्टिबिन्दु, विचारतत्त्व/सारवस्तु, भाषाशैली, उद्देश्य, रुपविन्यासको परिचय दिदै कथाकार भागीरथी श्रेष्ठका कथायात्रामा देखा परेका मोडहरूको निरुपण गर्दै, कथाकार भागीरथी श्रेष्ठका कथाका बारेमा सामान्य टिप्पणी र समालोचना भएको पाइएतापनि उनका कुनै पनि कथाको कथडाकातत्त्वगत आधारमा विश्लेषण र मूल्याङ्कन नभएकाले कथका तत्त्वका आधारमा विश्लेषण र मूल्याङ्कन नभएकाले कथाका तत्त्वका आधारमा भागीरथी श्रेष्ठका कथासङ्ग्रहको विश्लेषण र प्रवृत्तिको निरूपण यस शोध पत्रमा गरिएका छन् ।

### १.२ शोध समस्या

प्रस्तुत शोध पत्रका समस्याहरु निम्नानुसार रहेका छन्

क)	कथाकार भागीरथी श्रेष्ठको जीवनी र व्यक्तित्व के कस्तो छ ?

ख)	कथाको संरचना के कस्तो हुन्छ ?

ग)	श्रेष्ठको कथायात्राको निरुपण र चरण विभाजन के कसरी गर्न सकिन्छ ?

घ)	श्रेष्ठका कथाको विश्लेषण तथा प्रवृत्तिगत मूल्याङ्कन कसरी गर्न सकिन्छ ?

## १.३ शोध पत्रको उद्देश्य

प्रस्तुत शोध पत्रका उद्देश्यहरु निम्नानुसार रहेका छन्

क)	कथाकार भागीरथी श्रेष्ठको जीवनी र व्यक्तित्वको निरुपण गर्नु ।

ख)	कथाको संरचना सम्वन्धी अनुशीलन गर्नु ।

ग)	श्रेष्ठको कथायात्राको निरुपण गर्नु ।

घ)	श्रेष्ठका कथाको विश्लेषण तथा प्रवृत्तिगत मूल्याङ्कन गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

कथाकार भागीरथी श्रेष्ठको साहित्यिक यात्र नै कथा सृजनाबाट शुरु भएको हो । वि.सं. २०२३ सालमा रिडी हाइस्कुलको मुखपत्र **रुरु** पत्रिकामा 'प्रबल इच्छा' भन्ने कथा प्रकाशित गरेर हालसम्म पनि उनले कथा लेखन र प्रकाशनलाई निरन्तरता दिएको पाइन्छ । उनका कथाका बारेमा केही विद्वान तथा समालोचकहरूले परिचयात्मक रुपमा सामान्य जानकारी गराए पनि कथाका बारेमा विस्तृत र सुव्यवस्थित रुपमा अनुसन्धान भने भएको पाइदैन । यिनका कथाका बारेमा जे-जति अध्ययन विश्लेषण भएको छ । त्यो केवल परिचयात्मक रुपमा मात्र भएको देखिन्छ । यसै क्रममा उनका कथा सम्बन्धी भएका पूर्वकार्यको विवरण कालक्रमिक रुपमा निम्न अनुसार प्रस्तुत गरिन्छ ।

तारानाथ शर्मा (२०४३) ले **क्रमशः** को भूमिकामा कथा सङ्ग्रहका कथाहरूको संक्षिप्त अध्ययन गरी भागीरथी श्रेष्ठलाई मनोविश्लेषणात्मक कथा लेख्ने एक सफल नारी कथाकारका रुपमा चिनाएका छन् ।

माधवप्रसाद घिमिरे (२०४४) ले **मोहदंश** को प्रकाशकीयमा यथार्थवादी कथाकारका साथै नारी हृदयका आन्तरिक भावनालाई उद्घाटित गर्न सफल कथाकारका रुपमा परिचित गराएका छन् ।

दयाराम श्रेष्ठ (२०४५) ले **नेपाली कथाका समकालीन सन्दर्भहरू** मा नेपाली कथाका समकालीन सन्दर्भहरूको विवेचना गर्ने क्रममा भागीरथीलाई हार्दिक अनुभूतिको तहबाट समाज र जीवनको अन्तर्निरीक्षण गर्ने कथाकारका रुपमा चिनाइएका छन् ।

कृष्ण गौतम (२०४७) ले **मिर्मिरे** को 'भागीरथी श्रेष्ठका कथामा' भागीरथीका कथाहरू नारी समस्यामा केन्द्रीत रहेका र उनका कथा यथार्थवादी केही प्रगतीवादी चेतना भएको निष्कर्ष निकालेका छन् ।

परशु प्रधान (२०४८) ले **अभिव्यक्ति** को 'केही क्षण केही अनुहार' मा नेपाली साहित्यका फाँटमा एक दशकभित्रै परिचित र स्थापीत नारी साहित्यकारका रुपमा चिनाउँदै यिनका कथामा विशेषतः नेपाली घर परिवारको चित्रण पाइन्छ भन्ने विचार प्रस्तुत गरेका छन् ।

ईश्वर बराल (२०४८) ले **झ्यालबाट** मा नेपाली कथाको ऐतिहासिक विकासको विवेचना गर्ने क्रममा श्रेष्ठलाई प्रयोगकालीन सिकारु कथाकारबाट उत्तीर्ण हुन थालेकी कथाकार भनी चिनाएका छन् ।

भागीरथी श्रेष्ठ (२०५०) ले **विभ्रम** को भूमिकामा मैले देखेका र भोगेका पारिवारिक कलह विषद ताडना प्रताडना, अपमान अशान्ति, स्वार्थीहरू, कुण्ठा विश्रृङखलता जिम्मेदारीहिन स्वभाव, विषम परिस्थिति र आर्थिक कठिनाइबाट उब्जेका तनाव यी सबको पोल्दो सामूहिक बन्दीभित्र म पनि अपवाद हुन सकिन र त्यस पोल्दो नदीलाई कथामा कुलेसा बनाएर ल्याउन आफ्नो कर्तव्यबोध ठानें भनेकी छन् ।

वासुदेव त्रिपाठी (२०५०) ले **कान्तिपुर** मा 'भागीरथीको तेस्रो बान्की : विभ्रम' मा एक डेढ दशकका बीच आफ्नो व्यापक कथा परिणाम र उत्कृष्ट कथा प्रतिभा एवं कथाकथन सीप कौशल पदर्शित गरी प्रतिष्ठित हुन पुगेकी एक समसामयिक अग्रणी कथा लेखिका भनी उल्लेख गरेका छन् ।

अच्चुतरमण अधिकारी (२०५०) ले **गोरखापत्र** मा भागीरथीमा सामाजिक शास्वत कथा र व्यथा छन् मानसिक घात आघातहरू छन् साथै कथामा भागीरथी गङ्गा भागीरथी जस्तै सल्ल बगेकी छन् भनी उल्लेख गरेका छन् ।

दौलतविक्रम विष्ट (२०५०) ले **रङ्गीन पोखरी** को भूमिका मा भागीरथी एक सफल कथाकार हुन् उनले आफ्ना कथामा वर्तमान जीवनका विकृति र विसङ्गतीलाई बढी कलात्मकताका साथ प्रस्तुत गरेकी छन् भनी उल्लेख गरेका छन् ।

हेमकुमार गौतम (२०५०) ले **भागीरथी श्रेष्ठको जीवनी व्यक्तित्व कृतित्त्व** मा भागीरथी एक कुशल अध्यापिका, कर्मचारी, समाजसेवी तथा सफल सृजनशील महिला साहित्यकारका रुपमा पनि आफ्नो व्यक्तित्व निर्माण गरेकी छन् भनी उल्लेख गरेका छन् ।

यशोदा तिम्सिना (२०६३) ले **नेपाल** मा कविताझैं लाग्ने कथा लेख्नु भागीरथीको विशेषता र विशिष्टा दुवै हो भन्दा अर्धेल्याँय नठहरिएला कथा आफैमा कल्पनाको विषय हो तर भागीरथीका कथा पढ्दा यस्तो लाग्छ उनले कल्पना होइन यथार्थको घरातलमा अभिएर कथा लेख्छीन भनी उल्लेख गरेकी छन् ।

गोविन्दराज भट्टराई (२०६६) ले **रातो गुलाफ** को भूमिका मा भागीरथीका कथाको विषयमा यही सत्य हो । छोए पछी यी कथाले नटुङग्याएसम्म पाठकलाई उठ्न नदिइ तानिरहन्छन् । समकालीन कथाकारमा एक शीर्ष नाम भागीरथी सबै कुरा यी शक्तीशाली कथालेनै बोलेका छन् भनी उल्लेख गरेका छन् ।

अन्विका गिरी (२०६६) ले **अन्नपूर्ण पोष्ट** को **शिक्षा** मा भागीरथी कथाका पात्रहरू आमा मान्छे हुन् यिनका समस्या र जीवनको भोगाइ पनि आमा छन् । महिला लेखक

भएका कारणले हुनसक्छ उनका कथामा महिलाको विषयले प्राथमिकता पाएको छ महिलाका संवेदना उतार्न उनी सफल भएकी छन् भनी उल्लेख गरेकी छन् ।

## १.५ अध्ययनको औचित्य र महत्त्व

वि.सं. २०२३ सादेखि हालसम्मको पाँच दशक लामो कथा यात्रा पार गरेकी कथाकार भागीरथी श्रेष्ठको कथाका बारेमा भएको सामान्य टिप्पणी र फाटफुट चर्चा परिचर्चा बाहेक कथा तत्त्वका आधारमा उनका कुनै पनि कथाको विश्लेषण र मूल्याङ्कन नभएकोले कथा तत्त्वका आधारमा गरिने कथाहरूको विश्लेषण र मूल्याङ्कन स्वतः औचित्यपूर्ण देखिन्छ समवर्ती र उत्तरवर्ती कथाकार प्रतिभाहरूका लागि उनको कथाकारिताको अध्ययन प्रेरणादायी बन्नका साथै उनका कथाका बारेमा जान्न चाहने व्यक्तिका लागि समेत शोध पत्र निकै उपयोगी एवं औचित्यपूर्ण रहेका छन् ।

## १.६ शोधविधि

प्रस्तुत शोधकार्यमा संकलित सामाग्रीलाई विशेषगरी परम्परीत र पद्दतिको प्रयोग गरिएको छ । यसका साथै संकलित सामाग्रीको अवस्था हेरेर ऐतिहासिक, वर्णनात्मक, तुलनात्मक आदि विधिहरूको प्रयोग पनि गरिएका छन् ।

## १.७ सामग्री सङ्कलन विधि

भागीरथी श्रेष्ठको सामान्य जीवन परिचय लिने क्रममा स्वयं शोधनायकसँग सम्पर्क गरी उपलब्ध हुन सक्ने जानकारी लिनका साथै पुस्तकालयीय अध्ययन विधिलाई आधार बनाई सामग्री सङ्कलन गरिएका छन् ।

## १.८ शोधकार्यको सीमाङ्कन

कथाका तत्त्वका आधारमा रहेर भागीरथी श्रेष्ठका ६ वटा कथासङ्ग्रहहरू क्रमशः मोहदंश, विभ्रम, रङ्गीन पोखरी, भूमिगत, रातो गुलाफका कथाहरूको समग्र विश्लेषण र मूल्याङ्कन गर्नु नै शोधको क्षेत्र एवं सीमा रहेका छन् ।

## १.९ शोध पत्रको रुपरेखा

'भागीरथी श्रेष्ठको कथाकारिता' विषयमा प्रस्तुत हुने शोध पत्रलाई पाँच परिच्छेदमा विभक्त गरी प्रस्तुत गरिने छ । उक्त पाँच परिच्छेदमा आधारित हुने मुख्य रुपरेखा वा सङ्गठन यसप्रकार रहेका छन् ।

पहिलो परिच्छेद शोध परिचय

दोस्रो परिच्छेद कथाकार भागीरथी श्रेष्ठको जीवनी र व्यक्तित्व

तेस्रो परिच्छेद कथाको संरचना र श्रेष्ठको कथायात्रा

चौथो परिच्छेद श्रेष्ठका कथासङ्ग्रहको विश्लेषण र कथागत प्रवृत्तिको निरुपण

पाँचौ परिच्छेद उपसंहार एवम् निष्कर्ष

परिच्छेद दोस्रो

# कथाकार भागीरथी श्रेष्ठ

## २.१ भागीरथी श्रेष्ठको जीवनी र व्यक्तित्व

### २.१.१ भागीरथी श्रेष्ठको जीवनी

कथाकार भागीरथी श्रेष्ठ आधुनिक नेपाली कथाका क्षेत्रमा चर्चित नारी हस्ताक्षर हुन् । उनले २०२३ सालमा **रुरु** पत्रिकामा 'प्रबल इच्छा' कथा प्रकाशित गरेर कथा यात्रा प्रारम्भ गरेकी हुन् । कथाकार श्रेष्ठका 'क्रमशः (२०४३)', 'मोहंदश (२०४४)', 'विभ्रम (२०५०)', 'रङ्गीन पोखरी (२०५०)', 'भूमिगत (२०६२)', 'रातो गुलाफ (२०६६)' जस्ता कथा सङ्ग्रह प्रकाशित रहेका छन् । उनका 'स्वाबलम्बन' बालकथासङ्ग्रह २०६५, 'मालती' उपन्यास २०३४ र 'यस्तो एउटा आकाश' उपन्यास २०४६, पनि प्रकाशित भएका छन् । कथाकार श्रेष्ठका कथामा आफन्त, नातेदार, साथीहरू पात्रका रुपमा आएका छन् भने जन्मदेश र कर्मदेश प्रत्यक्ष वा परोक्ष रुपमा परिवेश बनेर आएका छन् । नारी जीवनका मर्म र पीडाहरूलाई अत्यन्त कलात्मक ढङ्गले प्रस्तुत गर्ने श्रेष्ठ नेपाली समाजका अवसरवादी प्रवृतिलाई स्वभाविकताका साथ आफ्ना कथामा उतार्छिन् । परम्परागत सोचाइबाट ग्रसित पुरुषप्रधान समाजबाट नारीले खेप्नुपरेको बाध्यता पीडा र विवशतालाई कथाको बिषय बनाई तिनलाई यथार्थवादी ढङ्गले प्रस्तुत गर्ने उनका कथामा ग्रामीण जीवनका गम्भिर समस्याहरू उठाइएका हुन्छन । घरेलु हिंसा पारिवारिक यातना, सामाजिक अपमान, लैङ्गिक विभेद सहेर सदियौंदेखि अधिकारवञ्चित भएका नारीहरूका आवाजलाई बुलन्द गराउन चाहने कथाकार श्रेष्ठ सशक्त नारीवादी कथाकार हुन् ।

### २.१.२ जन्मस्थान र पारिवारिक पृष्ठभूमि

नेपाली साहित्यका क्षेत्रमा सामाजिक यथार्थवादी स्रष्टाका रुपमा परिचित भागीरथी श्रेष्ठको जन्म वि.सं. २००५ असोज १० गते लुम्बिनी अञ्चलको गुल्मी जिल्ला रिडी बजारमा भएको हो । उनी बाबु राजकुमार बजिमय र माता जानकी बजिमय

कोखबाट दोस्रो सन्तान तथा एकल छोरीका रुपमा जन्मेकी हुन् (शोधनायिकाबाट प्राप्त जानकारी) ।

भागीरथी श्रेष्ठको परिवारमा उनी हजुरआमा, बाबु राजकुमार बजिमय, आम जानकी बजिमय, जेठा दाजु विश्वनाथ बजिमय, माहिला भाइ कल्याणकुमार बजिमय, साहिंला भाइ धर्मकुमार बजिमय र कान्छा भाइ कैलाश बजिमय र आफु गरी जम्मा आठ जनाको परिवारमा हुर्केकी हुन् (उही) । उनका पिता सरकारी जागिरे थिए । उनका पिताले परिश्रम र इमान्दारलाई सधैं सम्मान गर्थे र त्यसताका रिडी बजारका प्रसिद्ध समाजसेवी, परोपकारी र शिक्षाप्रेमीका रुपमा परिचित थिए । उनकी माता जानकी बजिमय पनि कुशल परोपकारी र सरल हृदय भएकी नारी थिइन् । उनकी माता धर्मकर्ममा आस्था एवम् विश्वास राख्ने हुनाले यिनका घरमा बिहान बेलुका सधैं पूजा-पाठ हुन्थ्यो (गौतम, २०५१ : १) ।

यसरी श्रेष्ठको रिडी बजारको मध्यम वर्गीय नेवार परिवारकी सदस्यको रुपमा जन्म भयो । उनका पिता सरकारी जागिरे हुनाले पैतृक जग्गा-जमिन पनि प्रशस्त भएकाले घरको आर्थिक स्थिति राम्रो थियो (उही) ।

### २.१.३ बाल्यकाल

बाबु-आमाकी एक्ली छोरीका रुपमा जन्मेकी भागीरथी श्रेष्ठले आफ्ना बाल्यकालमा आमा-बाबुबाट प्रशस्त माया पाएकी थिइन् । उनको सुन्दर, आकर्षण र स्वास्थ्य बाल व्यक्तित्वका कारणले उनलाई छिमेका सबै मान्छेले माया गर्थे । सानै उमेरदेखि उनका मानसिकतामा अरूप्रति दया मायाको भावना रहेको पाइन्छ । उनी बाल्यकालमा आफ्नी बृद्ध हजुर आमालाई ज्यादै माया र आफूसक्दो सेवा गर्दथिइन् । बेलुका सुत्ने बेलामा हजुरआमाका गोडामा तेल घसिदिनु र आवश्यक परेमा रातिमा पानी तताएर खुवाउनुजस्ता कार्य उनका नित्य कर्म जस्तै थिए । श्रेष्ठको यस्तो स्वभाव देखेर उनलाई सबै छरछिमेकले बजैको सेवा गर्ने नातिनीका रुपमा चिन्दथे । वि.सं. २०२१ मा उनकी हजुरआमाको परलोक भयो । त्यसबेला भागीरथीको उमेर १६ वर्षको थियो । यस

घटनाले उनको किशोर मानसिकतामा ज्यादै ठूलो चोट पुग्यो । हजुरआमाको निधनपछि उनले आफ्ना आमा-बाबु र दाजुभाइ हुँदाहुँदै पनि एक्लो अनुभव गर्न थालिन् (उही : २) ।

यसरी भागीरथी श्रेष्ठको बाल्यकाल मध्यम वर्गीय परिवारमा बितेको पाइन्छ । उनले सानैदेखि स्नेह माया पाएकाले पनि अरूलाई दाय करुणको भाव व्यक्त गर्ने स्वभाव उनमा छ । उनले बाल्यकालमा खासै दुःखकष्ट भोग्नु परेन । उनी साथै उमेरदेखि धर्मकर्ममा रुचि गर्थिन् । त्यसैले उनी सधैंजसो साथीहरूसँग मिलेर मन्दिरमा पूजा गर्न जान्थिन् । उनी सानैदेखि आफ्ना काममा अत्यन्त लगनशील थिइन् । पढाइप्रति पनि उनी त्यतिकै ध्यान दिएको पाइन्छ । यिनै गुणले गर्दा आफ्नो परिवार र छरछिमेकमा समेत उनी सानैदेखि एउटा आदर्श बालिकाका रुपमा रहेको देखिन्छ ।

### २.१.४ शिक्षादीक्षा

भागीरथी श्रेष्ठका बाल्यकालमा घर नजिकै विद्यालय भएकाले उनले आधारभूत शिक्षाको लागि खासै कठिनाइ भोग्नुपरेन । उनका बाबु पनि शिक्षित भएकाले छोरीलाई पनि पढाउनुपर्छ भन्ने मानसिकता थियो । त्यसैले उनले सानै उमेरदेखि नियमित रुपमा विद्यालयमा शिक्षा प्राप्त गर्ने सुविधा प्राप्त भयो । गुल्मीको रिडी हाईस्कूलबाट माध्यमिक स्तरसम्मको पढाइ पूरा गरी २०२३ सालमा त्यही विद्यालयबाट एस्.एल्.सी. उत्तीर्ण गर्ने तीन जना विद्यार्थीमा श्रेष्ठ एकमात्र छात्रा थिइन् (शोधनायिकाबाट प्राप्त जानकारी) । त्यसपछि श्रेष्ठ उच्च शिक्षा हासिल गर्न तीव्र हुँदाहुँदै पनि एकवर्षसम्म उच्च शिक्षा हासिल गर्न पाइनन् । त्यस अवस्थामा रिडीमा उच्च शिक्षा हासिल गर्ने संस्था आजभोलि जस्तै प्रशस्त थिएनन् । उच्च शिक्षा हासिल गर्न घरदेखि धेरै टाढा जानुपर्ने भएकाले त्यति सहज थिएन । उनलाई बाहिर पढाउन उनको उमेर पुगेकाले आमाबाबुले अलि अप्ठ्यारो मानेका थिए । यसैकारणले उनी एक वर्षसम्म त्यतिकै घरमा बसिन् (गौतम : ३) । उनी उच्च शिक्षाको अभिलाष पूरा गर्न वि.सं. २०४२ मा काठमाडौं आइन् र पद्मकन्या कलेजमा इन्टरमिडियट तहको नियमित छात्राको रुपमा भर्ना भई पढ्न थालिन् । उनले पद्मकन्या कलेजबाट द्वितीय श्रेणीमा इन्टरमिडियट (आई.ए.) पनि उत्तीर्ण गरिन् । त्यसवर्ष नेपालका लागि अमेरिका आवसीय राजदूत सेलेसले पद्मकन्या कलेजबाट आइ.ए.मा उत्तीर्ण भएका

सम्पूर्ण छात्रालाई अभिनन्दन गर्न एक समारोहको आयोजना गरेका थिए । त्यस समारोहमा सहभागी भएपछि उनमा उच्च शिक्षाप्रति झन तीव्र इच्छा प्रकट भयो (शोधनायिकाको भनाइबाट) । वि.सं. २०२६ मा उनी वैवाहिक जीवनमा आबद्ध भइन् । विवाहपछि उनी श्रीमान्सँग बस्न पर्ने भएकोले दुई वर्षसम्म उच्च शिक्षा हासिल गर्ने तीव्र चाहना त्यतिकै विमुख भयो । वि.सं. २०२८ मा श्रीमान्को काठमाडौंमा सरुवा भएपछि पुनः उनी पद्मकन्या कलेजमा स्नातक तहमा भर्ना भई पढन् थालिन् । तर परिवारको असुविधाका कारणले गर्दा उनले त्यसबेला स्नातक तहको पढाइ पूरा गर्न पाइनन् । पछि वि.सं. २०३६ मा व्यक्तिगत (प्राइभेट) परीक्षार्थीका रुपमा सहभागी भई उनले त्रिभुवन विश्वविद्यालयबाट स्नातक तह तृतीय श्रेणीमा उत्तीर्ण गरिन् (गौतम : ४) ।

वि.सं. २०३८ देखि भागीरथी श्रेष्ठले स्थायी रुपमा जागिर गर्न थालिन् तर उनको स्नातकोत्तर तहको अध्ययन गर्ने इच्छा थियो । त्यसैले उनले वि.सं. २०३८ मा व्यक्तिगत (प्राइभेट) विद्यार्थीका रुपमा नेपाली विषयमा स्नातकोत्तर तहको तयारी गरी त्रि.वि.बाट एकपत्रको परीक्षा पनि दिइन् तर आफ्ना पारिवारिक समस्याका कारणले गर्दा उनले स्नातकोत्तर तहको पढाइ पूरा गर्न पाइनन् । उनले यस आकाङ्क्षालाई अधुरै छोड्नुपर्‍यो (शोधनायिकाबाट प्राप्त जानकारी) ।

यसरी भागीरथी श्रेष्ठले माध्यमिक तहको शिक्षासम्मको पढाइमा सहज वातावरण भए पनि उच्च शिक्षाका निम्ति त्यति सहज वातावरण भएन । उच्च शिक्षाको अध्ययनका सिलसिलामा विभिन्न किसिमका बाधा व्यवधानहरू बेहोर्नु परेको थियो । त्यसमा श्रीमान्को जागिर उपत्यका बाहिर हुनु, अर्कोतिर आफ्नो जागिर हुनु र दुई छोरा र एक छोरीको आमाका रुपमा पारिवारिक जिम्मेवारी लिनुपर्ने परिस्थितिजस्ता कारणले गर्दा पनि उनले स्नातक तहसम्मको शिक्षा हासिल गरिन् । उनको स्नातकोत्तर तहको पढाइ पूरा गर्ने धोको चाहिँ त्यत्तिकै अधुरो रहिरहेको छ ।

### २.१.५ विवाह तथा पारिवारिक स्थिति

भागीरथी श्रेष्ठको बाबुआमा शिक्षित भए पनि त्यसबेलाको परम्परावादी समाजले गर्दा छोरीलाई स्वतन्त्र रुपमा छोड्दा उनीहरू बिग्रिन्छन् भन्ने धारणा थियो । त्यसैले गर्दा

वि.सं. २०२६ मा २१ वर्षको उमेरमा पाल्पा भैरवस्थान निवासी दुर्गाप्रसाद श्रेष्ठसँग हिन्दु परम्पराअनुसार उनको विवाह भयो । उनी आफ्नो दुलाहा गरिब भएपनि शिक्षित र दयालु होस् भन्ने इच्छा राख्दथिइन् (गौतम, २०५१ : ५) । उनले भनेजस्तै वास्तविक जीवनसाथी पाएकी थिइन् । आफ्नो चाहनाअनुसार शिक्षित पतिका कारणले उनले पारिवारिक जीवनमा कुनै किसिमको दुःख भोग्नुपरेन ।

वि.सं. २०२६ मा २१ वर्षको उमेरमा उनको विवाह भएपछि वि.सं. २०२८ मा उनका कोखबाट प्रथम सन्तानको जन्म भयो । श्रेष्ठ आफूले पनि स्नातक तह उत्तीर्ण गरेकी र श्रीमान्ले पनि एम.ए. पास गरेको हुनाले उनीहरू बीच एक आपसमा सुख, दुःख बुझ्नसक्ने क्षमता थियो । दुवै शिक्षित भएकाले जीवनमा खासै मनमुटाव भएन । श्रीमान् जागिरे भएकाले श्रीमान् जहाँ जान्छन्, उनी पनि सँगै गएकाले उनी एक्लै बस्नुपरेन । उनको घरमा आएका सदस्यसँग निकट सम्बन्ध पनि भएन । उनले घरमा सासूको कडा बुर्हातन पनि खेप्नुपरेन । घर परिवारबाट उनले सधैं मायाममता पाउँदै आएकी छन् ।

उनका दुई छोरा एक छोरी छन् । हाल उनी कान्छा छोराबुहारीसँग काठमाडौंको चपली भन्ने ठाउँमा बस्दै आएकी छन् ।

### २.१.६ रुचि र स्वभाव

भागीरथी श्रेष्ठमा विभिन्न संघ/संस्थाको स्थापना गरी ती संस्थाको माध्यमबाट सामाजिक सेवा गर्ने रुचि पाइन्छ । उनको ज्यादा रुचि चाहिँ साहित्य सिर्जना नै रहेको छ । त्यसैले उनी विभिन्न पत्र-पत्रिका अध्ययन गर्न मन पराउँछिन् । उनले सानैदेखि विभिन्न पत्र-पत्रिकामा लेख-रचना प्रकाशित गर्नुका साथै साहित्यिक पत्र-पत्रिकाको सम्पादन कार्य गरेकी छन् (शोधनायिकाबाट प्राप्त जानकारी) । बाल्यकालदेखि नै उनको नृत्य र संगीतप्रति रुचि रहेको थियो । विद्यालयमा पढ्दा त्यहाँ आयोजना गरिने कार्यक्रमहरूमा गीत गाउने, नाच्ने नाटक खेल्ने र खेलाउने आदि क्रियाकलापमा क्रियाशील रहन्थिन् (गौतम : ७) ।

भागीरथी श्रेष्ठले आफ्ना विगतका घटनाहरू सुनाउन ज्यादै मन पराउँछिन् त्यसैले उनी आफ्ना जीवनमा घटेका घटनाहरू रुचिपूर्वक अरूलाई सुनाउँछिन् र

बेलाबखत तिनलाई आत्मसंस्मरणका रुपमा लिपिबद्ध गरेर नयाँ **अभियान, जनमत, विमोचन,** जस्तो पत्र-पत्रिका प्रकाशित गरेकी छन् (उही : ८) । उनलाई सिर्जनामा सबैभन्दा बढी रुचि छ । त्यसैले उनले कविता-नाटक-कथा तथा महिलासम्बन्धी विभिन्न लेख रचनाका माध्यमबाट आफ्नो सिर्जनात्मक सन्तुष्टि लिंदै आएकी छन् । साहित्यको अध्ययन पनि उनले अर्को महत्त्वपूर्ण रुचि क्षेत्र हो । प्रायः उनलाई चेखव, टल्सटाय, गोर्की, प्रेमचन्द्र, कृष्णचन्द्रजस्ता विदेशी साहित्यकार र गुरुप्रसाद मैनाली, बी.पी. कोइराला, रमेश विकल, विजय मल्ल पारिजात जस्ता स्वदेशी साहित्यकारका साहित्यिक रचनाहरू पढ्न मन पर्दछ (उही) ।

भागीरथी श्रेष्ठ नेपाली परम्परा र साधारण पहिरन रुचाउँछिन् । उनलाई आफ्ना परम्परागत धार्मिक रीतिरिवाज पनि त्यत्तिकै मनपर्छ उनले जात भात र छूवाछूतलाई भने त्यति रुचाउँदिनन् । उनी सधैं कुनै न कुनै काममा व्यस्त रहन रुचाउँछिन् । उनी बेलाबखत आफ्ना मनमा आएका कुरालाई वा महत्त्वपूर्ण भावहरूलाई नोटबुकमा टिपेर राख्दछिन् (शोधनायिकाबाट प्राप्त जानकारी) । त्यसैले उनी सोही समयमा पढ्न लेख्न बढी रुचाउँछिन् । यिनै आनीबानी र क्रियाकलापलाई उनका रुचि एवम् स्वभाव मान्न सकिन्छ ।

## २.१.७ आर्थिक अवस्था

भागीरथी श्रेष्ठ मध्यम वर्गीय परिवारमा जन्मेर हुर्किएकी हुनाले बाल्यकाल देखि नै कुनै किसिमको आर्थिक कठिनै भोग्नु परेन । आफ्ना पिता सरकारी जागिरे हुनका साथै व्यवसाय र खेतीबाट पनि प्रशस्त आम्दानी हुने भएकाले उनी र उनको परिवारले आर्थिक समस्या भोग्नुपरेन । आफू मध्यम वर्गीय परिवारमा हुर्किएकी हुनाले उनले आफ्नो वैवाहिक सम्बन्ध जोड्न आर्थिक सम्पन्नतालाई भन्दा शिक्षालाई बढी महत्त्व दिएको पाइन्छ । त्यसैले सम्पन्न तर, अशिक्षित युवासँग विवाहको प्रस्ताव आउँदा यसलाई अस्वीकार गरेर आर्थिक दृष्टिले सम्पन्न नभए पनि शिक्षित युवा दुर्गाप्रसाद श्रेष्ठसँग वैवाहिक सम्बन्ध गर्न पुगिन् । उनलाई विवाहपछि पनि उनको जीवनमा कुनै आर्थिक सङ्कट परेन । बरु उनको

आर्थिक अवस्था झन उन्नत हुँदै गयो । श्रीमान्को जागिर आफ्नो पनि जागिरले गर्दा उनको आर्थिक स्थिति झन् राम्रो हुँदै गयो ।

## २.१.८ सिर्जनाका निम्ति प्रेरणा र प्रभाव

भागीरथी श्रेष्ठले सानैदेखि नै सिर्जनाप्रति रहर देखाउन थालेकी हुन् । विद्यालय जीवनदेखि नै उनले साहित्य सिर्जनामा कमल चलाउने गरेको पाइन्छ । उनको औपचारिक साहित्यिक यात्रा वि.सं. २०२३ मा रिडी हाईस्कूलको मुखपत्र **रुरु**मा प्रकाशित **प्रबल इच्छा** कथाबाट प्रारम्भ भएको (उही) । यस कथाको प्रकाशनपछि उनी सिर्जनाका कार्यमा थप प्रोत्साहित हुँदै गइन ।

सानै उमेरदेखि नै विभिन्न साहित्यकारको सम्पर्कमा रहेकी श्रेष्ठको साहित्यप्रति स्वतः झुकाव बढ्दै गएको हो । उनलाई साहित्यसम्बन्धी प्रेरणा दिने क्रममा साहित्यकार मोदनाथ प्रश्रितसँग उनको पारिवारिक सम्बन्ध राम्रो थियो । त्यसैकारणले प्रश्रितबाट साहित्य सृजनाका निम्ति महत्त्वपूर्ण प्रेरणा पाएकी थिइन् । साथै आमाबाबु र विवाह भएपछि आफ्नो श्रीमान्बाट पनि सिर्जनात्मक कार्यका निम्ति प्रशस्त उत्साह र प्रेरणा पाउँदै गइन् । ग्रामीण परिवेशमा जन्मेर हुर्किएकी श्रेष्ठलाई आन्तरिक रुपमा साहित्यतर्फ उत्प्रेरित गर्ने उनका आफ्नै बाबु र हजुरआमा हुन् । उनी जब एक वर्षसम्म एस्.एल्.सी. उत्तीर्ण गरेर घरमै बसिन् त्यस अवस्थामा उनले मनमा आएका अनेकौँ गन्थनमन्थलाई कापीमा नोट गरिन् । यसरी लेख्दालेख्दै एउटा सृजनाको स्वरूप तयार भयो (उही) । अर्कातर्फ उनले सानै उमेरदेखि आफ्ना घरमा पुस्तक पत्र पत्रिका पढ्ने वातावरण पाइन् । त्यसैले गर्दा उनीभित्र सृजनप्रति रुचि पलाउँदै गयो । साथै साहित्यकार मोदनाथ प्रश्रितको सामिप्य प्राप्त हुनुले पनि उनको सृजनात्मक कार्यमा महत्त्वपूर्ण प्रेरणा प्रदान प्राप्त भयो ।

यसरी भागीरथी श्रेष्ठ आजभन्दा करिब चारदशक आगाडिबाट साहित्यमा प्रवेश गरेकी हुन् । उनले आजसम्म साहित्यका विभिन्न विधामा कलम चलाएर एउटी नारी साहित्यकारका रुपमा स्थापित छन् । आजसम्म पनि विभिन्न पत्र-पत्रिकाको साहित्यिक रचना प्रकाशित हुँदै आएका छन् । उनी पाठकहरूका बीच परिचित हुँदै गइन् । उनीभित्रको स्रष्टा व्यक्तित्व झन्-झन् बढ्दै गएको पाइन्छ । उनी आफ्ना सृजनात्मक

कार्यबाट विभिन्न साहित्यिक संघ-संस्थाहरूबाट पदक तथा पुरस्कार पाइरहेकी छन् । यसबाट उनी झन् साहित्यिक सृजनाप्रति उत्प्रेरित हुँदै गएकी छन् ।

## २.१.९ सम्मान तथा पुरस्कार

भागीरथी श्रेष्ठ सानैदेखि जुनसुकै काम गरेपनि लगनशीलतापूर्वक गर्ने र त्यसमा उच्च सफलता प्राप्त गर्न चाहने नारी हुन् । त्यसैले आफ्ना विद्यालयीय जीवनमा दौड, गीत, नृत्य आदि क्रियाकलापमा भाग लिँदा उनले विभिन्न पुरस्कार पाएकी थिइन् । उनी विद्यालयमा विद्यार्थी हुँदा राजा महेन्द्र गुल्मी जिल्ला भ्रमण गएको अवस्थामा उनले एउटा नृत्य प्रदर्शन गरिन् । सो नृत्यबाट प्रभावित भई राजा महेन्द्रले उनलाई पुरस्कारस्वरूप नगद रु. १०००/- प्रदान गरेका थिए (उही) यसबाट उनमा उच्च आकाङ्क्षा थप यस्तै पुरस्कार पाउन अग्रसर भइन् । यसरी भागीरथी श्रेष्ठ नारीका रुपमा आफ्ना पारिवारिक उत्तरदायित्व र जागिरे पेसालाई अँगालेर पनि उले नेपाली साहित्यका क्षेत्रमा लगभग ४५ वर्ष लामो यात्रामा उनले विभिन्न अवसरमा पटक-पटक गरी विभिन्न पुरस्कार तथा सम्मान पाएकी छन् जुन यसप्रकार छन् :

- ✓ लुम्बिनी अञ्चलस्तरीय साहित्यिक सम्मेलन गद्यतर्फ स्वर्ण पदक २०३२
- ✓ रत्नश्री स्वर्ण पदक २०४३
- ✓ सर्वोत्तम टेलिफिल्म पुरस्कार २०४४
- ✓ मैनाली कथा पुरस्कार २०४८
- ✓ वाङ्मय प्रज्ञा-प्रतिष्ठान पाल्पा, प्रतिभा सम्मान पत्र २०५२
- ✓ नूरगंगा प्रतिभा पुरस्कार २०५७
- ✓ राष्ट्रिय प्रतिभा पुरस्कार २०५७
- ✓ शंकर कोइराला स्मृति पुरस्कार २०५९
- ✓ कुमारी साहित्य प्रतिष्ठानबाट सम्मान २०६२

✓ पारिजात स्मृति साहित्य मितेरी सम्मान २०६२

✓ लुम्बिनी अञ्चलस्तरीय सम्मेलनमा गद्यतर्फ स्वर्ण पदक

✓ गरिमा पुरस्कार २०६४

✓ मानचित्र सञ्चार समूहबाट सम्मान २०६५

✓ निर्मलादेवी साहित्य पुरस्कार २०६५

✓ केशवलाल बाँख शित्या पुरस्कार २०६६

✓ रमेश विकल वाङ्मय पुरस्कार २०६७

(उही) ।

यसरी श्रेष्ठले नेपाली साहित्यका क्षेत्रमा योगदान पुऱ्याए वापत विभिन्न संघ-संस्था र सरकारी स्तरबाट विभिन्न पुरस्कार तथा सम्मान पाएकी छन् । यो क्रम वर्तमानसम्म जारी छ ।

## २.२ भागीरथी श्रेष्ठको व्यक्तित्व

मान्छेका व्यक्तिगत रुपमा विविध पक्षहरू हुन्छन् । यसैक्रममा भागीरथी श्रेष्ठले व्यक्तित्वलाई साहित्यक व्यक्तित्व र साहित्येतर व्यक्तित्व गरी दुई पक्षमा विभाजन गर्न सकिन्छ । साहित्यिक व्यक्तित्व उनको आन्तरिक व्यक्तित्व वा पक्ष हो त्यसैगरी साहित्येतर व्यक्तित्वमा आन्तरिक र बाह्य दुवै पर्दछन् । उनको व्यक्तित्वको सामान्य चर्चा निम्न अनुसार चर्चा गर्न सकिन्छ ।

### २.२.१ साहित्यिक व्यक्तित्व

भागीरथी श्रेष्ठको व्यक्तित्वको प्रमुख पक्ष साहित्यकार नै हो । उनले साहित्यका विविध विधामा कलम चलाएकी छन् । उनले कथा, उपन्यास, निबन्ध र कविता विधामा कलम चलाएकी छन् । उपन्यास र कथा लेखनलाई उनको उपलब्धि मान्न सकिन्छ ।

उनको समग्र साहित्यक व्यक्तित्वलाई निम्नअनुसार विभिन्न शीर्षकमा अध्ययन गर्न सकिन्छ ।

### २.२.१.१ कथाकार व्यक्तित्व

भागीरथी श्रेष्ठको सिर्जनाको मूल विधा कथालाई मान्दछिन् । उनी आफू मूलतः कथाकारकै रुपमा चिनिन मन पराउँछिन् । लेखन र प्रकाशनका दुवै दृष्टिले उनको साहित्यिक यात्रा कथा विधाबाटै आरम्भ भएको पाइन्छ । वि.सं. २०२३ मा रिडी हाईस्कूलको मुखपत्र **रुरु** मा 'प्रबल इच्छा' भन्ने कथा नै उनको पहिलो कथा हो । उनका हालसम्म छ वटा कथा सङ्ग्रहहरू प्रकाशित छन् । उनका प्रकाशित कथा सङ्ग्रहहरू क्रमशः (२०४२) **विभ्रम** (२०५०), **मोहदंश** (२०४३), **रंगीन पोखरी** (२०५०), **भूमिगत** (२०६२) र **रातो गुलाफ** (२०६६) हुन् । यी बाहेक अन्य फुटकर कथा पनि छन् ।

भागीरथी श्रेष्ठका कथामा नारी समस्यालाई मुख्य आधार बनाइएको छ । उनका कथामा सामाजिकता यथार्थवादीता र नारीवाद पाइन्छ । नारीविद्रोह, नारी सङ्घर्ष र नारीअस्मितालाई चर्को रुपमा आवाज दिएको पाइन्छ । त्यसैगरी उनका कथामा सामान्य बोलचालको भाषा साथै तद्भव, तत्सम, आगन्तुक शब्दको प्रयोग भएको पाइन्छ । उनका कथा वर्णनात्मक शैलीका छन् । त्यसकारण उनलाई आधुनिक नेपाली साहित्यमा सामाजिक यथार्थवादी कथाकार भनेर चिन्ने गरिन्छ ।

### २.२.१.२ उपन्यासकार व्यक्तित्व

भागीरथी श्रेष्ठका **मालती** र **यस्तो एउटा आकाश** उपन्यासहरू प्रकाशित भइसकेका छन् । त्यसैगरी उनको एउटा अनुदित उपन्यास **अग्निपर्व** र अर्को उनले हाल लेख्दै गरेको **ज्योति** उपन्यास पनि छन् ।

यसरी श्रेष्ठका दुईवटा प्रकाशित उपन्यास हेर्दा यी दुवै उपन्यास सामाजिक यथार्थलाई मुख्य आधार बनाएर लेखिएको छ **मालती** उपन्यास उनको प्रथम प्रकाशित उपन्यास हो । यसमा ग्रामीण नेपाली समाजलाई पृष्ठभूमि बनाएर समाजमा व्याप्त वर्गीय असमानता नारीशोषणजस्ता जल्दाबल्दा समस्याहरूलाई उपन्यासमा जस्ताको तस्तै उतार्ने

प्रयास भएको छ । त्यस्तै गरी उनले यस उपन्यासमा प्रवासी नेपालीका पीडा, वेदना, दुःख र कष्टलाई पनि चित्रण गरेकी छन् । यसमा नेपालीहरूले विदेशमा गएर विदेशी गुण्डाले गर्ने अन्याय अत्याचारहरूलाई चित्रण गरिएको छ ।

**यस्तो एउटा आकाश** उपन्यासमा पनि श्रेष्ठले मालती उपन्यासमा जस्तै सामाजिक यथार्थलाई मुख्य आधार बनाएकी छन् । यस उपन्यासमा ग्रामीण नेपाली समाजको चित्रण पाइन्छ । यसमा नेपाली समाजमा नारीले भोग्नुपरेका पीडा र व्यथालाई प्रमुखताका साथ उठाइएको छ । यो उपन्यास वैचारिक हिसाबले मनोविश्लेषणात्मक छ ।

यसरी श्रेष्ठका यी दुवै उपन्यासमा सामाजिक यथार्थता र नारी समस्यालाई बढी जोड दिइएको छ । **मालती** उपन्यासमा केही मात्रामा प्रगतिवादी विचार पाइन्छ भने **यस्तो एउटा आकाश** उपन्यासमा मनोविश्लेषणात्मक विचार पाइन्छ । त्यसकारण श्रेष्ठले उपन्यासमा प्रचलित विभिन्न वाद उपन्यासमा हुनुपर्ने धर्मितालाई आत्मसात् गर्दै उपन्यास लेखेकी हुनाले उनलाई उपन्यासकार व्यक्तित्व मान्न सकिन्छ ।

### २.२.१.३ कवयित्री र गीतकार व्यक्तित्व

भागीरथी श्रेष्ठले मूलतः आख्यानकार भए पनि उनलाई कवयित्री र गीतकार पनि भन्न सकिन्छ । उनले **मधुपर्क, रत्नश्री, अभिव्यक्ति, गरिमा** र **मिर्मिरे** जस्ता राष्ट्रियस्तरका साहित्यिक पत्र-पत्रिकामा उनका कविता तथा गीतहरू प्रकाशित भएका छन् । जसमा **त्यहाँ साँच्चै मुटु छैन** (२०२५), **स्वर्ग झैँ लाग्छ मलाई दार्जलिङ्ग** (२०२५), **विद्रोह** (२०२८), **हिमालको फेदमा सल्बलाएका कीराहरू** (२०३४), **हुर्के मेरा बालक** (२०२४), **म रणचक्डी** (२०३६), **दुलही** (२०३७), **एउटता सत्य** (२०३९), **परेवाहरू रित्तिसकेका छन्** (२०४२), **म पाकुरीको सत्य** (२०४२), **यसरी विश्वास टुक्रिन्छ** (२०४८), **रित्तो गाग्रीहरू** (२०४८), आदि उनका गीत तथा कविता हुन् (गौतम, २०५१ : ८३, ८४, ८८) ।

यिनै कविताका आधारमा भागीरथी श्रेष्ठलाई कवि व्यक्तित्व तथा गीतकार भन्न सकिन्छ । उनका कविता कृति पनि उपयुक्त विषयवस्तु बिम्बअलङ्कार, लय, एवम् संरचनापदको समुचित सन्तुलनका अभावमा शक्तिशाली बन्न सकेका छैनन् (गौतम, २०५१ : ९०) ।

### २.२.१.४ निबन्धकार व्यक्तित्व

भागीरथी श्रेष्ठ कथा, उपन्यास, कविता तथा गीत पछि उनले निबन्ध विधामा पनि कलम चलाएको पाइन्छ । साहित्यको क्षेत्रमा उनले अन्य विधामाभन्दा यस विधामा निकै कम मात्रामा कलम चलाएको पाइन्छ । उनका निबन्धहरू विभिन्न पत्र-पत्रिकामार्फत् छापिएका छन् । उनका निबन्धहरूमा **समाजमा साहित्यको भूमिका** (२०२३), **मानसरोवर यात्रा एक मीठो सम्झना** (२०२८), **भूमिका मिर्मिरे सम्पादकीय लेख** (२०३१), **आत्मविश्वासको पहिलो क्षण** (२)४८), **मेरो पहिलो विद्रोह** (२०४८), **छोराप्रतिको धारणा** (२०४८), **मेरो इच्छा अधुरै रह्यो** (२०४८), **घरबाहिर पनि भूमिकाको चाहना** (२०४८) **दाइजो र नेपाली मानसिकता** (२०४९), **मेरो बाल्यकाल अतीतको नेपथ्यबाट** (२०५०) आदि निबन्ध रहेका छन् । (उही : ८४, ८८, ८९) ।

यसरी यी निबन्धका आधारमा भागीरथी श्रेष्ठलाई निबन्धकार भन्न सकिन्छ । उनका निबन्धहरू आफ्ना विगतका घटनाहरूलाई संस्मरणबाट तयार पारिएका छन् । उनका कतिपय निबन्धहरू समाजका विषयमा आधारित छन् । उनका निबन्धमा विषयगत एवम् प्रस्तुतिमा नवीनता खासै देखिँदैन ।

यसरी भागीरथी श्रेष्ठलाई साहित्यिक व्यक्तित्वका रुपमा चिनाउने यी साहित्यका चार विधाले प्रमुख भूमिका खेलेका छन् । उनले साहित्यिका कथा, उपन्यास, निबन्ध र कविता लेखेकीले उनलाई साहित्यिक स्रष्टा व्यक्ति भनिन्छ । उनले निबन्ध, कविताहरू छिटफुट वा फुटकर रुपमा लेखे पनि सङ्ग्रहका रुपमा भने प्रकाशित भएका छैनन् । उनले कविता र निबन्धमा भन्दा कथा र उपन्यासमा निकै चर्चा पाएकी छन् । उनले कथा र उपन्यासमा सामाजिक यथार्थवादी प्रवृत्तिलाई अँगालेकी छन् । त्यसैले उनलाई सामाजिक यथार्थवादी आख्यानकार भनिन्छ ।

### २.२.२ साहित्येतर व्यक्तित्व

भागीरथी श्रेष्ठ साहित्यकार व्यक्तित्व मात्र नभएर सामाजिक सेवा लगायतका बाटोमा पनि सरिक हुने व्यक्ति हुन् । उनी समाजमा बसेर जस्तो सुकै र जोसँग पनि सजिलै घुलमिल हुन सक्छिन् । उनी अत्यन्त सहयोगी र मिलनसार व्यक्ति हुन् । उनी

जीवनको यात्रामा विभिन्न ठाउँमा गए पनि समाजको हित हुने खालका काम गरेको पाइन्छ । उनी आफ्नो जीवनमा साहित्यिक कार्यका अतिरिक्त समाजसेवा, सम्पादक, शिक्षा, प्रशासकसँग सम्बद्ध भएको पाइन्छ ।

### २.२.२.१ सम्पादक व्यक्तित्व

भागीरथी श्रेष्ठ सम्पादक व्यक्तित्वका रुपमा पनि परिचित छन् । उनले वि.सं. २०२३ मा रिडी हाईस्कूलको वार्षिक मुखपत्र **रुरु** बाट पत्रिकाको सम्पादक मण्डलमा रहेर पत्रिका सम्पादकको कार्य थालेकी थिइन् । त्यसपछि वि.सं. २०२४-०२५ मा **कस्तुरी** पत्रिकाको सम्पादक मण्डलको सदस्यका रुपमा काम गरेकी थिइन् । त्यसैगरी वि.सं. २०३१ मा नेपाल बैक्स क्लब काठमाडौंबाट प्रकाशित **मिर्मिरे** पत्रिकाको पनि सम्पादक भई काम गरेकी थिइन् । साथै उनले बुटवलबाट प्रकाशित हुने **फूलबारी** पत्रिका तथा **पाल्पाली दर्पण**की सम्पादक मण्डलको सदस्य भई काम गरेको पाइन्छ (उही : १४) ।

### २.२.२.२ समाजसेवी व्यक्तित्व

भागीरथी श्रेष्ठ समाजसेवी व्यक्तित्व पनि हुन् । सानै उमेरदेखि नै उनी आफूलाई समाजसेवी महिलाका रुपमा क्रियाशील तुल्याउँदै आएको पाइन्छ । वि.सं. २०२५ मा कुशल नृत्य प्रदर्शन गरी राजा महेन्द्रबाट नगद रु. १०००।- पाएको रकम उनले आफूले अध्ययन गरेको विद्यालयलाई अनुदानका रुपमा दिएकी थिइन् (शोधनायिकाबाट प्राप्त जानकारी) । उनी आफ्नो विद्यालयको भौतिक विकासका लागि गाउँ-गाउँमा नृत्य, गीत, नाटक प्रदर्शन गरी आर्थिक सङ्कलन गर्ने कार्यमा पनि सक्रिय भएको पाइन्छ । (गौतम, २०५१ : १५) ।

श्रेष्ठ वि.सं. २०२३ मा गुल्मी जिल्लामा सङ्गठित महिला सङ्गठनको उपाध्यक्षका रुपमा रही उक्त संघका विभिन्न कार्यक्रममा रहेर सक्रिय रुपमा सहभागी भई काम गरेकी थिइन् । वि.सं. २०२३ मा उनी **रुरु** गाउँ पञ्चायतको सदस्य भई काम गरिन् । यसै क्रममा गाउँमा सञ्चालित प्रौढ शिक्षा कार्यक्रमसँग सम्बद्ध रहेर उनले ग्रामीण प्रौढहरूलाई साक्षर बनाउनमा पनि महत्त्वपूर्ण भूमिका खेलेकी थिइन् । वि.सं. २०२४-०३५ मा उनी भैरहवामा रहँदा नारी शिल्पकलाकी सचिव भएर नारीहरूलाई जागरुक तुल्याउने जस्ता

कार्यमा पनि सक्रिय रुपमा काम गरेकी थिइन् । भैरहवामा रहँदा मोदनाथ प्रश्रित, जीवराज आश्रित र प्रदीप नेपाल जस्ता राजनैतिक नेताहरूको सम्पर्कमा थिइन्, जसले गर्दा उनी सामान्य राजनीतितर्फ झुकाव रहे पनि खासै उनी आफ्नो जीवनमा कुनै राजनैतिक क्रियाकलापसँग आबद्ध भएको पाइँदैन । उनी केवल साहित्य, सिर्जना र विभिन्न संघ-संस्थासँग मात्र आवद्ध भइन् । हाल उनी गुञ्जन पेन, लुम्बिनी संगीत कला साहित्य समाजजस्ता साहित्यिक संस्थाहरूसँग आवद्ध छन् । त्यसैले उनी समाजसेवी व्यक्तित्व बन्न पुगेकी छन् ।

### २.२.२.३ शिक्षक तथा कर्मचारी व्यक्तित्व

भागीरथी श्रेष्ठले साहित्येतर व्यक्तित्वमा सम्पादक र समाजसेवी व्यक्तित्वका अतिरिक्त उनी शिक्षक तथा कर्मचारी व्यक्तित्वको पनि निर्माण गरेकी छन् । वि.सं. २०२० देखि २०३४ सम्म स्याङ्जा हाईस्कूलमा शिक्षक भएर काम गरेकी थिइन् । त्यसैगरी वि.सं. २०३५ मा भैरहवा आएर त्यहाँको ठूटेपीपल स्कूलमा अध्यापन गरेकी हुन् । भैरहवामा त्यति लामो बसाइँ भएन । त्यसपछि काठमाडौंआएपछि वि.सं. २०३७ मा सामुदायिक सेवा समन्वय समितिमा नायव सुब्बा पदमा रही छ महिनासम्म काम गरिन् । वि.सं. २०३८ देखि २०५२ सम्म काठमाडौं तारा गाउँ विकास समितिमा स्थायी कर्मचारीका रुपमा सेवा गरिन् । हाल उनी त्यहाँ अवकाश लिएर घरमै बसेकी छन् (शोधनायिकाबाट प्राप्त जानकारी) । यसरी उनले आफ्नो जीवनमा करिब दुईदशकभन्दा बढी समय शिक्षक तथा कर्मचारी व्यक्तित्वका रुपमा रहेर सेवा गरिन् ।

महिला हुनुका नाताले भागीरथी श्रेष्ठ गृहकार्यसँग सम्बद्ध रहनु स्वाभाविकै हो । घरमा खाना बनाउने, अतिथिको सम्मान गर्ने जस्ता कार्यमा पनि उनको त्यत्तिकै रुचि छ । त्यसैले उनी कुशल गृहिणीका रुपमा यिनको व्यक्तित्व देखापर्दछ (गौतम, २०५१ : १६) ।

यसरी भागीरथी श्रेष्ठ एक कुशल शिक्षक, कर्मचारी, समाजसेवी, सम्पादक तथा सफल गृहिणीका रुपमा चिनिँदै आएकी छन् । यी व्यक्तित्वका साथसाथै उनी साहित्यका विभिन्न विधामा कलम चलाएर साहित्य सिर्जना गरेकी हुनाले उनको जीवनको सबैभन्दा महत्त्वपूर्ण पाटो साहित्यिक व्यक्तित्व नै हो ।

## परिच्छेद तीन

# कथाको संरचना र श्रेष्ठको कथा यात्रा

## ३.१ कथाको परिचय

साहित्यिक विधाको रुपमा मान्यताप्राप्त कथाको आफ्नै सैद्धान्तिक ढाँचा छ । यसको विधागत स्वरूप 'कथन' को अर्थ बहन गर्ने संस्कृतको 'कथ्' धातुमा 'अच्' प्रत्यय लागेर कथा बन्दछ । 'कथ्' मा 'टाप' को आ (कथ्+अ+आ टाप) प्रत्यय लागेर कथा शब्द निर्माण हुन्छ । कथा साहित्यको प्राचीन र लोकप्रिय विधा हो । कथाको विधागत स्वरूप भन्नाले आकार प्रकार भन्ने अर्थ हुन्छ । समय स्थान र व्यक्तित्वको मर्यादालाई पालन गरेर शैली र सीमाभित्र एक वसाइमा प्रस्तुत गर्नु, संक्षेपमा व्यक्त हुनु कथाको विधागत स्वरूप हो । कथामा युगीन परिवेश र परिवृतभित्रका अवस्थालाई वहन गरिन्छ समयको गतिशीलतासँगै छोटा-छोटा घटनाप्रधान कथाहरूले अख्यानात्मक स्वरूप प्राप्त गर्न थाले । कुशल व्यक्तिले कुशल ढङ्गबाट कुनै काल्पनिक अथवा सत्य घटनालाई अख्यानमा बाँधेर पात्रका माध्यमले श्रृङ्खलावद्ध रुपमा प्रस्तुत गर्दै जाने क्रममा कथाको जन्म हुन पुग्यो ।

## ३.२ कथाका तत्त्वहरू

साहित्यका विभिन्न विधाहरूमध्ये कथा एक लोकप्रिय विधा हो । कथाको जन्म सृष्टिको प्रारम्भदेखि नै भएको हो । यसैले आजको कथाको पूर्वरुप सृष्टि जत्तिकै पुरानो छ । कथा आफैमा स्वतन्त्र विधा भएकाले कथाको पनि आफ्नो छुट्टै विधान रहेको छ । जसरी एउटा मानव शरीर विभिन्न अंगहरूको समुच्यबाट बनेको हुन्छ त्यसैगरी सबल र सार्थक कथा पनि निश्चित आङ्गिक समुच्यबाट बनेको हुन्छ । कथामा रहनु पर्ने अव्ययहरूलाई कथाका तत्त्व भनिन्छ । कथाको निर्माणमा विभिन्न तत्त्वहरूको संयोजन हुनेगर्छ त्यसैले कथा एक यौगिक रचना हो । कथाका तत्त्वका बारेमा प्रशस्त मनमतान्तरण रहेका छन् । विद्वानहरूको कथाको तत्त्वगत विभाजनमा एकरुपता पाउन सकिदैन । इश्वर बरालले कथाका तत्त्वका वारेमा ठोस सङ्ख्या निर्धारण गर्न नसकिने प्रसङ्ग उललेख गर्दै कथाको संरचना विधान अनुरुप कथानक, क्रियाकलाप चरित्र, घटना

सङ्घर्ष, परिवेश, कौतुहल चरमोत्कर्ष र प्रभावैक्य गरी नौ वटा तत्त्व हुन सक्ने विचार व्यक्त गरेका छन् । वराल, २०५३ : ४३) । धनश्याम नेपालले कथावस्तु/कथानक, पात्र/चरित्रचित्रण, विचरतत्त्व वा सारवस्तु, परिवेश, प्रतिक र लय भाषा आदिलाई आख्यानका तत्त्व मानेको पाइन्छ (नेपाल, १९८७ : ४-५) । दयाराम श्रेष्ठले कथाको सैद्धान्तिक अध्ययनकाक्रममा कथानक, दृष्टिकोण, सारवस्तु, कार्यपीठिका, गति, प्रतिक र विम्ब, भावपरिमण्डल, पात्र, रुपविन्यास आदिलाई कथाका तत्त्वका रुपमा प्रस्तुत गरेका छन् (श्रेष्ठ, २०३९ : २९-२५९) मोहनराज शर्माले कथाका तत्त्वलाई स्थूल र सूक्ष्म गरी दुई वर्गमा वर्गीकरण गरेर स्थुल भेद अन्तर्गत कथानक, चरित्र, परिवेश र सूक्ष्मभेद अन्तर्गत विषयसूत्र, भाषाशैली, उद्देश्य र दृष्टिबिन्दु आदि तत्त्वको उल्लेख गरेका छन् (शर्मा, २०३५ : २०) । विभिन्न विद्वानहरूको कथाको तत्त्व विभाजनलाई अध्ययन गर्दा समग्ररुपमा कथाका उपकरणहरूलाई यसप्रकार देखाउन सकिन्छ ।

क) कथानक /कथावस्तु

ख) पात्र/चरित्रचित्रण

ग) परिवेश

घ) दृष्टिविन्दु

ङ) विचारतत्त्व/सारवस्तु

च) भाषाशैली

छ) उद्देश्य

### ३.२.१ कथानक वा कथावस्तु

कथाको संरचना अन्तर्गत विचारको बीजलाई काल्पनिक कथा र पात्र बीचको अन्योन्य क्रियाद्वारा विस्तार गरी तयार पारिएको कलागत मूल्यलाई कथानक भनिन्छ (नेपाली कथा भाग ४ : २१०) यो रैखिक र वृत्ताकारीय गरी दुई प्रकारको हुन्छ । रैखिक प्रकारको कथानक ढाँचामा प्रारम्भ, मध्य र अन्त्यको क्रममा सम्पूर्ण कथावस्तुको संरचना

निर्माण गरिएको हुन्छ भने वृताकारीय ढाँचामा आख्यानको मूल विन्दुवरपर विचार वा भावलाई केन्द्रीभूत गरी कथावस्तुको संरचना तयार पारिएको हुन्छ । कथावस्तुले पाठकलाई जिज्ञासा तथा उत्कृष्ट कौतुहलता जन्माउन सक्नुपर्छ पाठकको मनोभावनालाई व्यूँझाउन सक्ने र प्रभावकारी ढंगमा पाठकलाई आफूतिर तान्न सक्ने क्षमता कथावस्तुमा रहेको हुन्छ । कथामा कथानक सबैभन्दा महत्त्वपूर्ण तत्त्व हो । यसैका आधारमा चरित्र, परिवेश आदि चयन गरिन्छ र सम्पूर्ण कथाको रचना हुन्छ (बराल, एटम, २०६७ : ३) कथावस्तु भन्नु नै स्वयम् कथाकारको विचार धारणा वा अनुभूतिको मूर्त अभिव्यक्ति वा प्रस्तुति हो । त्यसैले कथाको मूल्य निर्धारण कथावस्तुले नै गर्दछ । यसको अभावमा कुनै पनि कथा निर्जीव बन्दछ ।

### ३.२.२ चरित्रचित्रण

कथाका विभिन्न तत्त्वहरूमध्ये चरित्र चित्रण एक प्रमुख तत्त्व हो । चरित्रलाई अर्को शब्दमा पात्र पनि भनिन्छ । पात्रहरूले नै कथालाई उर्जा प्रदान गर्ने भएकाले यो अङ्गविना कथाको संरचनाको कल्पना नै गर्न सकिदैन । कथामा चरित्रको सम्बन्ध कथानक कथावस्तु र विचारतत्त्वका साथै परिवेश तथा संवाद सँग हुन्छ (पौडेल, २०६५ : १३) कथामा पात्रको सम्पूर्ण व्यक्तित्वको आभाष दिने चरित्रको चित्रण गरिएको हुन्छ । कथा छोटो रचना भएकाले यसमा पात्रका सम्पूर्ण क्रियाकलापको चित्रण सम्भव हुदैन तसर्थ कथामा पात्रका व्यक्तित्वको एक विशेष पक्षको चित्रण गरिएको हुन्छ र त्यसैका माध्यमबाट उसको चरित्रको मुख्य विशेषता देखाइएको हुन्छ । कथामा प्रतिनिधिमूलक र वैयक्तिक गरी दुई थरी चरित्रको चित्रण सम्भव छ । समाजका कुनै वर्ग वा समूहको प्रतिनिधित्व गर्ने चरित्रलाई प्रतिनिधिमूलक र नितान्त व्यक्तिगत र कुनै वर्गको प्रतिनिधित्व नगर्ने चरित्रलाई वैयक्तिक चरित्र भनिन्छ । खास गरी सामाजिक कथाको चरित्र चित्रण प्रतिनिधिमूलक र मनोवैज्ञानिक कथाको चरित्र चित्रण वैयक्तिक किसिमको हुन्छ । स्वभावका दृष्टिले पनि कथामा स्थिर र गतिशील गरी दुइथरी पात्रको चित्रण संभव छ । जुन पात्रको स्वभाव शुरुदेखि अन्तसम्म एकैनासको हुन्छ त्यो स्थिर स्वभाव भएको पात्र भनिन्छ भने कथाको प्रारम्भ मा जस्ता थिए कथाको अन्तसम्ममा परिवर्तन भइ वेग्लै बनी देखा पर्छन भने त्यस्ता पात्रलाई गतिशील पात्र भनिन्छ । कथामा कथाकारले चरित्र चित्रणका लागि

विश्लेषणात्मक र नाटकीय शैलीमध्ये कुनै एउटाको उपयोग गरेको हुन्छ । विश्लेषणात्मक शैलीको प्रयोग गरिएको कथामा कथाकार स्वयंले पात्रका चरित्रको विश्लेषण गरेको हुन्छ भने नाटकीय शैलीको प्रयोग गरिएको कथामा पात्रको क्रियाकलाप र संवादका माध्यमबाट उसका चरित्रको उद्घाटन स्वयं भइरहेको हुन्छ (आचार्य अवस्थी, गौतम, २०६५ : घ, ङ) ।

### ३.२.३ परिवेश

कथामा पात्रहरुले कार्य गर्ने र घटनाहरु घटने समय ठाउँ तथा वातावरणलाई परिवेश भनिन्छ । यस अन्तर्गत समय विशेष वा स्थान विशेषको चाल चलन रितिस्थिति, आचार, भेषभूषा, सोचाई, अनुभव, रहनसहन आदि पर्दछन् । कथामा उपर्युक्त कुराहरु बढी र महत्वपूर्ण भएका छन् भने स्थानीय रङ्गको सृजना हुन्छ र कथा आञ्चलिक वन्छ ।

### ३.२.४ दृष्टिबिन्दु

कथामा कथयिताले कथावाचनका लागि उभिनलाई रोजेको ठाउँ नै दृष्टिबिन्दु हो । कथामा पात्रको स्थिति कस्तो छ अर्थात त्यो पात्र कुन भूमिका कस्तो रुपमा आएर वरण गर्छ भन्ने कुरालाई दृष्टिबिन्दुले सङ्केत गर्दछ । कल्पना गरेको पात्रलाई कुन स्थानमा राखेर कथा वस्तुलाई ठोस आकार दिने भन्ने कथाकारको विचार अनुरुप कथामा दृष्टि बिन्दुको प्रयोग गर्ने भन्ने कुरा हुन्छ । दृष्टिबिन्दुको प्रयोगले कथामा प्रयुक्त कार्यव्यापार, चरित्रचित्रण सारवस्तु आदिमा सजीवता आउँछ (ज्ञवाली २०६३: २७, २८) । दृष्टिबिन्दु दुई प्रकारका हुन्छन् ।

क) आन्तरिक दृष्टिबिन्दु

ख) बाह्य दृष्टिबिन्दु

### (क) आन्तरिक दृष्टिबिन्दु

कथामा दृष्टिबिन्दु पात्र प्रथम पुरुषको रुपमा रहेमा आन्तरिक दृष्टिबिन्दु हुन्छ । आन्तरिक दृष्टिबिन्दु पनि केन्द्रीय र परिधीय गरी दुई किसिमको हुन्छ । स्वयं कथाकार वा अरू कुनै पात्र 'म' र 'हामी' को रुपमा मुख्य पात्र रही त्यस पात्रको आन्तरिक स्थितिको

चित्रण सूक्ष्मताका साथ प्रस्तुत भएमा आन्तरिक केन्द्रीय दृष्टिबिन्दु हुन्छ भने 'म' पात्रको स्थान गौण या तटस्थ भइ मुख्य कथाको केन्द्र अर्कै पात्र रहेमा आन्तरिक परिधीय दृष्टिबिन्दु हुन्छ ।

### (ख) बाह्य दृष्टिबिन्दु

कुनै कथामा दृष्टिबिन्दु पात्र तृतीय पुरुषमा रहँदा बाह्य दृष्टिबिन्दु हुन्छ । यसका सीमित, सर्वदर्शी र वस्तु परक गरी तीनप्रकारहरू छन् । सीमित दृष्टिबिन्दुमा एउटा पात्रको मात्र मानसिक संसारको विचरण गरिएको हुन्छ । बाह्य सर्वदर्शी दृष्टिबिन्दुमा सबै पात्रका भावना, विचार र प्रतिक्रिया समाविष्ट भएका हुन्छन् । बाह्य वस्तुपरक दृष्टिबिन्दुमा कुनै पात्रको पनि मानसिक संसारको विचरण नगरी कथाको सारवस्तुलाई स्पष्ट पार्न खोजिएको हुन्छ (ज्ञवाली, २०६३ : २७, २८) ।

### ३.२.५ विचारतत्त्व/सारवस्तु

कथामा समाविष्ट रहने केन्द्रीय वा आधारभूत विचारलाई सारवस्तु भनिन्छ । अर्थात कुनै कथाकृति पढिसके पछि समग्रमा हामी त्यसमा जुन भावार्थ वा अभिप्राय पाउँदछौं त्यही नै सारवस्तु हो । यसले नै लेखकको जीवनको दर्शनको भार पनि वहन गरेको हुन्छ । त्यसैले सारवस्तुमा नै पात्रहरूले पौडिने र खेल्ने स्वतन्त्रता प्राप्त गर्दछन् । कथामा सारवस्तु मानव शरीरको रक्तसञ्चार प्रणालीकै सर्वव्याप्त हुन्छ । कथामा विचारतत्त्वलाई केन्द्रमा राखेर नै संरचनात्मक स्वरूपको निर्माण गरिन्छ । कथाकारले आफूले अवलम्बन गरेको जीवन दृष्टिअनुरुप वैचारिक पक्षको प्रस्तुतिमा विशेष जोड दिने गर्दछ कथामा प्रस्तुत गरिएको समग्र वैचारिक पक्षको निचोड नै सारवस्तु हो (पौडेल, २०६५ : १७) । कुनै पनि साहित्यको लेखकले पाठक वर्गसँग सम्वन्ध स्थापना गर्नका लागि आफ्ना कृतिहरूमा कुनै न कुनै विचार दृष्टिकोण वा भावलाई विधाको स्वरूप हेरेर प्रस्तुत गर्दछ । मूलतः आख्यानात्मक कृतिहरूमा यस्ता भाव विचार वा दृष्टिकोणहरूलाई कथानक र पात्रको संयोजन गरी कलात्मक पारामा व्यक्त गरिएको हुन्छ ।

### ३.२.६ भाषाशैली

भाषा कुनै वस्तुको आवरण हो भने त्यस आवरणको प्रकार नै शैली हो । विचारलाई अभिव्यक्त गर्ने माध्यम भाषा हो र भाषालाई अभिव्यक्त गर्ने विभिन्न ढाँचा तरीका र पद्धति नै शैली हो । भाषा अभिव्यक्तिको अनिवार्य माध्यम हुनाले साहित्यमा हुने कलात्मक अभिव्यक्तिको माध्यम पनि भाषा नै हो । कथामा प्रतीकात्मक तथा विम्बात्मक भाषाको प्रयोग अनावश्यक उल्झन र जटिलता निर्माण गर्ने उद्देश्यले नभई विचारको सहज सम्प्रेषणका लागि हुनु आवश्यक छ । (उही : २३) कथा गद्य भाषामा लेखिन्छ । यसमा क्लिष्ट र दरूह भाषा नभएर सरल र सहज भाषाको प्रयोग गरिनु पर्छ । कथाको भाषा बोलचालको भाषाको निकट हुनु राम्रो हुन्छ ।

### ३.२.७ उद्देश्य

कथाकारले कथा जुन प्रयोजनका लागि लेखेको हुन्छ त्यसलाई कथाको उद्देश्य भनिन्छ । उद्देश्य मूलतः 'किन' भन्ने पक्षसँग सम्बन्धित छ अर्थात कथाकारले भावकलाई के कस्तो सन्देश दिन खोजेको छ भन्ने जानकारी उद्देश्यबाट प्राप्त हुन्छ । कथाको मुख्य उद्देश्य शिक्षा दिनु, मनोरञ्जन दिनु, यथार्थ प्रकट गर्नु आदि हुन् । अहिले कथाहरूको मुख्य उद्देश्य कुनै पात्र विशेषको माध्यमबाट वर्तमान समाजको यथार्थको चित्रण गर्नु रहेको पाइन्छ ।

### ३.२.८ अन्य संरचक तत्त्वहरू

कथानक/कथावस्तु, पात्र/चरित्रचित्रण, दृष्टिबिन्दु, विचारतत्त्व/सारवस्तु, भाषाशैली, परिवेश, उद्देश्य बाहेक कथोपकथन/संवाद, प्रतिक र विम्ब आदि कथाका अन्य संरचक तत्त्वका रुपमा उल्लेख गर्न सकिन्छ । माथि चर्चा गरिएका सातवटा तत्त्वबाहेक अन्य संरचक तत्त्व कथा निर्माणका लागि अनिवार्य होइनन् । कथाका यी तत्त्वहरू नहुदाँ पनि कथा लेख्न सकिन्छ तर यो गौण तत्त्व पनि कुनै न कुनै रुपमा कथाका मुख्य तत्त्वहरू

भित्र रहेका हुन्छन् । त्यसैले ती गौण तत्त्वको बारेमा पनि संक्षिप्त परिचय निम्नानुसार दिइएको छ ।

संवाद कथालाई नाटकीय रुपमा अगाडी बढाउने तत्त्व हो । पात्रका विचमा संवाद गराएर कथाकारले कथालाई अगाडि बढाएको हुन्छ । कथामा संवाद शुरुदेखि अन्त्यसम्म पनि हुनसक्छ र आंशिक रुपमा पनि हनुसक्छ । विम्ब भनेको मीठो भाषा हो र एउटा निश्चित रुपाकृतिभित्र दुरुस्त एवम् चित्रकला सादृश दृश्यलाई उभ्याइदिन्छ जसले गर्दा कथा रोचक बन्दछ । सोभ्रो अर्थ नबुभ्राएर त्यसभनदा निकै परको अर्थ बुभ्राउँछ भने त्यस्तो वस्तु वा घटनालाई प्रतिक भनिन्छ । धेरै शब्द खर्च गरेर भन्नुपर्ने कुरालाई थोरै शब्दमा मीठोसँग भन्न सकिन्छ । प्रतिक परल सप्रेष्य र बोधगम्य हुनुपर्छ । कथालाई उच्चकोटिको र पाठक समक्ष सहज रुपमा सम्प्रेषण गर्न तथा प्रभावकारी बनाउन यिनको सकारात्मक भूमिका रहेको हुन्छ ।

## ३.२.९ निष्कर्ष

कथा एक यौगिक रचना हो जुन विभिन्न अव्ययद्वारा सिङ्गो आकृति भएको कथा निर्माण हुन्छ । कथा वास्तवमा विचार तथा भावना संचार गर्ने एउटा यस्तो कला हो जसले आफ्नो सानो आयतनलाई सुन्दर आकार प्रदान गरेर त्यसमा जीवन वा समाजको सजीव चित्र कोर्दछ । कथा बन्नको लागि निश्चित अङ्गहरू हुन्छन् तिनको उचित संयोजनबाट पूर्ण भयो भने कथाको रचना हुन पुग्दछ । वास्तवमा कथाको बनोटलाई नै रचनाविधान भनेर व्याख्या गरिएको छ । जसलाई साहित्यशास्त्रीहरूले कथाका तत्त्व अथवा उपकरण भनेका छन् । तीनै वस्तु नै आज कथाका संरचना र रुपविन्यास भएर व्याख्यायित हुन पुगेका छन् । कथाको स्थुल पक्षलाई संरचना तथा आन्तरिक तत्त्व भनिन्छ । हिजोका साहित्यशास्त्रीले पनि कथाको यस्तै बनोटलाई नै कथाको तत्त्व मानेको पाइन्छ । उनीहरूले पनि कथामा कथात्मकता अनिवार्य रुपमा सञ्चित हुनुपर्दछ संक्षिप्तता

र कलात्मकता हुनैपर्दछ भनेका थिए आज पनि त्यही भनिदैछ केवल भनाइको ढाँचामा मात्र फरक देखिएको छ ।

## ३.३ कथाकार भागीरथी श्रेष्ठको कथायात्राको अध्ययन

### ३.३.१ भागीरथी श्रेष्ठको साहित्यिक यात्रा

नेपाली साहित्यको आख्यान विधामा कथाकार भागीरथी श्रेष्ठको महत्त्वपूर्ण योगदान रहेको छ । वि.सं. २०२३ मा रिडी हाईस्कूलको मुखपत्र **रुरु** पत्रिकामा प्रकाशित 'प्रबल इच्छा' कथा नै भागीरथीको प्रथम प्रकाशित कथा हो । यसैबाट उनको औपचारिक साहित्य यात्राको आरम्भ भएको पाइन्छ । वि.सं. २०२३ सालदेखि हालसम्म चारदशक लामो साहित्य साधनमा निरन्तररुपमा लागिपरेकी कथाकार श्रेष्ठका ९ वटा पुस्तकाकार कृतिका साथै थुप्रै फुटकर रचनाहरू उपलब्ध छन् ।

भागीरथी श्रेष्ठले चारदशक लामो आफ्नो साहित्यिक यात्राका क्रममा कथा, उपन्यास, निबन्ध र कविताजस्ता विधामा कलम चलाउँदै आएकी छन् । हालसम्म भागीरथीका 'मालती' (२०३४), 'यस्तो एउटा आकाश' (२०४६) उपन्यास र 'क्रमशः' (२०४३), 'मोहदंश' (२०४३), 'विभ्रम' (२०५०), 'रङ्गीन पोखरी' (२०५०), 'भूमिगत' (२०६२), 'रातो गुलाफ' (२०६६) समेत ६ वटा कथा सङ्ग्रह प्रकाशित भएका छन् । यी बाहेक उनका कतिपय कथा निबन्ध तथा कविता र गीति रचना पनि विभिन्न पत्र-पत्रिकामा प्रकाशित भएका छन् ।

### ३.३.२ भागीरथी श्रेष्ठका कथायात्राको चरण विभाजनका आधार

भागीरथी श्रेष्ठ विषयगत रुपमा नारीवादी कथाकार हुन् यिनले सर्वप्रथम वि.सं. २०२३ मा **रुरु** पत्रिकामा 'प्रबल इच्छा' कथा प्रकाशित गरेर कथालेखनमा यात्रारत भई प्रकाशनका दृष्टिले यो क्रम हालसम्म पनि कायम रहेको छ । श्रेष्ठको कथालेखनक्रम करिब चार दशक लामो रहे तापनि यसमा निरन्तर गतिशीलता नभएको तथ्य यिनकै कथाहरूले स्पष्ट पारेका छन् । यस्तो हुनुमा यिनको पारिवारिक व्यस्तता र तात्कालीन सामाजिक परिवेश एवं वातावरणले अहं भूमिका खेलेको पाइन्छ ।

कथा लेखन र प्रकाशनको विखण्डित अनुक्रममा विकसित श्रेष्ठका कथा विकासक्रमलाई निश्चित कालावधिको मापदण्ड बनाइ चरणगत वर्गीकरण गर्न जटिल र कठिन छ तापनि यस सम्बन्धमा अध्ययन गर्दा यिनको कथा लेखनको प्रारम्भ र विकासको अन्योन्य सम्बन्ध, कथालेखन र प्रकाशनको समयान्तराल, उनका कथाहरूमा पाइने मूलभूत प्रवृतिहरूको विकास, कथामा आएको परिष्कृत र उनका कथाले पारेको राजनैतिक प्रभावको समेत अध्ययन गर्दा तिनको आधारमा श्रेष्ठको कथा विकासक्रमलाई मूलतः तीन चरणमा वर्गीकरण गर्न सकिन्छ ।

क) प्रथम चरण (२०२३ देखि २०४२ सम्म)

ख) द्वितीय चरण (२०४३ देखि २०५१ सम्म)

ग) तृतीय चरण (२०५२ देखि हालसम्म)

### ३.३.२.१ प्रथम चरण (२०२३-२०४२)

वि.सं. २०२३ मा **रुरु** पत्रिकामा प्रकाशित 'प्रबल इच्छा' कथाबाट भागीरथी श्रेष्ठको कथायात्राको औपचारिक आरम्भ भएको हो । यस अघि उनले केही गीत र एकाङ्कीहरू लेखेर सिर्जनाको पूर्वाभ्यास गरेकी थिइन । त्यसैले वि.सं. २०२३ सालमा प्रकाशित 'प्रबल इच्छा' कथालाई भागीरथीको सिर्जना यात्राको आरम्भ विन्दु ठानी २०२३ देखि २०४२ सम्मको समयावधिलाई उनको साहित्यिक यात्राको प्रथम चरण मान्न सकिन्छ । ६ वटा कथासङ्ग्रह प्रकाशित गरेकी कथाकार श्रेष्ठका यस चरणमा फुटकर कथा मात्र प्रकाशित रहेका छन् । एउटा उपन्यास प्रकाशित भएको छ । यस चरणलाई भागीरथी श्रेष्ठको आभ्यासिक चरण पनि भन्न सकिन्छ । यस चरणमा प्रकाशित उनका रचनाहरू यस प्रकार छन् ।

**कथाहरू**

क) प्रबल इच्छा (२०२३)

ख) निष्फल साहस (२०२५)

ग)	काँडाको बाटोमा गुलाबको अस्तित्त्व (२०३१)

घ)	फरिया (२०३५)

ङ)	हाटबजार जाँदा (२०३५)

च)	बाँच्नु मर्नुको परिधिभित्र (२०३७)

छ)	समर्पण (२०३८)

ज)	आत्मसन्तुष्टि (२०३८)

झ)	असमानता (२०३९)

भागीरथी श्रेष्ठको कथा यात्राको प्रथम चरण (२०२३-२०४२) मा नौ वटा कथा ६ वटा कविता र एउटा गीत ताथ २ वटा निबन्ध एउटा उपन्यास गरी १८ वटा फुटकर रचना प्रस्तुत गरेकी छन् । यिनका यस चरणमा प्रकाशित ‘समर्पण’ (२०३८), ‘आत्मसन्तुष्टि’ (२०३८), ‘असमानता’ (२०३९), समेत तीनवटा कथाहरू ‘क्रमशः (२०४३ कथासङ्ग्रहमा सङ्कलित भएका छन् तापनि यी कथाहरू २०४२ अघि नै विभिन्न पत्रपत्रिकामा प्रकाशित भइसकेका थिए । त्यसैले यी कथाहरूलाई प्रथम चरणकै रचना मान्न सकिन्छ । भागीरथीको कथा यात्राको प्रथम चरणका उपयुक्त कथाहरूको प्रकाशन स्थितिलाई हेर्दा वि.सं. २०२३ देखि २०३३ सम्मको एक दशकमा उनले केवल तीनवटा कथा मात्र प्रकाशन गरेको देखिन्छ ।

वि.सं. २०२३ देखि २०३३ सम्मको एक दशकमा भागीरथीले सिर्जनाका क्षेत्रमा खासै योगदान दिन सकिनन् । यस समयमा उनी विद्यार्थी जीवन रहेकाले साहित्य सिर्जना भन्दा आफ्नो पढाइलाई केन्द्रविन्दु बनाउन परेकाले उनमा सिर्जनात्मक क्रियाशिलता त्यति देखिदैन । २०२६ सालमा आइ.ए. उर्त्तीण गरेकी श्रेष्ठको त्यही सालमा विवाह पनि भयो । विवाहपछि श्रीमानको जागिरका सिलसिलामा काठमाडौं बाहिरका जिल्लाहरूमा बसनु परेकाले पनि उनको साहित्य सिर्जनाको प्रवाह रोकिन पुगेको देखिन्छ । २०३४ सालमा श्रीमानसँग स्याङ्जाबाट भैरहवा आइन त्यहाँ उनको मोदनाथ पश्रित प्रदिप नेपाल जस्ता

साहित्यकारसँग सामिप्यता बढ्यो यसले गर्दा उनमा रहेको सिर्जनाप्रतिको चेतना पुनः जागृत हुन थाल्यो । २०३६ देखि काठमाडौं आई स्थायी रुपमा बसोवास गर्न थालेपछि काठमाडौंको साहित्यिक वातावरणमा विस्तारै घुलमिल हुदै जानुले उनमा सिर्जनाप्रतिको चासो तुलनात्मक रुपमा क्रमशः बढ्दै गएको देखिन्छ । यस चरणमा भागीरथीले कथा, कविता, निबन्ध र उपन्यास समेत चारवटा विधामा कलम चलाए तापनि उनी खासगरी आख्यान रचनामै बढि केन्द्रीत भएको देखिन्छ । भागीरथीको यस चरणमा प्रकाशित एउटै मात्र पुस्तकाकार कृति 'मालती' (२०३४), उपन्यास हो र यसैलाई उनको यस चरणको प्रतिनिधि रचना पनि मान्न सकिन्छ ।

### ३.३.२.२ द्वितीय चरण (२०४३-२०५१)

वि.सं. २०३६ मा भागीरथी श्रेष्ठ काठमाडौंमा स्थायी रुपमा बसोबास गर्न थालेपछि यहाँको साहित्यिक वातावरणले उनलाई सिर्जनामा झन उत्प्रेरित गर्न थाल्यो । २०३८ मा तारा गाउँ विकास समितिमा स्थायी जागिरे भइन । यही समयमा उनको विजय मल्ल, पारिजात जस्ता नेपाली साहित्यका मूर्धन्य लेखकहरूसँगको सामिप्यताले उनी साहित्य साधनामा दत्तचित्त भएर लागेको देखिन्छ ।

२०३६ पछि एकातिर भागीरथीको सिर्जनामा निरन्तरता दखोपर्न थाल्छ भने अर्कारित 'मधुपर्क', 'गरिमा', 'रत्नश्री', 'अभिव्यक्ति', 'मिर्मिरे' जस्ता राष्ट्रिय स्तरका साहित्यिक पत्र पत्रिकामा उनका रचनाहरू प्रकाशित हुँदै जान थाल्छन् । यसै क्रममा वि.सं. २०४३ मा उनी आफ्नो उत्कृष्ट कथा सिर्जनाका निम्ति 'रत्नश्री स्वर्ण पदक'द्वारा सम्मानित भइन । त्यस्तै वि.सं. २०४४ मा उनलाई 'सर्वोत्तम टेलिफिल्म' पुरस्कार प्राप्त भयो । वि.सं. २०४८ मा उनी 'मैनाली कथा पुरस्कार' बाट सम्मानित भइन । यसप्रकार आफ्ना उत्कृष्ट सिर्जनाका निम्ति विभिन्न किसिमका पदक तथा पुरस्कार प्राप्त हुदै गएबाट उनी भित्रको स्रष्टा सिजृनामा अझ बढी उत्प्रेरित हुदै गयो । त्यसैले भागीरथीले प्रथम चरणका तुलनामा सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिकोणले थुप्रै रचनाहरू प्रस्तुत गरेको देखिन्छ । उनका यस चरणका प्रकाशित कृतिहरू यस प्रकार रहेका छन् ।

**कथाहरू**

क)	क्रमशः (कथासङ्ग्रह, २०४३)

ख)	मोहदंश (कथासङ्ग्रह, २०४३)

ग)	विभ्रम (कथासङ्ग्रह, २०५०)

घ)	रङ्गीन पोखरी (कथासङ्ग्रह, २०५०)

**सङ्ग्रहमा नपरेका कथाहरू**

क)	रातको अन्त्यपछि (२०४५)

ख)	स्थिति (२०४६)

ग)	जाल (२०५६)

घ)	एक कप चिया (२०४७)

ङ)	दुवोको माला उन्दाको रहर (२०४८)

च)	ओझेल परेका किरणहरू (२०४९)

छ)	मन्दिरा (२०४९)

ज)	निर्णय (२०५०)

झ)	स्वार्थी (२०५०)

भागीरथी श्रेष्ठको साहित्यिक यात्राको दोस्रो चरणलाई उनको विकास चरणका रुपमा पनि लिन सकिन्छ यस चरणमा उनका चार वटा कथासङ्ग्रह एउटा उपन्यास समेत गरी ५ वटा पुस्तकाकार कृति प्रकाशित छन् भने । यसै चरणमा उनले कविता गीत, निबन्ध जस्ता साहित्यिक विधामा पनि कलम चलाएकी छन् । यो चरण सिर्जनात्मक निरन्तरता तथा सङ्ख्यात्मक एवम् गुणात्मक रचनाका दृष्टिले पनि उपलब्धिपूर्ण रहेको देखिन्छ । यस अवधिमा भागीरथीले अरू विधामा कलम चलाए पनि यी विधामा उनको

उपस्थिति मात्र रहेको छ । यस चरणमा भागीरथीले कथा विधालाई नै विशेष निरन्तरता दिएको देखिन्छ । प्रथम चरणमा नियमित पढाइ, लेखाइ वैवाहिक जीवनको प्रारम्भ, बसाइको अनिश्चितता, साहित्यिक वातावरणको अभाव जस्ता कारणले खास गतिशील बन्न नसकेको श्रेष्ठको सिर्जना यात्रा यस चरणमा आइपुग्दा उनले पाएको अपेक्षाकृत उपयुक्त साहित्यिक वातावरण, बसाइको निश्चितता आफ्ना उत्कृष्ट रचनाका लागि विभिन्न पदक तथा पुरस्कारले गर्दा उनको सिर्जना यात्रा यस चरणमा बढी गतिशील, परिष्कृत एवम् प्राप्तिपूर्ण समेत बन्दै गरेको छ ।

### ३.३.२.३ तेस्रो चरण (२०५२-हालसम्म)

कथाकार भागीरथी श्रेष्ठको कथायात्राको तेस्रो चरणको आरम्भ २०५२ सालदेखि आरम्भ भइ हालसम्म पनि यसको निरन्तरता जारी रहेको छ । यस चरणमा कथाकार श्रेष्ठका कथासङ्ग्रह मात्र प्रकाशित भएका छन् । कथाहरूको गुणस्तरीयता भाषाशैलीमा आएको मोहकता र विशेष खालको कथानक बोकेका कथाहरू यस चरणमा प्रकाशित उनका कथासङ्ग्रहमा रहेका छन् । राजनैतिक उतार चढावको प्रभाव पनि कथाकार श्रेष्ठका यस चरणका कथाहरूमा पाइन्छ सङ्ख्यात्मक दृष्टिकोणले दोस्रो चरणमा भन्दा थोरै कथा प्रकाशित भए पनि गुणात्मक र परिष्कृत कथाहरू यस चरणमा आएका छन् । कथाकार श्रेष्ठको कथा यात्राको अध्ययन गर्दा यो चरण उनको परिष्कृत एवम् उत्कर्ष कालका रुपमा पनि रहेको देखिन्छ । यस चरणमा प्रकाशित उनका रचनाहरू यस प्रकार रहेका छन् ।

**कथाहरू**

क) भूमिगत (कथासङ्ग्रह, २०६२)

ख) रातो गुलाफ (कथासङ्ग्रह, २०६६)

कथाकार भागीरथी श्रेष्ठको तृतीय चरण उनको कथायत्राको उत्कर्ष काल हो । यस चरणमा उनका दुइवटा कथासङ्ग्रह र एउटा बालकथासङ्ग्रह प्रकाशित भएका छन् । सङ्ख्याका दृष्टिले दोस्रो चरणमा भन्दा थोरै कथा प्रकाशनमा आए पनि गुणात्मक दृष्टिले

यस चरणका कथा परिष्कृत तथा उत्कृष्ट छन् । २०४६ र २०६१-६२ सालको राजनैतिक परिवर्तनको प्रतिबिम्व उनका यस चरणका कथाहरूमा पाइन्छ । 'भूमिगत' कथासङ्ग्रह उनको यसै चरणमा प्रकाशित भएको हो । यस चरणका कथाहरूमा प्रजातान्त्रिक आन्दोलनलाई पृष्ठभूमि बनाएर लेखिएका छन् भने राजनैतिक विकृति, नेताहरूको चरित्र र विसंगतिलाई व्यङ्ग्य गरेका छन् । दोस्रो चरणका कथाहरूको तुलनामा यस चरणका कथामा लेखनशैलीको प्रौढता र परिपक्वतामा गम्भीर गति छ । त्यसैले श्रेष्ठ कथा यात्राको यो चरणमा पनि विविध साहित्यिक पुरस्कारले सम्मानित भएकी छन् । उनको सिर्जनायात्रा यस चरणमा पूर्ण निखारता गतिशीलता एवं प्राप्तिपूर्ण बन्दै गएको छ भने उनका अझ परिष्कृत एवं उच्चकोटिका साहित्यिक रचना नेपाली भाषा साहित्यका क्षेत्रमा आउने अपेक्षा पनि गर्न सकिन्छ ।

## ३.४ निष्कर्ष

२०३३ सालदेखि शुरु भएको भागीरथी श्रेष्ठको कथा यात्रा आजको अवस्थामा आइपुगेको छ । हालसम्म उनका ६ वटा कथासङ्ग्रहको प्रकाशन भइसकेको छ । श्रेष्ठको कथायात्रालाई ३ वटा चरणमा विभाजन गरिएको छ । उनको लेखनशैलीको प्रौढता, कथाको सङ्ख्या, कथागत प्रवृति र उनको कथालेखनमा परेको राजैनतिक प्रभाव आदिलाई आधार मानेर उनको कथायात्रालाई चरण विभाजन गरिएको छ । प्रथम चरण (२०२३-२०४२) कथा लेखन शुरु भएदेखि सङ्ग्रहको प्रकाशन हुनुभन्दा अघिको समय हो । यस चरणमा भागीरथीले अग्रज कथाकारहरूका कथाहरूको अध्ययन गर्दै र आफु पनि साधनामा तल्लीन रहेको समय हो । उनको प्रथम चरणमा लेखिएका कथाहरूमा भाषिक त्रुटी क्षीण कथानक रहेको देखिन्छ । प्रथम चरणमा लेखिएका श्रेष्ठका कथाहरू सामान्य, सरल, थोरै र पाठकलाई आकर्षण गर्न सक्ने खालका रहेका छन् । प्रथम चरणलाई श्रेष्ठको कथालेखनको प्रारम्भकाल अथवा आभ्यासिककाल भन्न सकिन्छ । द्वितिय चरण (२०४३-२०५१) श्रेष्ठका ४ वटा कथा सङ्ग्रहहरूको प्रकाशन हुन्छ । दोस्रो चरणमा उनका धेरै साहित्यिक रचनाको प्रकाशन भएको छ त्यसैले दोस्रो चरणलाई उनको कथायात्राको विकासकाल अथवा उत्थान काल भन्न सकिन्छ । प्रथम चरणका तुलनामा दोस्रो चरणका कथामा सतरीयता परिपक्वता, शुद्धता सम्प्रेषणीयता अधिक रहेको देखिन्छ । कथामा

देखिएको स्तरीयता परिपक्वता, शुद्धता र सम्प्रेषणीयता नै श्रेष्ठको कथायात्राको दोस्रो चरण शुरुवात गर्ने मापदण्ड अथवा आधारभूमि हुन् । तृतीय चरण (२०५२-हालसम्म) मा श्रेष्ठको कथा लेखनमा प्रवृतिगत भिन्नता देखा परेको छ । सामाजिक यथार्थवादी कथा लेख्ने श्रेष्ठले तेस्रो चरणमा सामाजिक यथार्थवादी कथाका साथै राजनैतिक चेत भएका कथा लेखन थालेको देखिन्छ । मूलतः २०४६ सालपछि आएको राजनैतिक परिवर्तन, २०५२ सालमा शुरु भएको जनयुद्ध र यसले नेपाली समाजमा पारेको प्रभाव, २०६२-२०६३ सालको जनआन्दोलन र उनको कथा लेखनमा आएको परिपक्वता र भाषाशैलीमा देखिएको परिष्कृतता आदिका आधारमा श्रेष्ठको कथा यात्राको तेस्रो चरण निर्धारण गरिएको छ । यो चरण उनको उत्कर्ष काल पनि हो ।

# परिच्छेद चार

# भागीरथी श्रेष्ठका कथाकृतिहरूको विश्लेषण

## ४.१ पृष्ठभूमि

भागीरथी श्रेष्ठको साहित्यिक यात्रा नै कथा सृजनाबाट शुरु भएको हो । वि.सं. २०२३ मा रिडी हाइस्कुलको मुखपत्र **रुरु** मा प्रकाशित 'प्रबल इच्छा' उनको पहिलो कथा हो । यसपछि सृजनायात्राको प्रथम दशकमा उनका कथाहरू त्यति प्रकाशित भएनन् तापनि वि.सं. २०३४-२०३५ देखि यता समसामयिक पत्र-पत्रिकामा उनका कथाहरू प्रकाशित हुँदै आएका छन् । आजसम्म भागीरथी श्रेष्ठका ६ वटा कथासङ्ग्रह 'क्रमशः' (२०४३), 'मोहदंश' (२०४४), 'विभ्रम' (२०५०), 'रङ्गीन पोखरी' (२०५०), 'भूमिगत' (२०६२) र 'रातो गुलाफ' (२०६६) प्रकाशित भइसकेका छन् र केही कथा विभिन्न पत्र-पत्रिकामा समेत प्रकाशित छन् । यस परिच्छेदमा यिनै ६ वटा कथासङ्ग्रहका कथाकृतिको विवेचना गरिएको छ र तिनको विवेचनाका निम्ति कथानक, चरित्रचित्रण, दृष्टिबिन्दु विचारतत्त्वासारवस्तु, देशकाल वातावरण, संवाद, भाषाशैली जस्ता कथाका तत्त्वहरूलाई नै मूल आधार बनाइएको छ ।

### ४.१.१ क्रमशः कथासङ्ग्रहको अध्ययन

#### क) लेखन प्रकाशनका दृष्टिले 'क्रमशः' का कथाहरू

क्रमशः (२०४३) भागीरथी श्रेष्ठको पहिलो कथासङ्ग्रह हो । यस कथासङ्ग्रहमा उनका वि.सं. २०२८ देखि २०४१ सम्म लेखिएका र विभिन्न पत्रपत्रिकामा प्रकाशित भइसकेका कथाहरू सङ्कलीत छन् । यस सङ्ग्रहमा जम्मा १५ वटा कथाहरू छन् । ती हुन् 'भुइँचालो' (२०४१), 'उदारता' (२०४१), 'अविश्वासको आकाश' (२०४१), 'समर्पण' (२०३८), 'जीवनदान' (२०४१), 'मातृत्व' (२०४०), 'चुरीका टुक्राहरू' (२०४०), 'धर्मपुत्र' (२०४१), 'आत्मसन्तुष्टि' (२०३८), 'असमानता' (२०३९), 'क्रमशः' (२०४१), 'मोहभंग' (२०४१), 'मरुभूमिमा एउटा फुल' (२०३९), 'एकमुस्लो कुहिरो' (२०४०) र 'आकर्षण' (२०४१) । उपर्युक्त कथाहरू मध्ये प्रकाशन वर्षका दृष्टिले हेर्दा वि.सं. २०३८ मा प्रकाशित

२ वि.सं. २०३९ मा प्रकाशित १, वि.सं. २०४० मा प्रकाशित ३ र वि.सं. २०४१ मा प्रकाशित ९ वटा कथा यस सङ्ग्रहमा सङ्कलीत छन् । प्रस्तुत सङ्ग्रहका कथाहरूमध्ये आधाभन्दा बढी कथाहरू वि.सं. २०४१ मा लेखिएका छन् । यस तथ्यबाट भागीरथीको कथा सृजना वि.सं. २०४१ सालमा निकै गतिशील रहेको देखिन्छ ।

### ख) कथावस्तुका दृष्टिले 'क्रमशः' कथासङ्ग्रहका कथाहरू

'क्रमशः' मा सङ्गृहीत अधिकांश कथाहरू सामाजिक विषयवस्तुमा आधिरत छन् । यसका धेरैजसो कथाहरू सहरिया सामाजिक पृष्ठभूमिलाई लिएर लेखिएका छन् । ग्रामीण सामाजिक जीवनलाई लिएर लेखिएको यस सङ्ग्रहको एक मात्र कथा 'समर्पण' हो । भागीरथीले यस सङ्ग्रहका सम्पूर्ण कथामा नेपाली घर-परिवारलाई नै मुख्य विषय बनाएकी छन् । (प्रधान, २०४८ : १३) त्यसैले यसका सम्पूर्ण कथाहरूलाई सामाजिक कथा भन्न सकिन्छ । पारिवारिक जीवनमा सन्तान नहुनाले लोग्ने अथवा स्वास्थनीमा पैदा हुने मानसिक स्थिति 'क्रमशः धर्मपुत्र', आर्थिक कारणले एउटै कोखका दिदी-बहिनीमा देखा पर्ने असमानता 'असमानता', पारिवारिक जीवनमा स्वास्नीले लोग्नेमाथि गर्ने आशङ्का 'चुरीका टुक्राहरू', विधवा महिलाले यौनतृप्तिका लागि परपुरुषसँग सम्पर्क राख्ने परिपाटीको अभिव्यञ्जन, 'मातृत्व' नोकर र मालिक बीचको सम्बन्ध 'जीवनदान', शारिरीक कुरुपताले युवतीका जीवनमा पर्ने आघात 'भुइँचालो' जस्ता नितान्त सामाजिक विषयवस्तुलाई नै भागीरथीले यस सङ्ग्रहका कथामा रोजेकी छन् ।

'क्रमशः' कथासङ्ग्रहका कथाहरूमा द्वन्द्व पनि पाइन्छ यहाँ कतिपय कथामा बाह्य र आन्तरिक दुवैखाले द्वन्द्वको उपस्थिति देखिन्छ तापनि बाह्य द्वन्द्वका तुलनामा आन्तरिक द्वन्द्वयोजना बढी सशक्त देखा पर्दछ । 'समर्पण' कथामा मीराको उसकी सासुका बीच बह्य द्वन्द्व देखिन्छ । 'भुइँचालो' कथामा लताको दाहिने आँखा माथि मासुको डल्लो उम्रिएकाले अनुहार विकृत भएको र उसको विवाह नभई बहिनीको विवाह भएकाले लताको मनमा उत्पन्न आन्तरिक द्वन्द्वको सशक्त चित्रण गरिएको छ । 'मातृत्व' कथामा पनि एकातिर सुबोध र अर्कातिर आफ्ना सन्तान प्रतिको स्नेहले ममताका मनमा तीव्र आन्तरिक द्वन्द्वको सृजना भएको देखाइएको छ ।

यस सङ्ग्रहका कथाहरू सहज र स्वभाविक ढंगले थालनी गरिएका छन् सबैजसो कथाहरू नेपाली घर परिवारमा घटिरहने विषयवस्तुलाई लिएर लेखिएका छन् । कतिपय कथामा आदर्शको प्रयोग पनि गरिएको छ । 'उदारता' कथामा ससुराले विधवा बुहारीको विवाह अर्को एउटा केटासँग गरिदिन खोज्नु, 'समर्पण' कथामा प्रमोद माष्टरले विधवा नारीलाई अँगाल्नु जस्ता सन्दर्भले भागीरथीका कथामा आदर्शको छाप परेको स्पष्ट देखिन्छ । 'क्रमशः' कथासङ्ग्रहका सबैजसो कथाका शीर्षकहरू कथावस्तुसँग सम्बद्ध छन् र यिनले कथाका विवेच्य विषयलाई प्रतीकात्मक रुपमा सङ्केत पनि गरेकी छन् ।

यस संङ्ग्रहमा रहेका कथाहरू रैखिक कथानक ढाँचामा रहेका छन् सबै कथाहरूको कथानक आदि मध्य र अन्त्य मिलाएर अगाडी बढेका छन् र कथानक पछाडि फर्केको देखिदैन त्यसैले कथानक ढाँचा रैखिक रहेको छ ।

## ग) चरित्र-चित्रणका दृष्टिले 'क्रमशः' का कथाहरू

'क्रमशः' कथा सङ्ग्रहमा सङ्ग्रहित अधिकांश कथाहरू सामाजिक छन् । त्यसेले यस संग्रहका कथाहरूमा आर्थिक दृष्टिले सम्पन्न र विपन्न वर्गका पात्रहरू रहेका छन् । 'असमानता' कथामा सम्पन्न वर्गका दिदी र उसको पति छन् भने विपन्न वर्गका माया र उसका पति छन् । एउटै आमा बुबाको कोखमा जन्मिए तापनि सम्पन्नताले गर्दा दिदी चाँहिले माइतमा सम्मान पाउनु र असम्पन्ताका कारण बहिनीले तिरस्कार पाउनु जस्ता कार्यले वर्गीय चरित्रको सृजना भएको देखिन्छ ।

यस कथासङ्ग्रहका कतिपय कथाहरू मनोविश्लेषणात्मक पनि छन् । त्यस प्रकारका कथाका पात्रहरू मानसिक तनावले ग्रस्त देखिन्छन् । आर्थिक कठिनाइको सट्टा पात्रहरूमा मानसिक असन्तुष्टि देखिन्छ । यौन असन्तुष्टि, शारीरिक कुरुपता, विभिन्न शङ्का-उपशङ्का जस्ता कारणले पात्रको मानसिक स्थितिलाई डोऱ्याएको देखिन्छ । 'भुइँचालो' कथामा लता तकियालाई काखमा राखेर दुवै हातले मसार्नु 'एक मुस्तो कुहिरो' मा रविले आफ्नो कोठा सफा गर्नु 'आकर्षण' कथामा 'म' पात्रले सुन्दरी केटीलाई देखेपछि काइँयो निकालेर कपाल कोर्न थाल्नु र उसलाई पत्नीका रुपमा सोच्नु आदि उनीहरूका अवचेतन मनमा दमित कुण्ठाको अभिव्यक्ति हो ।

'क्रमशः' भित्रका कतिपय कथाहरूमा बाल पात्रको समावेश पनि देखिन्छ 'मातृत्व' कथाका चन्द्रमा र छोरा, क्रमशः कथामा मधुकर 'धर्मपुत्र' कथामा राजु यी बाल चरित्रहरू हुन् र यी कथाका मूल घटनासँग सम्बन्धित छन् । यी बालपात्रले घटनालाई प्रभावकारी बनाएका छन् । यस सङ्ग्रहका सबै कथाका सबैजसो पात्रहरूको क्रियाकलाप स्वभाविक देखिन्छ । त्यसैले सबैजसो पात्रहरू स्वभाविक छन् भने गतिशिल र यथार्थमा आधारित पनि देखिन्छन् ।

क्रमशः कथा सङ्ग्रहका कतिपय कथाहरूमा कथाकारले यसको कथानकलाई अगाडि बढाएका छन् भने कतिपय कथामा पात्रहरूले कथानक अगाडी बढाएका छन् कथाकार निरपेक्ष रहेको छ त्यसैले यस सङ्ग्रहमा सङ्गृहित कथाहरूको चरित्रहरू समाख्यानात्मक तथा नाटकीय दुवै रहेका छन् ।

## घ) दृष्टिविन्दुका दृष्टिले 'क्रमशः' का कथाहरू

कथाकारले कथाको विचारलाई सम्प्रेषण गर्न पात्रलाई निर्धारण गरिएको स्थान दृष्टिबिन्दु हो । भागीरथी श्रेष्ठको 'क्रमशः' कथासङ्ग्रहका अधिकांश कथाहरूमा आन्तरिक दृष्टि बिन्दुको प्रयोग भएको छ । 'क्रमशः' 'असमानता' 'मोहभङ्ग' 'जीवनदार' जस्ता कथामा आन्तरिक दृष्टिविन्दुको प्रयोग भएको छ भने 'समर्पण' 'धर्मपुत्र' कथाका मुख्य पात्रहरू तृतीय पुरुष भएकाले बाह्य दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ । समग्रमा श्रेष्ठका कथामा आन्तरिक र बाह्य दुवै दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

## ङ) विचारतत्त्व/सारवस्तुका दृष्टिकोणले क्रमशः कथासङ्गका कथाहरू

कुनै कथा पढिसकेपछि त्यसबाट प्राप्त हुने अभिप्राय वा सन्देश नै सारवस्तु हो । श्रेष्ठको क्रमशः कथा सङ्ग्रहका कथाहरूबाट धेरै किसिमका सन्देश प्रवाह भएको पाइन्छ । जीवनका सामान्य घटनालाई महत्त्व दिदै तिनका माध्यमबाट नेपाली संस्कृतिलाई चिनाउनु क्रमशः का कथाहरूको विशेषता हो । उनका कथाहरूमा वर्तमान शहरिया शिक्षित समाजमा विद्यमान विसङ्गति र विकृतिलाई प्रस्तुत गरेर त्यसको वास्तविकता केलाउने प्रयास गरेको पाइन्छ । असमयमै विधवा बन्नु र त्यस पीडाबाट छट्पटाउदै जीवन गुजार्न विवश हुनु र तिनीहरू प्रतिको सामाजिक दृष्टिको यथार्थतालाई 'मातृत्त्व' 'समर्पण'

उदारता जस्ता कथामा व्यक्त गरिएको छ । 'उदारता' कथामा युवती बुहारीले विधवा भएर व्यथित जीवन विताएको सहन नसकी छोरी झैं त्यसलाई मानी पुनर्विवाह गराइदिएर ससुराले नेपाली समाजमा अझै व्याप्त प्रचलनलाई राम्रो सन्देश दिएका छन् । समग्रमा यस सङ्ग्रहका कथाहरूले पारम्परित नेपाली समाजका नराम्रा पक्षलाई सुधार गरेर आधुनिकता र वैज्ञानिकतातिर अग्रसर हुन प्रेरित गरेका छन् । यस सङ्ग्रहका कथामा विचार तत्त्व पूर्ण अर्थात परिपुष्ट आख्यानको प्रयोग भएको छ ।

### च) देशकाल/वातावरण दृष्टिकोणले 'क्रमशः' का कथाहरू

मानव जीवनको बाह्य र आन्तरिक दुवै रुपलाई कथाले ग्रहण गरेको हुन्छ यी दुवैको समष्टि नै वातावरण हो । क्रमशः का कथामा आन्तरिक र बाह्य दुवै किसिमको वातावरण पाइन्छ उनका कथामा ग्रामीण वातावराण्को तुलनामा शहरिया वातावरणको बढी प्रयोग भएको छ । यस सङ्ग्रहका पन्ध्रवटा कथामध्ये एकमात्र कथा 'समर्पण' मा ग्रामीण वातावरणको उल्लेख गरिएको छ । शहरिया वातावरणलाई चित्रण गर्ने क्रममा विलासिता, भोग वासना, र कृत्रिमतालाई लिइएको छ भने ग्रामीण वातावरणको चित्रण गर्ने क्रममा गाग्री बोकेर पानी पँधेरा जाने, घाँस काट्ने जस्ता ग्रामीण वातावरणलाई प्रस्तुत गरिएको छ ।

### छ) संवाद/कथोपकथनका दृष्टिले 'क्रमशः' का कथाहरू

संवादले कथालाई स्वभाविक तथा प्रभावशाली बनाउन सहायता गर्छ । संवादका दृष्टिले हेर्दा 'क्रमशः' का कथामा भागीरथीले एकालाप र वार्तालाप गरी दुवै किसिमका संवादको प्रयोग गरेको देखिन्छ । 'अविश्वासको आकाश' 'जीवनदान' 'चुरीका टुक्रा' 'धर्मपुत्र' जस्ता कथामा सापेक्ष रुपमा एकालापको प्रयोग बढी छ भने अन्य कथाहरूमा धेरथोर संवादको प्रयोग गरिएको छ । यस सङ्ग्रहका कथामा धेरै जसो पात्रहरू शहरिया र शिक्षित भएकाले उनीहरूले त्यही अनुसारको संवाद बोल्नु । गाउँको पृष्ठभूमिलाई लिएको एक मात्र कथा 'समर्पण' मा प्रयोग गरिएको संवाद पनि परिवेश सुहाउँदो नै देखिन्छ ।

## ज) भाषाशैलीका दृष्टिले 'क्रमशः' का कथाको विश्लेषण

'क्रमशः' का कथामा कथाकार भागीरथीले प्रयोग गरेको कवितात्मक शैलीले भाषामा सुन्दरता थपेको छ । सामान्य रुपमा प्रयोग गरिने सरल किसिमको भाषा प्रयोगले कथामा स्वभाविकता पैदा भएको देखिन्छ भने ठाउँ ठाउँमा आलङकारिक भाषाको गरेको पनि देखिन्छ । क्रमशः का कथामा प्रयुक्त भाषाका केही उदाहरणहरू यस प्रकार छन्

म जिन्दगीको थुङ्गामाथि उफ्री उफ्री नाच्दै छु - यसरी नाचेर नै जिन्दगी बित्नेछ (भूइँचालो : २)

मैले आफ्नो शरीर विश्राम गर्न एउटा मुकिलो सियाँल पाउन सकिन । मेरो आँखा र मन लालायित पार्ने मेरा कोठाको कीलोमा एउटा झोलुङ्गो पनि टाङ्न सकिन (क्रमशः पृ. ८०)

क्रमशः का कथामा कथाकारले प्रतिक र विम्बको प्रयोग पनि गरेकी छन् । प्रतिक र विम्बको प्रयोगले कथामा सरगर्भित व्यङ्गयात्मक अर्थ दिन सक्छ । यस सङ्ग्रह अन्तर्गतका कथामा यस किसिमका केही उदाहरण यस प्रकार छन् ।

मेरो कोठाको अगरबत्ती सदाको लागि निभिसकेको छ अब कहाँ बल्न सक्छ मेरा अगरबत्ती (उदारता : १२)

सम्झे आजसम्म मैले गाइलाई होइन बाघलाई माया गरेछु । (मातृत्त्व : ४९)

भागीरथी श्रेष्ठको भाषा सरल अभिव्यक्ति सहज छ र विषयवस्तु प्रेम परिवार र घर भएकाले आकर्षक र महत्त्वपूर्ण पनि छ ।

## ४.१.२ 'मोहदंश' कथा सङ्ग्रहको विश्लेषण

## क. लेखन/प्रकाशनका दृष्टिले 'मोहदंश' का कथाहरू

'मोहदंश' (२०४४) कथाकार भागीरथीको देस्रो कथासङ्ग्रह हो र यो नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित भएको थियो यस सङ्ग्रहमा श्रेष्ठका १३ वटा कथाहरू सङ्कलित छन् । यस सङ्ग्रहमा परेका सवै कथाहरू वि.सं. २०४१ देखि २०४४

सम्ममा लेखिएका हुन् र यी मध्ये कतिपय कथाहरू समसामयिक पत्र-पत्रिकामा प्रकाशित पनि भइसकेका छन् (भागीरथी श्रेष्ठबाट प्राप्त जानकारी) ।

## ख) कथावस्तुका दृष्टिले 'मोहदंश' का कथाहरू

'मोहदंश' कथासङ्ग्रहमा भागीरथी श्रेष्ठले समाजमा घटन सक्ने विभिन्न घटनाहरूलाई नै मूल विषयवस्तुका रुपमा लिएकी छन् । 'क्रमशः' मा झैं यस सङ्ग्रहका कथामा पनि कथाकारले विशेषतः सामाजिक पृष्ठभूमिमा व्यक्तिका मानसिक स्थितिलाई चिरफार गरेको देखिन्छ । व्यक्तिका विभिन्न सामाजिक परिस्थिति र मनस्थितिको चित्रण गर्दै प्रस्तुत गरिएका यस सङ्ग्रहका कथाहरू यथार्थवाद प्रवृतिका छन् । कतिपय कथामा व्यक्ति र समाजका आर्थिक र संस्कार गत विसङ्गतीलाई पनि प्रस्तुत गर्ने प्रयास गरेको पाइन्छ । मोहदंशका सम्पूर्ण कथाहरू नेपाली समाज र परिवेशलाई लिएर प्रस्तुत गरिएका छन् । मनोवैज्ञानिक घरातलमा लेखिएका यस सङ्ग्रहका कथाहरूमा वासनात्मक परिपूर्ति गर्न नपाउँदा पत्नीले पतिलाई छाडेर अर्कै लोग्ने मान्छेसँग यौन सम्पर्क राख्न चाहनु र पत्नीबाट अग्लीएर अन्य नारीसँगको सामीप्यता चाहनु जस्ता विषयवस्तुलाई पनि प्रस्तुत गरिएको छ । यस प्रकारका कथाहरू 'दीपा' 'अतिक्रमण' 'चिता' 'शकुन्तला' हुन् । आफ्नो कामवासनालाई परिपूर्ति गर्न नपाएर आत्महत्या गर्न विवश भएका नारीको मानसिकतालाई देखाउने कथाको प्रतिनिधित्व 'जलनका विम्बहरू' ले गरेको छ ।

आर्थिक कारणले पनि व्यक्ति जीवनमा प्रभाव पार्दछ र यसबाट समाजमा पनि असर पर्न जान्छ । यही आर्थिक कारणबाट समाजमा कतिपय व्यक्तिहरू विभिन्न किसिमबाट बाँच्न बाध्य र विवश छन् भन्ने कुरालाई कथावस्तुका रुपमा लिएर लेखिएका कथाहरूमा 'दिलु बज्यै' 'शिक्षक' 'सजाय' 'लान्छना' आदि रहेका छन् । सामाजिक परम्परा रुढीवादी तथा आधुनिक समाज व्यवस्थाका बीचमा उब्जिएका विभिन्न समस्याहरूलाई पनि भागीरथीले 'मोहदंश' का कथामा विषय बनाएकी छन् यस प्रकारको विषयवस्तुलाई लिएर लेखिएको कथा 'संस्कार' हो ।

कथाकार भागीरथी श्रेष्ठले मानसिक अन्तर्पीडालाई बुझ्ने प्रयासमा विश्वासको घोर सङ्कटमा दिशाहीन भएको मासिनको यथार्थलाई आफ्ना कथाहरूमा विषयबद्ध गर्नुभएको छ । (श्रेष्ठ : २५) विशेषतः यस सङ्ग्रहका कथाले व्यक्तिका विविध मानसिक

स्थितिलाई नै लक्ष्य गरेका छन् भने समाजमा घटेका र घटन सक्ने घटनाहरूलाई मूल विषय बनाएका छन् । त्यसैले प्रस्तुत सङ्ग्रहका कथाहरू वस्तुविधानका दृष्टिले सरल स्वभाविक र सम्प्रेषणीत देखिन्छन् ।

यस सङ्ग्रहका कथाहरूको कथानक ढाँचा आदि मध्य र अन्त्यको श्रृङखलामा रहेका छन् त्यसैले सबै कथाहरूको कथानक ढाँचा रैखिक प्रकारको छ ।

## ग) चरित्र चित्रणका दृष्टिले 'मोहदंश' कथा सङ्ग्रहका कथाहरू

'मोहदंश' मा गाउँ र शहर दुवै पृष्ठभूमिमा लेखिएका कथाहरू सङ्ग्रहित छन् । गाउँको पृष्ठभूमिमा तयार पारिएका कथाका चरित्रहरू गरीव आदर्श जस्ता कुराबाट पिरोलिएका देखिन्छन् भने शहरको पृष्ठभूमिमा तयार पारिएका कथाका चारित्रहरू प्रायः मानसिक असन्तुष्टिबाट पिरोलिएका देखिन्छन् । यस सङ्ग्रहका ग्रामीण पृष्ठभूमिमा तयार पारिएका कथाहरूमध्ये 'जलनका विम्बहरू' 'दिलुबजै' 'शिक्षक' 'निरर्थक' र 'मोहदंश' हुन् । यी कथाहरूमध्ये 'दिलुबजै' कथामा दिलुबजैको आर्थिक दयनीयताको चित्रण गरिएको छ । 'जलनका विम्बहरू' कथाकी माइजु पतिको मृत्युले विधवा वनेकी छ भने 'मोहदंश' कथाको सागर पत्नीको मृत्युले विधुर बनेको छ यी दुवै चरित्रहरू यौनजनित असन्तुष्टिबाट तडपिएका छन् र विपरित लिङ्गी पात्रको सामीप्यबाट सन्तुष्टि लिन चाहन्छन् । 'शिक्षक' कथाको विजय र 'निरर्थक' कथाको 'म' आदर्शवादी पात्रका रुपमा देखिएका छन् । त्यस्तै शहरिया पृष्ठभूमिमा लेखिएका कथाहरूमा 'दीपा' कथाकी दीपा 'चिता' कथाको म 'शकुन्तला' कथाकी शकुन्तला जस्ता चरित्रहरू वासनात्मक असन्तुष्टि र शङ्का उपशङ्काले गर्दा मानसिक रुपमा तड्पीएका छन् । 'संस्कार' कथाकी जानकी परम्पराको पक्षधर भएर सशक्त रुपमा विद्रोह गर्न फल भएकी छ ।

'मोहदंश' सङ्ग्रहका कथाहरूमा बाल र बृद्ध पात्र पनि समावेश गरिएका छन् । 'संस्कार' कथाकी जानकी 'दिलुबजै' कथाकी दिलुबजै शिक्षक कथाको सन्तोष गुरुङ आदि यस सङ्ग्रहका वृद्ध पात्र हुन् । यी पात्रहरू समाजबाट हेपिएका र आधुनिकताबाट टाढा रहेका भए तापनि अस्तित्त्वका लागि सङ्घर्षरत देखिन्छन् । 'पिता' कथाको छोरा 'अतिक्रमण' कथाका रश्मिका छोरा छोरी 'शिक्षक' कथाको सन्तोष गुरुङको नाति 'सजाय' कथाको उत्तम यस सङ्ग्रहका बाल पात्र हुन् । यी बालपात्रहरू घटनाको विकासका लागि

देखापर्ने गौण चरित्र मात्र हुन् भने 'सजाय' कथाको बालपात्र उत्तम क्रियाशील पात्रका रुपमा देखा पर्दछ र यही पात्रका क्रियाशीलतामै कथावस्तु अगाडि बढेको छ ।

मोहदंशका चरित्रहरू प्रत्यक्ष/समाख्यानत्मक तथा परोक्ष/नाटकीय दुवै खालका रहेको पाइन्छ । 'जलनका विम्ब' कथामा प्रत्यक्ष चरित्र प्रयोग भएको छ भने 'दीपा' कथामा नाटकीय चरित्रको प्रयोग भएको छ ।

### घ) दृष्टिबिन्दुका दृष्टिले 'मोहदंश' का कथाहरू

भागीरथी श्रेष्ठको मोहदंश कथा सङ्गहका सबैजसो कथाका पात्रहरू आन्तरिक र बाह्य दृष्टिकेन्द्री रहेका छन् । विशेषतः 'जलनका विम्बहरू' 'संस्कार' शकुन्तला 'शिक्षक' 'सजाय' कथाका प्रमुख चरित्रहरू तृतीय पुरुषमा रहेका छन् र यी कथामा बाह्य दृष्टिबिन्दुको प्रयोग गरिएको छ भने 'अतिक्रमण' 'चिता' 'निरर्थक' जस्ता कथामा आन्तरिक दृष्टिबिन्दुको प्रयोग गरिएको छ । उदाहरणको लागि निम्न लिखित पङ्क्तिलाई लिन सकिन्छ

त्यसैले त रहेछ तिमीलाई हेपेका । तिमी त तबस्तरी पो रहिछौ त्यही नाथे बुहारी र आफूले जन्माएको छोरासँग पनि डर मान्नु हुन्छ ? राधालाई हपार्छे जानकी । (संस्कार : १९)

म किन यस्तो सोच्दैछु ? के म अपराधी त होइन ? कमला मरेको एक घण्टा भएको छैन, मैले अर्को बिहे गर्न हतार गर्नुहुन्छ के म नीच त होइन ? (चिता पृ. ४८)

माथि उल्लेखित पहिलो पङ्क्तीमा बाह्य दृष्टिबिन्दुको प्रयोग भएको छ भने दोस्रो पङ्क्तीमा आन्तरिक दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

### ङ) सारवस्तुका दृष्टिले 'मोहदंश' का कथाहरू

मोहदंश कथासङ्ग्रहमा सङ्ग्रहीत सबैजस्तो कथाहरूले सामाजिक विसङ्गती परम्परावादी सोच, समाजमा नारीप्रति गरिने भेदभाव र नेपाली समाजमा रहेको धनी र गरिब बिचको असमान खाडल प्रति तीव्र व्यङ्य गर्दै त्यसलाई बदलेर समाजलाई आधुनिकता तर्फ लैजानु पर्ने सन्देश दिएका छन् । श्रेष्ठले कहिले आफ्ना पाठकहरू सँग

जीवनका बारेमा कहिले सामाजिक सम्बन्धका बारेमा, कहिले पारिवारिक परिवेशका बारेमा र कहिले मानवीय संवेगहरूका बारेमा विचारको विनिमय आफ्ना कथाका माध्यमबाट गरेकी छन् र यसले समाजलाई अग्रगतितर्फ लैजान सकरात्मक प्रभाव पारेको देखिन्छ र यस सङ्ग्रहका कथाहरूको वास्तविक सार नै यही रहेको छ ।

यस सङ्ग्रहका कथाहरूमा परिपुष्ट आख्यान पाइन्छ त्यसैले कथामा विचारतत्त्व पूर्ण रहेको छ ।

## च) देशकाल/वातारणका दृष्टिले 'मोहदंश' का कथाहरू

भागीरथी श्रेष्ठले यस सङ्ग्रहका अधिकांश कथाहरूमा आन्तरिक वातावरणको प्रयोग गरेकी छन् । गाउँ र शहर दुवै कार्यपीठिकालाई लिएर लेखिएका यस सङ्ग्रहका कथाहरूमा बाह्य वातावरणलाई खासै महत्त्व दिएको देखिदैन । 'दिलुबजै' 'निरर्थक' र 'मोहदंश' कथामा गाउँलाई कार्यपीठिका बनाइएको छ र यी चार कथाहरूमा पनि चरित्रहरूका मानसिक अवस्थालाई नै देखाउने प्रयास गरिएको छ । यी बाहेक अन्य सबै कथाहरूस्मा शहरलाई कार्यपीठिका बनाइएको छ । शहरिया वातावरणमा लेखिएका कथाहरूमा पनि विशेषतः बाह्य वातावरणको उपस्थिति कम छ र चरित्रका आन्तरिक वातावरणको उपस्थिति ज्यादा छ । 'मोहदंश' कथामा बाह्य परिवेश र प्रकृतिको चित्रण सामान्य रुपमा मात्र गरिएको देखिन्छ । यस सङ्ग्रहका सबैजसो कथाका प्रारम्भमै प्रकृति र परिवेशको सामान्य उल्लेख गरिए पनि परिवेशले मूल घटनालाई प्रभावित पारेको देखिदैन ।

## छ) संवाद/कथापकथनका दृष्टिले 'मोहदंश' का कथाहरू

मोहदंश कथा सङ्ग्रहका कथामा वार्तालाप र एकालापको प्रयोग गरिएको छ तापनि अधिकांश कथाहरूमा एकालाप कै प्रयोग बढी छ । 'दीपा' 'अतिक्रमण' 'दिलुबजै' 'चिता' 'लान्छना' कथामा एकालाप बढी र वार्तालाप कम छ भने अरू सबै कथामा वार्तालापको प्रयोग बढी छ । कथामा पात्र तथा परिवेश अनुसारको संवादको प्रयोग गरिएको छ । गाउँलेहरूले बोल्ने संवादमा सोझोपन देखिन्छ र निम्नस्तरका शब्दको प्रयोग गरेको पनि भेटिन्छ जस्तैः

लाज नभएका नक्चरा-नकचरी हो ! तिमीहरूलाई साँझ पर्दैन ? रात आउँदैन ? (जलनका विम्बहरू : ६)

त्यस्तै शहरिया र शिक्षित वर्गले बोल्ने संवादमा तार्किकता र स्तरीय भाषाको प्रयोग भएको देखिन्छ जस्तैः

यतिवेला तारको कोठामा किन ?

ज्वरो आएको छ उसलाई

मलाई खबर गर्ने कि आफै आउने ?

मैले थाहा पाए आए ।

(द्वन्द्व अन्तर्द्वन्द्व : ८१)

प्रस्तुत सङ्ग्रहका कथामा प्रयुक्त संवादहरू स्वभाविक रुपले आएका हुनाले तिनले कथावस्तुलाई प्रवाहमय र पात्रलाई गतिमय बनाएका छन् ।

**ज) भाषाशैलीका दृष्टिले 'मोहदंश' का कथाहरू**

श्रेष्ठले आफ्ना पूर्ववर्ती कथाहरूमा झै यस सङ्ग्रहका कथामा पनि सहज, सरल र सम्प्रेष्य भाषाको प्रयोग गरेकी छिन् । कथाका पात्रहरू जुन स्तरका छन् त्यही अनुसारको भाषा प्रयोगमा कथाकारले जोड दिएको देखिन्छ । ठाउँ ठाउँमा आलङ्कारिक र काव्यमय भाषाको प्रयोग गरिएको पनि भेटिन्छ । जस्तैः

जति हेरे पनि उसको सम्पूर्ण शरीरको अङ्ग-अङ्गबाट उदासीको छाँया झरिरहेको देखिन्थ्यो ।

(निरर्थक : ६५)

तारा काममा यसरी मग्न थिइ - उसको सम्पूर्ण अनुहार एउटा करुणामय मूर्ति बनेको थियो र त्यस मूर्तिबाट अत्यन्त सुन्दर थोपाहरू झरिरहेका थिए ।

(द्वन्द्व अन्तर्द्वन्द्व : ७७)

मोहदंश कथासङ्ग्रहका कथामा सरल र स्वभाविक किसिमको भाषा प्रयोग गरिएको छ । यहाँ कतिपय कथामा 'करीब' 'तमाम' जस्ता हिन्दी शब्दको प्रयोग गरिएको छ । भाषा प्रयोजनका दृष्टिले 'मोहदंश' का कथामा सामान्य त्रुटी रहे तापनि सरल स्वभाविक तथा पात्र र परिवेश अनुकुल भाषाको प्रयोग गरिएको छ । त्यसैले यस सङ्ग्रहका कथाहरूको भाषाशैली आकर्षक बन्न पुगेको देखिन्छ ।

## ४.१.३ 'विभ्रम' कथासङ्ग्रहको अध्ययन

### क) लेखन प्रकाशनका दृष्टिले 'विभ्रम' कथासङ्ग्रहका कथाहरू

'विभ्रम' भागीरथी श्रेष्ठको तेस्रो कथासङ्ग्रह हो । र यो वि.सं. २०५० सालमा साझा प्रकाशनबाट प्रकाशित भएको हो । यस सङ्ग्रहमा भागीरथीका वि.सं. २०४४ देखि २०४९ सम्म लेखिएका जम्मा ३० वटा कथाहरू सङ्कलित छन् । यसमा सङ्कलित कथाहरू यस प्रकार छन् 'पराइ पाइला' 'उदासिका क्षणहरू' 'निरुत्तर प्रश्नहरू' 'अर्को छितिजको खोज' 'अविचल' 'बीस वर्षपछि' 'झर्दै गएका सयरका पातहरू' 'विभ्रम' 'मोड' 'जीर्णोद्वार' 'अन्तर' 'जिन्दगी एउटा नाङ्गो रुख' 'प्रतिबिम्ब' 'सीमाना नाघेपछि' 'एक टुक्रा खुशी' 'चिसो' 'रंगहीन आकाश' 'खुलदुली' 'धुलो' 'अविश्वासको गुम्फनभित्र' 'विसर्जन' 'अवसान' 'रगतको नाता' 'जुलुस' 'आफ्नै किनारा' 'विसर्जन' 'तेह्र वर्षपछि' 'एक्लोपनका तरङ्गहरू' 'स्वतन्त्रता' 'उज्यालोका खोजी' यी मध्ये कतिपय कथाहरू तत्कालीन समयका समसामयिक पत्र-पत्रिकामा प्रकाशित भइसकेका थिए भने कतिपय कथाहरू यस सङ्ग्रहमा पहिलो पल्ट प्रकाशित भएका छन् ।

### ख) कथावस्तुका दृष्टिले 'विभ्रम' का कथाहरू

प्रस्तुत सङ्ग्रहमा प्रकाशित सम्पुर्ण कथाहरू वर्तमान नेपाली समाजको विविध पक्षको संग्लो र स्पष्ट चित्र उतार्न केन्द्रीत छन् यस कथा संग्रहले समष्टीगत रुपमा समसामयिक नेपाली समाजको सक्रमणशील सामाजिक आर्थिक पक्षको कथाका परिवेश परिस्थिति मानव चरित्रका बीचका अन्तर्क्रिया र तिनका सुक्ष्म अन्तर्कथाले वहन गरेका

छन् । यस सङ्ग्रहमा सङ्ग्रहीत कथाहरूले काठमाडौंका मध्यमवर्गीय अन्तर्बाह्य जीवनका विभ्रमलाई आफ्नो कथ्य तुल्याइ गाउँबाट सहरतर्फ शिक्षा रोजगार र बसाइका क्रममा बढेको स्थानान्तरण र मोडतर्फ पनि केही संकेत गरेका छन् तापनि 'तेह्र वर्ष' जस्ता कथाले साहुको वुहार्तन र लाहुरिएको पतिको प्रत्यागमन जस्ता ग्रामीण विशेष सन्दर्भलाई पनि केही मात्रामा छुन खोजेको भेटिन्छ । यस सङ्ग्रहका धेरैजसो कथाले मध्यम वर्गीय आर्थिक संघर्ष केही प्राप्ति र ज्यादा अभाव अपुगको पारिवारिक-सामाजिक-आर्थिक संकटग्रस्तताकै चित्रण गरे पनि केही कथाले चाहि निम्नवर्गीय र उच्च वर्गीय क्रमशः विपन्न र अपेक्षाकृत सम्पन्न आर्थिक घरातलका वैषम्यको कथात्मकता पनि पाइन्छ । यस सङ्ग्रहका 'झर्दै गएका सउरका पातहरू' 'मोड' र 'धुलो' जस्ता कथाले व्यापक गरीबी र शोषण तथा उत्पीडनलाई देखाएका छन् भने 'अविचल' 'तेऱ्ह वर्षपछि' 'एक टुक्रा खुशी' 'खुल्दुली' 'अविश्वासको गुम्फनभित्र' 'विसर्जन' 'चिसो' 'अन्तर' र 'स्वतन्त्रता' जस्ता कथाले शक्ति सम्पन्न उच्च वर्गको प्रभुत्व अंहकार भोग विलास वैभव अनि तिनका नैतिक विचलन मुल्य संकट र हृदयहीनतालाई प्रष्ट पारेका छन् । 'उदासीका क्षणहरू' 'निरुत्तर प्रश्नहरू' 'अन्तर' 'खुल्दुली' 'विसर्जन' कथाहरूले आर्थिक कठिनाइले छोरीको विहा हुन नसकेको पीडा प्रशासनिक कर्मचारीका सीमित आयका अपर्याप्तले गर्दा सामाजिक अप्रतिष्ठाको चरम सङ्कट, चारित्रिक अवमूल्यन पति जागिरमुक्त हुँदा पत्नीले टाइसिष्ट भइ कामुक हाकिमको वासनापूर्ति गर्न वाध्य भई गृहस्थी चलाउनुपर्ने नारी वाध्यताको चित्रण गरेका छन् भने । यस सङ्ग्रहको एकमात्र राजनीतिक कथा 'जुलुस' ले प्रजातान्त्रिक राजनीतिक संघर्षको क्रममा युवा उत्सर्ग र बलिदान एवं आमाका पवित्र उत्प्रेरणाको गाथालाई २०४६ सालका ऐतिहासिक जनआन्दोलनका पृष्ठभूमि र प्रसङ्गको देशभक्तिपूर्ण मार्मिक कथात्मक चित्रण गरेको छ । पूर्वप्रेमीसमक्ष पत्नीलाई जिम्मा लगाउने आदर्श पतिको चित्रण गरिएको छ भने आफ्नो स्वार्थ सिद्धिका लागि स्वास्नीलाई भोग्या बनाएर हाकिम समक्ष पठाउने बहुविवाह गर्न चाहने धर्मपुत्रीलाई स्वास्नी वनाउने जस्ता समाजका व्यभिचारी तथा निकृष्ट पुरुषहरूको चित्रण पनि गरिएको छ । 'जिन्दगी एउटा नाङ्गो रुख' 'सिमाना नाघेपछि' 'अविश्वासको गुफ्नभित्र' 'रगतको नाता' जस्ता कथाहरूको यस्तै सामाजिक विषयलाई अगाडि सारेका छन् । छोराहरूबाट बुबा-आमालाई गरिएको उपेक्षा परस्परका शङ्का-उपशङ्का जीवन बाँच्ने क्रममा आफूले गरेका गल्ती जस्ता विषयवस्तुलाई

लिएर 'अर्को क्षितिजको खोज' 'तेन्ह वर्षपछि' 'अवसान' 'विभ्रम' जस्ता कथाहरूमा गरिएको छ ।

यस सङ्ग्रहका सबैजसो कथाहरूले समाजमा घटने घटनालाई विषयवस्तु बनाएका छन् 'मानवीय सम्बन्धका बनोट बुनोटमा अनि पारिवारिक सामाजिक संरचनाका तहमा भेटिने विभ्रम र विसङ्गतिका भाव संवेदनाको पीडा पुन्जको बहु आयामिक विषयवस्तु मर्मस्पर्शी र कलात्मक सृष्टि यस सङ्ग्रहका कथाले गरेका छन् (त्रिपाठी, २०५० : ख) सरल र स्वभाविक कथावस्तुलाई लिएर लेखिएकाले यस सङ्ग्रहका कथा वस्तुविधानका दृष्टिले निकै प्रभावकारी वन्न गएका छन् । सबै कथाका शीर्षकहरू कथावस्तुसँग सम्बद्ध छन् र तिनले प्रतिकात्मक तत्पर्य पनि प्रदान गरेका छन् । विभ्रम कथा सङ्ग्रहका कथाहरू रेखिका ढाँचामा रहेका छन् । सबै जसो कथाको कथानक रेखा जस्तै सिधा अगाडि बढेको छ ।

### ग) चरित्र चित्रणका दृष्टिले 'विभ्रम' का कथाहरू

चरित्र चित्रणका दृष्टिले हेर्दा प्रस्तुत सङ्ग्रहका कथामा समाजबाट टपक्क टिपेर ल्याइए जस्ता चरित्रहरू देखापर्दछन् समाजका तल्लो स्तरका माग्नेदेखि लिएर मध्यमवर्गीय चरित्रहरू यस सङ्ग्रहका कथाहरूमा रहेका छन् । एकातिर हाकिमको कुर्सी ओगटेर आफ्नो कर्तव्य पुरा गर्नुको साटो शारीरिक सुखभोगका लागि समर्पित पात्रहरू देखा पर्दछन् भने अर्कोतिर सानो पद लिएर पनि आफ्नो कर्तवय र इमान्दारिता प्रति सचेत पात्रहरू पनि देखापर्दछन् । यसप्रकारका पात्रहरूमा 'झर्दै गएका सउरका पातहरू' 'धुलो' कथाको कृष्णबहादुर आदि पर्दछन् ।

यस सङ्ग्रहका कथामा भागीरथीले बाल, बृद्ध र युवा समेत सबै उमेर समुहका पात्रहरू समावेश गरेकी छन् । 'पराइ पाइला' कथाका नाती नातीनीहरू 'अर्को क्षितिजको खोज' कथाका नातीहरू 'प्रतिविम्ब' कथाको माग्ने केटो 'खुलदुली' कथाको दर्शन 'एक्लोपनका तरङ्गहरू' कथाकी सृजना आदि बालपात्रहरू हुन् । 'खुलदुली' कथा बाहेक अन्य कथाका बालपात्रहरू गौण चत्रिका रुपमा आएका छन् । 'खुलदुली' कथाको बालपात्र दर्शन हो र आफ्नी आमाले परपुरुषसँग सतीत्व बिक्री गरेको दृश्य विवश भएर हेरिरहन्छ ।

'अर्को क्षितिजको खोज' को 'म' 'अविचल' को बुबा 'तेह्र वर्षपछि' को 'म' 'मोड' की रमा दिदी 'विपन्नता' की बुबा र 'अवसान' कथाको म पात्र बृद्ध पात्रहरू हुन् । यी पात्रहरू प्रायशः कथामा प्रमुख पात्रका रुपमा आएका छन् र यिनले जीवनका अन्तिम घडीमा भोग्नुपरेका दुःखले गर्दा विरन्तीको अनुभव गरेको देखिन्छ ।

विभ्रमका सबैजसो कथाहरूमा युवा र पौढ चरित्रहरूको समावेश गरिएको छ यस सङ्ग्रहका सबै पात्रहरू मानवीय गुण सम्पन्न र गतिशील छन् । त्यसैले विभ्रमका कथाहरूमा चरित्र विधानको सहजता र स्वभाविकता देखिन्छ । विभ्रम कथाका कथाहरूमा प्रत्यक्ष र परोक्ष दुवै खालका चरित्रको प्रयोग भएको छ । 'पराइ पाइला' कथामा कथाकार आफै सक्रिय रहेको छ त्यसैले यहाँ प्रत्यक्ष अथवा समाख्यानात्मक चरित्र तथा 'उदासीका क्षणहरू' कथामा कथाकार निरपेक्ष रहेर नीलम र उसकी साथीले कथालाई अगाडी बढाएकाले परोक्ष वा नाटकीय चरित्रको प्रयोग भएको पाइन्छ ।

## घ) दृष्टिबिन्दुका दृष्टिले 'विभ्रम' का कथाहरू

'विभ्रम' कथा सङ्ग्रहका ३० मध्ये २२ कथा प्रथम पुरुषीय 'म' पात्रका दृष्टिबिन्दुबाट भनिएका छन् भने 'एक टुक्रा खुशी' 'रङ्गहीन आकश' 'जुलुस' 'आफ्नै किनारा' एक्लोपनका तरंगहरू र 'स्वतन्त्रता' जस्ता ६ कथा मात्र तृतीय पुरुष दृष्टिबिन्दुबाट भनिएका छन् । अनि 'झर्दै गएका सउरका पातहरू' र 'उज्यालोको खोजी' दुई कथा चाहि द्वितिय पुरुष प्रति संबोधित आत्मलापका प्रथम पुरुष दृष्टिबाट भनिएका छन् । 'पराइ पाइला' कथामा दुई नारीले पालैपालो गरी आ-आफ्नो कथा भनेका छन् । यी दुवै पात्रले प्रथम पुरुष शैलीमा कथा भनेकाले यसलाई पनि आन्तरिक दृष्टिबिन्दुमा आधारित कथा भन्न सकिन्छ । समग्रमा विभ्रम कथा सङ्ग्रहका कथाहरूमा आन्तरिक र बाह्य दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

## ङ) सारवस्तुका दृष्टिले 'विभ्रम' का कथाहरू

'विभ्रम' का कथामा भागीरथीले सामाजिक उच्च तथा मध्यमवर्गीय व्यक्तिहरूको यथार्थता खोत्ल्दै तिनिहरूको ओझेलमा रहेको वास्तविकतालाई आफ्ना कथामा उदाङ्गो पार्दै

त्यसमा सुधार गर्नुपर्ने सन्देश दिएकी छन् । सामाजिक विसङ्गति आर्थिक दुरावस्थामा भोगिने तनाव, आपसी घृणा पारिवारिक विग्रह, यौन अतृप्ति, त्यागमय प्रेम तथा नारी मानसिकता एवं समाजमा तिनीहरूको दयनीय स्थितिको चित्रण गर्दै नारी अस्मिताको रक्षा कर्तव्यनिष्ठता, इमान्दारिता, परस्परित कुरीतिको विरोध, सभ्य समाजको निर्माण गर्न उत्प्रेरित गर्ने यस कथासङ्ग्रहका कथाहरूको सारवस्तु रहेको देखिन्छ । विभ्रम का कथाले पारिवारिक कलह विवाद ताडना-प्रताडनर, अपमान, अशान्ति, नारीहरूका मानसिक द्वन्द्व अन्तर्द्वन्द्व, नारीले भोगेका असंख्य सामाजिक र पारिवारिक शोषण, लञ्छना, उनीहरूको निरिहता र मानिसका मनोजगत्लाई सघारेर हेर्छन् र समाजमा रहेको भ्रमको पर्दालाई च्यात्न खोजेको देखिन्छ ।

## च) देशकाल वातावरणका दृष्टिले 'विभ्रम' का कथाहरू

'विभ्रम' का कथामा मूलतः विकृति र विसङ्गतिपूर्ण संस्कृतिमा बाँचिरहेका शहरिया र ग्रामीण नेपाली जीवनका वस्तुस्थितिलाई चित्रण गरिएको छ । वर्तमान जीवनको भोगाइ 'विभ्रम' का कथामा स्वतः प्रकट भएको छ र यही भोगाइलाई स्पष्ट पार्ने क्रममा कथाकारले प्रस्तुत सङ्ग्रहका कथामा बाह्य र आन्तरिक दुवैबाट वातावराणको सृजना गरिएको छ ।

ग्रामिण परिवेशमा लेखिएका दुइवटा मात्र कथा 'अवलान' र 'तेन्ह वर्षपछि' भए तापनि अवसान कथामा सरितालाई गुण्डाहरूले हातपात गरेको घटनाले शहरिया परिवेशको सम्झना गराउँछ । 'बीस वर्षपछी' कथामा घाँस काटनु गाइवस्तु चराउनु जस्ता सन्दर्भले ग्रामिण परिवेशको चित्रण गरेको छ । शहरिया परिवेशको चित्रण गर्ने कथाहरू काठमाडौंको सेरोफेरो घुमेको देखिन्छ । शहरिया परिवेशमा हर्किएका व्यक्तिको मनोगत वातावरणलाई पनि कथामा चित्रण गरेको पाइन्छ । यस प्रकारका कथाहरूमा 'जीर्णोद्वार' 'अन्तर' 'एक टुक्रा खुशी' 'खुलदुली' आदि पर्दछन् ।

'विभ्रम' का सबैजसो कथाका प्रारम्भमा परिवेश र प्रकृतिको चित्रण गरेको देखिन्छ र त्यसैबाट प्रतिपाद्य विषयको सङ्केत गरेको पनि देखिन्छ । जस्तै :

"धेरै दिनदेखि मनभित्र मौनताको बादल बढ्दै थियो"

(उदासीका क्षणहरू : ११)

कथाको प्रारम्भमै भनिएको यस भनाइले आन्तरिक वातावरणतिर सङ्केत गरेका स्पष्ट देखिन्छ । त्यसैगरी बाह्य वातावरणको वारे पनि कथाको प्रारम्भमै संकेत गरेको पाइन्छ । जस्तै :

"जुलुस अनवरत बढिरहेछ"

(जुलुस : १७२)

यसरी विभ्रम कथा सङ्ग्रहका कथामा बाह्य आन्तरिक दुवै किसिमको वातावरणको प्रयोग पाइन्छ र त्यसलाई कथाको प्रारम्भमा नै संकेत गर्ने गरेको पनि देखिन्छ ।

## छ) संवाद/कथोपकथनका दृष्टिले 'विभ्रम' का कथाहरू

'विभ्रम' कथा सङ्ग्रहका 'पराइ पाइला' 'उदासीका क्षणहरू' 'निरुन्तर प्रश्नहरू' 'अविचल' 'विपन्नता' 'तेऱ्ह वर्षपछि' 'विसर्जन' 'उज्यालोको खोजी' जस्ता कथाहरूमा बढी एकालापको प्रयोग गरिएको छ भने अन्य कथाहरूमा वार्तालापको प्रयोग बढी देखिन्छ । 'जिर्णोद्वार' 'जिन्दगी एउटा नाङ्गो रुख' 'सीमाना नाघेपछि' 'आफ्नै किनारा' आदि कथामा संवादको कुशल प्रयोग गरिएको छ । पात्र र परिवेश अनुसारको संवाद कथाहरूमा पाइन्छ । उच्चस्तरीय शिक्षित शहरिया र ग्रामीण अशिक्षित पात्रहरूले आफ्नो स्तरअनुसारको भाषाको प्रयोग गरेका छन् । उदाहरणका रुपमा ग्रामीण परिवेशको पात्रको संवादलाई हेरौ

"आँखा झिमिक्क गर्नासाथ घर आइपुग्नु । थुप्रै काम असरल्ल छ"

(तेऱ्ह वर्षपछि : २००)

ग्रामीण परिवेशको पात्रले बोल्ने संवादमा झर्रा नेपाली शब्दको प्रयोग छ भने शहरिया शिक्षित पात्रले बोल्ने संवादमा स्तरीय नेपालीको प्रयोग गरिएको छ । उदाहरणको रुपमा शहरिया शिक्षित पात्रले बोलेको एउटा संवाद यहाँ प्रस्तुत गरिएको छ ।

"विजया ! तिम्रो यो अतुलनीय सुन्दरतालाई रक्सीको वाफमा कुरुप नबनाउ ।"

(विसर्जन : १८६)

वातावरण र पात्र अनुसारको भाषा तथा संवादको प्रयोगले गर्दा 'विभ्रम' का कथाहरू बढी आकर्षक र प्रभावकारी वनाएको छ ।

**ज) भाषाशैलीका दृष्टिले 'विभ्रम' का कथाहरू**

'विभ्रम' कथासङ्ग्रहका कथामा काथाकारको पूर्ववर्ती कथारचनाका तुलनामा भाषाशैली परिष्कृत र परिमार्जित देखिन्छ । शब्दको उपयुक्त चयन परिष्कृत वाक्यविन्यास साङ्केतिक भाषा र प्रतिकात्मक अर्थका साथै काव्यात्मक शैलीको प्रयोग भएकाले यस सङ्ग्रहका कथाको भाषा स्तरीय बन्न पुगेको छ । प्रतिकात्मक तत्पर्यलाई सङ्केत गर्न खोजिएका अभिव्यक्तिहरू स्वभावतः काव्यात्मक बन्न पुगेका छन् जस्तै :-

"मैले रितो आँखा र दुखेको मन लिएर त्यही कोठातिर हेरिरहे जहाँबाट छोरीले आफ्ना रहरहरू वर्षाएकी थिइ"

(उदासीका क्षणहरू : ११)

"कोठामा वसेर उदास क्षणहरूलाई बटुल्दै थिए शिशिरको पापी हावाले व्युँझ्यो"

(अविश्वासको गुम्फनभित्र : १४२)

'विभ्रम' का कथामा 'जमाना' 'आवाद' जस्ता हिन्दी शब्दहरू र 'डिजाइन' 'प्याकिङ' 'डिष्टर्व' जस्ता अङग्रजी शब्दहरू पनि ठाउँ ठाउँमा प्रयोग गरिएका छन् तापनि तुलनात्मक दृष्टिले परिष्कृत परिमार्जिन तथा काव्यात्मक शैलीमा लेखिएका यस सङ्ग्रहका कथाहरू भाषा प्रयोगका दृष्टिले सुन्दर तथा स्वभाविक देखिन्छन् । साङ्केतिक भाषा र व्यङ्ग्यात्मक शैलीको प्रयोगले पनि 'विभ्रम' का कथालाई सारगर्भित बनाएका छन् । आयतनका दृष्टिले पनि यस सङ्ग्रहका कथा छोटा र एकै वसाइमा पढिसकिने खालका छन् ।

### ४.१.४ 'रङ्गीन पोखरी' कथा सङ्ग्रहको अध्ययन

**क) लेखन/प्रकाशनका दृष्टिले 'रङ्गीन पोखरी' का कथाहरू**

'रङ्गीन पोखरी' भागीरथी श्रेष्ठको चौथो कथा सङ्ग्रह हो । यसलाई लघुकथा सङ्ग्रह भनिएको छ । सृजनशील प्रकाशन काठमाडौंबाट वि.सं. २०५० सालमा प्रकाशित

यस सङ्ग्रहमा जम्मा ३४ वटा लघुकथाहरू परेका छन् र ती यस प्रकार छन् 'प्रशंसा' 'अधिकार' 'घर' 'सिक्रि' 'नाइकेको वाचा' 'खटिरा' 'हाकिमको भित्रि खल्ती' 'चुनौती' 'रावण' 'दृष्टिकोण' 'अन्धो' 'महत्त्वाकांक्षी ठूलो दाजु' 'जीवनको मूल्य' 'जाल' 'विवेकहीन' 'विवेक' 'आ-आफ्नो आवश्यकता' 'हाम्रा निर्धन हिमालहरू' 'सर्पको विष' 'रंगीन पोखरी' 'अन्त्य' 'नयाँ दुलही' 'आगनको नृत्य' 'नयाँ घर' 'शोषण' 'दुस्साहस' 'संस्कार' 'भोक' 'मन्दिर' 'आगो' 'नङग्रा' 'बीउ' 'यी नदीहरू' 'पराया गन्ध' यी मध्ये कतिपय कथाहरू विभिन्न पत्र-पत्रिकामा यसभन्दा अघि नै प्रकाशित भइसकेका थिए भने कतिपय कथाहरू यसै सङ्ग्रहमा पहिलो पटक प्रकाशित भएका हुन् ।

## ख) कथावस्तुका दृटिले 'रङ्गीन पोखरी' का कथाहरू

नेपाली साहित्यमा साह्रै थोरै लघु कथाहरू लेखिएका छन् त्यसमा पनि सङ्ग्रहका रुपमा कमै प्रकाशित छन् । यस सङ्ग्रहका कथाहरू हाम्रो समाज र जनजीवनका यथार्थ र उद्देश्यपूर्ण जीवनमूलक विषयवस्तुमा आधारित छन् । वर्तमान युगका विकृति र विसङ्गतिहरूलाई नै कथावस्तुका मूल स्रोतका रुपमा ग्रहण गरिएको छ । व्यक्तिका अन्तर्मनका विकृतिहरूका साथै समाज र राष्ट्रिय जीवनमा व्याप्त विसङ्गति र विकृतिहरूलाई पनि समेटीएको छ । राष्ट्रियता तथा जातीयता जस्ता विषम परिस्थितिहरूबाट नेपालीहरू विद्रोही बन्दै गएको तथ्यलाई 'सिक्री' 'नाइकेको बाचा' 'अन्धो' 'जाल' 'हाम्रा निर्धन हिमालहरू' जस्ता कथाले देखाएका छन् 'हाकिमको भित्री खल्ती' नामक कथामा आजको ठूलाबडाहरू घुस कसरी खान्छन् भन्ने कुरालाई देखाउन खोजिएको छ । 'रङ्गीन पोखरी' कथामा निष्पक्ष व्यक्तिलाई पनि कसरी विभिन्न आरोप प्रत्यारोपद्वारा पक्षपात गर्न वाध्य तुल्याइन्छ भन्ने देखाइएको छ । त्यस्तै 'आगनको नृत्य' कथामा मानिसको स्वतन्त्र विचारलाई कसैले पनि रोक्न सक्तैन भन्ने कुरालाई देखाइएको छ ।

'दृष्टिकोण' 'विवेक' 'आ-आफ्नो आवश्यकता' जस्ता कथाहरूमा मनोवैज्ञानिक विषयवस्तुलाई लिइएको छ । संस्कृति र विकृति आदर्श र यथार्थ, बलवान र निर्बल, सत्कर्म र असल कर्म अनि ज्ञान र अज्ञानका बीचको द्वन्द्वलाई यस सङ्ग्रहका सबै जसो कथाले अँगालेका छन् । आफू शक्तिशाली छु भन्दैमा आफ्ना भनाइहरूलाई अरूले मान्नु

पर्ने अहङ्कारीपन, मानवअधिकारको हनन बढदै गएको, घुसपेस, सन्त्रासमय समाजको चित्रण 'घर' 'चुनौती' 'जीवनको मृत्यु' 'शोषण' 'दस्साहस' जस्ता कथाहरूले गरेका छन् ।

यो संसार एक किसिमको रङ्गीन पोखरी हो । संसाररुपी रंगीन पोखरीमा डुबुल्की मारेर नै कसैले श्रमजीवीको रङ्ग लिएका छन त कसैले मालिकको रंग लिएका छन् । फेरि कसैले मन्त्री, प्रधान मन्त्रीको रङ्ग लिएका छन् । त कसैले चोर डाँकाको रंग लिएका छन् ( विष्ट, २०५० : झ) । यस सङ्ग्रहका प्रत्येक कथाहरू एउटा रङ्गीन पोखरीका रुपमा छन् र प्रत्येक कथाबाट पाठकमा एउटा न एउटा विषयको छाप पर्दछ भने कथाका शीर्षकले पनि प्रतिकात्मक अर्थ दिन खोजेका छन् । रङ्गीन पोखरी कथासङ्ग्रहका कथाहरूमा आदि मध्य र अन्त्यको शृङ्खलामा कथानक सिधा अगाडी बढेको छ त्यसैले यसका सबै कथाहरूमा रैखिक किसिमको कथानक ढाँचा रहेको छ ।

## ग) चरित्रचित्रणका दृष्टिले 'रङ्गीन पोखरी' का कथाहरू

'रङ्गीन पोखरी' भित्रका कथाहरूमा विभिन्न प्रकारका चरित्रको समावेश गरिएको छ । यहाँ मानवीय र मानवेतर तथा चेतन र जड जस्ता सबै खालका चरित्रहरू पाइन्छन् । मानवेतर चरित्रहरूले पनि मानिसको झैं बोल्छन् र कार्य गर्छन । विशेषतः यी चत्रिरहरूलाई पनि मानवकै प्रतीकका रुपमा लिइएको छ । 'जाल' कथामा कुकुर राजा हुनु र स्याल त्यसको रखौटे हुनुले समाजका कुकुर र स्यालको जस्तो प्रकृति भएका व्यक्तिहरूलाई सङ्केत गर्न खोजेको देखिन्छ । 'शोषण' कथाका पहाड र फेदी 'यी नदीहरू' कथाका नदीहरू प्राणी इतर जड पात्र भएर पनि मानिसले झैं वार्तालाप गर्छन । यी चरित्रहरूलाई पनि मानव चरित्रकै प्रतिकका रुपमा लिएको छ । गरिबी र धनी बिचको खाडल र समाजमा रहेका ठूला बडा भनाउँदाले तल्लो वर्गका मान्छेलाई कसरी प्रताडित गराउँछन् भन्ने कुरा यस सङ्ग्रहका 'प्रशंसा' 'घर' 'सिक्री' 'अन्धो' 'विवेकहीन' 'संस्कार' जस्ता कथाका चरित्रले प्रष्ट्याएका छन् ।

'रङ्गीन पोखरी' कथासङ्ग्रहका पात्रहरूमा द्वन्द्वात्मकता पनि पाइन्छ । 'खटिरा' कथाको 'श्याम' 'दृष्टिकोण' कथाकी युवती 'संस्कार' कथाको सम्पन्न व्यक्ति जस्ता पात्रहरूमा अन्तर्द्वन्द्व तीव्र छ । अन्य सबैजस्तो कथामा बाह्य द्वन्द्वको सृजना भएको छ ।

'घर' कथामा घर बोक्नेहरू र त्यस घरको विरोध गर्नेहरूका बीच 'सिक्री' कथामा बुढी मालिक्नी उनका सेवक र विरोधीहरूका बीच 'महत्त्वकांक्षी ठूलो दाजु' कथामा ठूलो दाजु र भाइहरूका बीच 'जाल' कथामा कुकुर मालिक र जनताहरू बीच 'शोषण' कथामा पहाड र फेदी बीच बाह्य द्वन्द्वको सृजना गरिएको छ र द्वन्द्वात्मकता ज्यादै तीव्र पनि छ । यस सङ्ग्रहका कथाहरूमा प्रत्यक्ष परोक्ष र मिश्रित सबै खालका चरित्रहरू रहेका छन् ।

## घ) दृष्टिबिन्दुका दृष्टिकोणले 'रङ्गीन पोखरी' का कथाहरू

कथाकार भागीरथी श्रेष्ठको कथासङ्ग्रह रङ्गीन पोखरीका कथाहरूमा आन्तरिक र बाह्य दुवै दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ । कथयिता प्रायः 'म' पात्र हुन्छ अर्थात उत्तम पुरुषको दृष्टिबिन्दु प्रयोग गरेर कथा लेख्ने प्रवृति उनमा बढी देखिन्छ । जस्तै :

"कैयन बर्षदेखि म आँखा खोलिएर पनि अन्धो भएको थिए त्यसकारण कि म बसने ठाउँ पूरा अन्धकारले ढाकिएको थियो"

(अन्धो : २८)

'नाईकेको बाचा' कथाको कथयिता सर्वव्यापी देखिन्छ । यसबाट के देखिन्छ भने कथाकार श्रेष्ठले आफ्ना कथामा असिमित दृष्टिबिन्दु भन्दा सीमित दृष्टिबिन्दु अथवा आन्तरिक भन्दा बाह्य दृष्टिबिन्दुको प्रयोग बढी गरेको देखिन्छ ।

## ङ) सारवस्तुका दृष्टिले 'रङ्गीन पोखरीका' का कथाहरू

भागीरथीले यस सङ्ग्रहका कथामा वर्तमान संसारका विकृत त्रासदीय तथा सङ्कटपूर्ण जीवनको यथार्थ चित्रण गर्दै यसबाट वर्तमान समाजले मुक्ति पाउनुपर्ने वर्तमान मानव जीवन युद्ध र आतङ्क । विभीषिकाहरूले ग्रस्त छ र चारैतर्फ आतङ्क फैलिएको छ यसबाट पनि उन्मुक्त हुनु पर्ने 'घर' 'सिक्री' 'जाल' 'बीउ' जस्ता कथाहरूका माध्यमबाट आफ्नो भाव व्यक्त गरेकी छन् । नेपाली समाजका परम्परागत मानसिकता, असमानता र विकृति विसङ्गतिहरूलाई यस सङ्ग्रहका कथाहरूले अभिव्यक्त गरेका छन् । नेपाली समाजको परम्पराग्रस्त मानसिकता समाप्त भएको छैन । देशमा अझ पनि गरीबी, अशिक्षित, अज्ञानता प्रखर छ । नेपाली ग्रामीण शहरी समाजको दुरी धेरै फरक छ । महँगी

अनियन्त्रित र असीमित भएर बढेको छ । प्रत्येक नेपालीले बाँच्नका लागि ठूलो सङ्घर्ष गर्नुपरेको छ । र आफ्नो अस्तित्त्वतै शंकास्पद छ । देशको भू-राजनीतिले प्रत्येक नेपाली एक पटक आफ्नो भविष्यबारे सोच्न बाध्य छ । त्यसैले आजको विसङ्गतिका विरूद्ध विद्रोह गर्नुपर्ने भावले ओतप्रोत रहेका छन् यस सङ्ग्रहका कथाहरू ।

कथाकार श्रेष्ठले राजनैतिक सामाजिक असन्तुष्टिका अनुभूतिहरूलाई यस सङ्ग्रहका कथाहरूका माध्यमबाट प्रतिकात्मक रुपले व्यक्त गरेकी छन् । 'रङ्गीन पोखरी' मा संकलीत विभिन्न रङ्ग र ढङ्गका प्रतीकात्मक विसंगतिपूर्ण विद्रोहात्मक र उद्देश्य पूर्ण कथाहरूको म हार्दिक स्वागत गर्दछु (प्रधान, २०५० : २) यस कथनबाट नै भागीरथीका कथाहरू हाम्रो समाज र जनजीवनमा रहेका परम्परागत सोचलाई परिवर्तन गर्नु पर्दछ भन्ने भावाभूमिमा लेखिएका छन् भन्ने प्रष्ट हुन्छ ।

## च) देशकाल वातावरणका दृष्टिले 'रङ्गीन पोखरीका' कथाहरू

यस सङ्ग्रहका कथामा भागीरथीले वर्तमान युगमा मानिसले आफै सृजना गरेको संकटकालीन वातावरणको चित्रण गरेको छन् । यस सङ्ग्रह सम्म आइपुग्दा श्रेष्ठ व्यक्ति जीवनबाट क्रमशः राष्ट्रिय जीवनतर्फ अभिमुख भएकी छन् । राष्ट्रमा बढ्दै गएको विदेशी प्रभाव र क्रमशः हराउदै गएको जातीयतावोध स्वार्थसिद्धिका लागि एक अर्का समूहका बीच हुने आपसी झगडा शक्तिशालीहरूले निबंल माथि गरेका अत्याचार जस्ता घटनाहरूबाट राष्ट्र झगडा समाजमा सृजना भएका उत्तेजनापूर्ण र अशान्त वातावरणलाई नै यस सङ्ग्रहका कथामा प्रस्तुत गरिएको छ ।

सत्ताधारी पक्ष निरङ्कुश तथा स्वार्थी भएमा देशमा अशान्तिको वातावरण सृजना हुन्छ र वर्तमान युग अशान्तिमय छ मानव जीवनमा दिनका दिन सन्त्रास बढ्दै गएको छ । एकथरी व्यक्तिहरू शासनमा वसेर केवल आफ्नै स्वार्थका लागि मरिमेटेका छन् भने अर्काथरी भोकको ताडना खप्न नसकेर माटो खाइरहेका छन् भन्ने जस्ता राजनैतिक वातावरणका प्रसङ्गलाई पनि यस सङ्ग्रहका कथामा प्रस्तुत गरिएको छ । 'रङ्गीन पोखरी' का कथामा सिर्जिएको परिवेश र वातावरण कथावस्तु र पात्रानुकुल रहेको देखिन्छ । 'अधिकार' 'रावण' 'विवेकहीन' जस्ता कथाहरू पारिवारिक घटनालाई लिएर पारिवारिक

वातावरणमा लेखिएको छ भने अन्य कथाहरूस्मा राष्ट्रिय जीवनका समस्याहरूको उल्लेख गरेर तिनमा राजनैतिक परिस्थिति र वातावरणको सृजना गरिएको छ । विशेषतः नेपाली ग्रामीण शहरिया वातावरण वरिपरि नै यस सङ्ग्रहका कथाहरू घुमेको देखिन्छ ।

## छ) संवाद / कथापकथनका दृष्टिले 'रङ्गीन पोखरी' का कथाहरू

यस सङ्ग्रहका कथामा कथाकार श्रेष्ठले एकालाप र वार्तालाप दुवैको प्रयोग भएको पाइन्छ । तुलनात्मक रुपमा वार्तालाप भन्दा एकालापको बढि प्रयोग भएको छ । 'अधिकार' 'खटिरा' 'चुनौती' 'रावण' 'संस्कार' 'मन्दिर' कथाहरूमा धेरथोर वार्तालापको प्रयोग गरिएको छ । अन्य सबै कथा एकालापको प्रयोग गरेर लेखिएका छन् ।

यस सङ्ग्रहका कथामा प्रयुक्त संवादहरू पनि पात्रानुकुल छन् पात्रअनुसार संवादको प्रयोग गरिएकाले कथामा स्वभाविकता पैदा भएको छ । 'चुनौती' कथामा नदी 'जाल' कथामा कुकुर र स्याल 'शोषण' कथामा पहाड र फेदी 'यी नदीहरू' कथामा नदी जस्ता मानवेतर पात्रहरूले मानिसले झैं संवाद गरेकाले कथामा अस्वभाविकता देखिन्छ यी बाहेक 'रङ्गीन पोखरी' का कथामा प्रयुक्त संवादहरू स्वभाविक र पात्रानुकुल नै रहेका छन् ।

## ज) भाषाशैलीका दृष्टिले 'रङ्गीन पोखरी' का कथाहरू

"रङ्गीन पोखरी' का कथामा भागीरथीको भाषा परिष्कारोन्मुख देखिन्छ । पूर्ववर्ती कथाहरूका तुलनामा यस सङ्ग्रहका कथामा प्रयुक्त भाषामा बढी काव्यात्मकता पाइन्छ । यही काव्यात्मक शैलीले पनि रङ्गीन पोखरीका कथामा भाषिक मिठास ल्याएको छ । जस्तैः

एउटा भयभीत शंका फेरि ठाडिएको छ ।

फेरि एउटा विषालु इतिहास दोहोरिन सक्छ ।

(सर्पको विष : ४४)

हामी कसैको वैसखी भएर हिडदै

हामी कसैको योजनालाई पछ्याउँदैनौ ।

हामी हाम्रै विश्वासको बाटो खन्दैछौ ।

(मन्दिर : ६९)

यस सङ्ग्रहका कथाको भाषा सरल तथा सहज रहेको छ ठाउँ ठाउँमा प्रतिकात्मक शब्दहरू पनि प्रयोग गरिएका छन् । त्यसले गर्दा भाषामा बढी मिठास आएको छ जस्तैः

"भर्खर मेरो विवेकका प्वाँखहरू पलाएका थिए"

(जीवनको मूल्य : ३२)

"हाम्रा आस्थाहरू घाइते भएर पहाडको शिखरबाट खस्दैछन्"

(हाम्रा निर्धन हिमालहरू : ४२)

यस सङ्ग्रहका कथाहरू अपेक्षाकृत रुपमा छोटा आकारका छन् । त्यसैले कथाकारले कुनै किसिमको भूमिका नबाँधी सोझै विषयवस्तुमा प्रवेश गरेकी छिन् । त्यसैले लघु कथाका निम्ति अपेक्षित भाषिक सहजता र सरलता तथा आवश्यकता अनुसार विभिन्न प्रतीक र बिम्बको प्रयोग गरिएकाले प्रस्तुत सङ्ग्रहका कथा भाषाशैलका दृष्टिले पनि उत्कृष्ट रहेका छन् ।

### ४.१.५ 'भूमिगत' कथासङ्ग्रहको अध्ययन

#### क) लेखन प्रकाशनका दृष्टिले 'भूमिगत' का कथाहरू

'भूमिगत' (२०६२) भागीरथी श्रेष्ठको पाँचौ कथासङ्ग्रह हो । यस संग्रहमा भागीरथीका २०५१ देखि २०६२ सम्म लेखिएका २१ वटा कथाहरू सङ्कलित छन् । यस संग्रहमा रहेका कथाहरू यसप्रकार छन् । 'अन्तराल' 'अपराधबोध' 'ओझेल परेका प्रेमका किरणहरू' ' अँध्यारो फाटेपछि' 'विश्वास-अविश्वास' 'दह' 'तयार भयौ' 'काग र चिठी' 'सुन्दर झ्याल' 'पर्दा' 'त्यो कालो ढुङ्गा' 'मौनताभित्र' 'चिना' 'पूर्णविराम' 'चाँदीको करुवा' 'घाम डुबेपछि' 'भूमिगत' 'आँधी' 'दूरी' 'चुनौति' 'बचनबद्धता' जस्ता कथाहरू रहेका छन् ।

यी कथाहरू यसअघि विभिन्न साहित्यिक पत्रिकाहरूमा फुटकर रुपमा प्रकाशित पनि भइसकेका छन् ।

## ख) कथावस्तुका दृष्टिले 'भूमिगत' का कथाहरू

'भूमिगत' कथा सङ्ग्रहका कथाहरूमा नेपाली समाजका विविध पक्षको यथार्थ चित्रण गरिएको पाइन्छ । नारी पात्रको मनोविश्लेषणात्मक भावनालाई प्रशस्त मात्रामा उजागर गरिएका यस सङ्ग्रहका कथामा आधुनिक नारीका आत्मकथालाई समाजशास्त्रीय मानवशास्त्रीय विवेचना गरिएको छ । कथाहरूमा नेपालमा रहेका मध्यम र निम्नमध्यम वर्गको प्रतिनिधित्व भएको देखिन्छ ।

'अन्तराल' कथामा सहरमा डाक्टरी गरेर बसेको छोरो उसकी गाउँले स्वास्नीसमक्ष लामो अन्तरालमा गाउँमा पुग्दा सासु वुहारी बीचको शंकालाग्दो सम्बन्धलाई शंकालु पाराले प्रस्तुत गरिएको छ । त्यस्तै 'पूर्णविराम' कथामा १८ बर्षको यौवनावस्थामा विधवा भएकी आमा र तन्नेरी छोरो बीचको अस्वस्थ प्रेम र चाहनाबाट बुहारीले भोग्नुपरेको मानसिक यातना प्रस्तुत गरिएको छ । 'दूरी' कथामा लोग्नेले छोडेकी महिला र स्वास्नीले छोडेको लोग्नेमानिस जो एउटै अफिसमा काम गर्ने भएर पनि रेष्टुरामा भेट हुँदाको मौनतालाई देखाइएको छ । नारी कतिसम्म कठोर हुनसक्छन् भन्ने कुरा 'चुनौती' मा प्रस्तुत गरिएको छ । 'अपराध बोध' कथामा एउटी सामान्य महिलाको मनोविज्ञान प्रस्तुत छ उमेर छँदा संसार नै मेरो हो भन्ने घमण्डमा बाँचेकी बेटीमायाको सन्तान नभएपछि आफैले भित्र्याएकी सौताको टोकेसो सहनुपरेको यथार्थ चित्रण गरिएको छ । 'चाँदीको करुवा' कथामा भौतिक वस्तु प्रतिको मोहलाई सुन्दर शैलीमा प्रस्तुत गरिएको छ । यस सङ्ग्रहमा रहेका कथाहरूमा उत्कृष्ट कथा 'भूमिगत' हो । यो कथा राजनैतिक अवस्थाबाट प्रभावित रहेको छ । भूमिगत अवस्थामा चरम दुःख कष्टहरू भोगेर जब एक नेता मन्त्रीको कुर्सीमा पुग्छ उसको विवेकमा कसरी एक्कासी परिवर्तन आउँछ ? एउटा सामान्य विवेकी व्यक्तिबाट उर्लेर उसले कुर्सीलाई मात्र च्याप्न थाल्छ भने त्यो अवस्थाको मान्छेको रुप कस्तो हुन्छ ? यो रुपलाई जस्ताको तस्तै हेर्न कथाको यो वाक्य पर्याप्त छ ।

"यहि सबै खराब कुराहरू भत्केर नयाँ सुन्दर कुराहरू सिर्जना हुनुपर्थ्यो भने लक्ष्य शर्माको मनको सुन्दर पर्खाल भत्केर निर्लज्ज, धिनलाग्दो र अपराधी पर्खाल किन ठडियो"

(भूमिगत : १०६)

कथाकारले ४६ सालको जनआन्दोलन पछि नेताहरूमा देखापरेको मनोभावनाको यथार्थ तस्विर यसमा देखाउन खोजेकी छन् । डेढ दशक अघिको सन्दर्भ बोक्ने तर आजको सन्दर्भलाई हेर्दा पनि ठयाक्कै मेल खाने कथाका रुपमा 'भूमिगत' रहेको छ ।

यस सङ्ग्रहमा राजनीति प्रभावित, हृदयसँग सम्बन्धित मान्छेको सामाजिक र मानसिक अवस्थाले सिर्जित घटना दुर्घटनाहरूलाई विषयवस्तु वनाइएका कथाहरू रहेका छन् । "कथाकार भागीरथी श्रेष्ठको सामाजिक परिदृश्यभित्र यथार्थका धेरै आयामहरू अटाएका छन् । उनले मानिसका अन्तरपीडालाई बुझ्ने प्रयासमा विश्वासको घोर सङ्कटमा दिशाहीन भएको मानिसको यथार्थलाई आफ्ना कथाहरूमा विषयबद्ध गरेकी छन् ।

यस सङ्ग्रहमा सङ्गृहित धेरैजसो कथाहरूमा कथानक आदि, मध्य र अन्त्यको श्रृङ्खलामा रहेकाले कथानक ढाँचा रैखिक खालको छ ।

## ग) चरित्र चित्रणका दृष्टिले 'भूमिगत' का कथाहरू

कथाकार भागीरथी श्रेष्ठले 'भूमिगत' कथासङ्ग्रहमा कथामा शहर, धन, वैस, रुप र पदले मातिएका समसामयिक नेपाली पात्रहरूलाई आफ्ना कथामा समावेश गरेकी छन् । श्रेष्ठका सबै पात्रहरू च्याप्टा छन् । यसर्थ उनका प्राय पात्रहरूको व्यवहारमा केहि पनि परिवर्तन हुँदैन तर उनको मुख्य पात्रमा भने एकपल्ट परिवर्तन आउँछ । त्यो परिवर्तन कथाका अन्ततिर झड्काका रुपमा आउँछ । 'अन्तराल' कथामा 'म' पात्र आफ्नो गाउँमा बसेका बाबु, स्वास्नी र छोरालाई सधैका लागि माया मार्ने सङ्कल्प गर्छ । 'ओझेल परेका प्रेमका किरणहरू' मा रुपवतीलाई आफ्नो रुपको मूल्यहीनता थाहा हुन्छ । 'चाँदीको करुवा' मा आफ्नो करुवा बाढीले नबगाइदिएकामा कथाकी नायिका फुरुक्क हुन्छ । 'अँध्यारो फाटेपछि' भन्ने कथाकी नायिकालाई सम्पत्तिबाट मिल्ने सुखभोग मायाभन्दा ठूलो कुरा होइन रहेछ भन्ने थाहा हुन्छ । 'भूमिगत' कथामा आदर्श नेता मन्त्री भएपछि बद्लिएकोमा

पारुको मन सधैका लागि बाँउडिन्छ । 'घाम डुबेपछि' भन्ने कथाको मूल पात्रलाई आफ्ना स्वास्नीहरूले आफूलाई देखाएको मायाको सीमा थाहा हुन्छ । यसरी परिवर्तन हुँदा उनका पात्रहरूमध्ये रानैतिक नेता हुन हिडेको पात्रचाँहि अज्ञानबाट ज्ञानतिर नभएर ज्ञानबाट अज्ञानतिर परिवर्तित हुन्छ भने उनका अरू सबै मुख्य पात्रलाई चाहि अन्त्यमा ज्ञानको वोध भएको पाइन्छ ।

श्रेष्ठका यस कथासङ्ग्रहमा रहेका कथाका पात्रप्रति पाठकले शुरुमा बनाएको धारणा अन्त्यसम्म पनि कुनै खास परिवर्तन हुँदैन तर उनका पात्रहरू हाम्रो समाजमा नपाइने खालका होइनन् "इतिहासकार र कथाकारमा मुख्य फरक के हुन्छ भने इतिहासकारले एउटा वास्तविक लौकिक पात्रलाई अलौकिक बनाएर प्रस्तुत गर्छ भने एउटा सफल कथाकारले अवास्तविक र काल्पनिक पात्रलाई लौकि बनाएर प्रस्तुत गर्छ । यस दृष्टिले भागीरथी श्रेष्ठका पात्रहरू इतिहासका भन्दा बढी यथार्थ छन् तर तिनीहरूलाई सामान्यबीचका असामान्य पात्र भन्न सकिन्छ" (पोखेल, २०५९ : ३२७) ।

श्रेष्ठले यस सङ्ग्रहका कथामा समाजमा हेपिएको पात्रलाई विशेष माया गरेको पाइन्छ । साथै उनका कथाहरूमा मुख्य पात्र धेरै नारी पात्र रहेका छन् । यसबाट नारी कथाकारले नारीपात्रको अन्तर खोल्ने इमान्दारिता कथामा व्यक्त गरेको बढी देखिन्छ । श्रेष्ठका यस सङ्ग्रहका कथामा प्रत्यक्ष वा समाख्यानात्मक परोक्ष वा संवादात्मक / नाटकीय र मिश्रित खालका चरित्रको प्रयोग भएको पाइन्छ ।

### घ) दृष्टिबिन्दुका दृष्टिले 'भूमिगत' का कथाहरू

भागीरथी श्रेष्ठको 'भूमिगत' कथा सङ्ग्रहमा रहेका कथाहरूमा आन्तरिक र बाह्य दुवै दृष्टिबिन्दुको प्रयोग भएको देखिन्छ । उनका धेरैजसो कथामा कथयिता 'म' पात्र हुन्छ अर्थात प्रथम पुरुषको दृष्टिबिन्दुको प्रयोग गरेर कथा लेख्ने प्रवृत्ति उनमा बढी देखिन्छ । यस सङ्ग्रहका 'अन्तराल' 'ओझेल परेका प्रेमका किरण' 'चाँदीको करवा' 'अध्याँरो फाटेपछि' 'दूरी' 'मौनताभित्र' जस्ता कथामा प्रथम पुरुष अर्थात आन्तरिक दृष्टिबिन्दुको प्रयोग भएको छ भने 'भूमिगत' 'पूर्णविराम' 'चिना' जस्ता कथामा तृतीय पुरुष अर्थात बाह्य दृष्टिबिन्दुको प्रयोग भएको छ ।

यस सङ्ग्रहका कथामध्ये धेरैजसो कथामा कथयिता आफै कथाको पात्र पनि भएको देखिन्छ । पात्रको मनोभाव सामाजिक दृष्टिले असामान्य भएपनि मनोवैज्ञानिक दृष्टिले त्यति असामान्य पाइदैन । धेरैजसो कथाको विषयवस्तु यौन भएपनि यौनमनोविश्लेषण कथाकारको गहिरो रुचिको विषय देखिदैन् । कथाकार श्रेष्ठले आफ्ना कथामा असिमित दृष्टिबिन्दु भन्दा सीमित दृष्टिबिन्दुको प्रयोग गरेको पाइन्छ । विश्वभरका सफल कथाकारले प्रायः रोज्ने दृष्टिबिन्दु पनि यस्तै हो ।

### ङ) सारवस्तुका दृष्टिले 'भूमिगत' का कथाहरू

यस सङ्ग्रहमा सङ्ग्रहित ३१ वटा कथाले वर्तमान नेपाली समाज र हाम्रो समाजमा वाप्त परम्परागत सोच, समाजमा नारीहरूको अवस्था जनताको सेवामा समर्पित राजनीतिक योद्धाहरूमा आउने स्वार्थ पदलोलुपता र विचलन प्रति तिखो व्याङ्य गर्दै यो सबैबाट नेपाली समाजले उन्मुक्ति पाउनुपर्ने आशयले ओतप्रोत देखिन्छन् । स्वतन्त्रता, समानता, प्रजातन्त्र, बालविधवाप्रतिको सामाजिक दृष्टिकोण शोषित पीडितहरूको मुक्तिको पक्षमा पनि यस सङ्ग्रहका कथाहरूले आवाज उठाएका छन् । हाम्रो समाजमा हुने पारिवारिक कलह, विषद, ताडना-प्रताडना, अपमान, अशान्ति, स्वार्थ, कुण्ठा, विशृङखलता जिम्मेवारहीन स्वभाव, विषम परिस्थिति र आर्थिक कठिनाइको चित्रण उनका कथामा पाइनुका साथै यिनका विरूद्धमा विद्रोह गर्नुपर्ने आवाज पनि उठाएका छन् ।

नेपालको सामाजिक राजनीतिक जीवनलाई कथामार्फत प्रस्तुत गर्न सिपालु कथाकार श्रेष्ठका 'भूमिगत' कथा सङ्ग्रहका कथाहरूले सामाजिक, आर्थिक, राजनैतिक, पारिवारिक अन्यायका विरूद्ध आवाज उठाउदै सामाजिक, आर्थिक, राजनैतिक, पारिवारिक समानताको पक्षमा आवाज उठाएका छन् ।

### च) देशकाल वातावरणका दृष्टिले 'भूमिगत' का कथाहरू

'भूमिगत' कथासङ्ग्रहका कथाहरू गाउँले र शहरिया दुवै परिवेशमा लेखिएका छन् । यसका साथै सामाजिक, राजनैतिक परिवेशको पनि चित्रण उनका कथामा पाइन्छ । 'भूमिगत' 'अन्तराल' 'चाँदीको करुवा' जस्ता कथामा गाउँ र शहरका दुवै परिवेशको चित्रण गरिएको छ । उनका कथामा आन्तरिक परिवेशको पनि चित्रण गरिएको पाइन्छ

'तयार भयौ' मा सुन्दरी आमा र कुरुप छोरी बिचको मानसिक द्वन्द्वले आन्तरिक परिवेशको चित्रण गरेको छ भने 'पदा' कथामा बाह्य परिवेशको चित्रण भएको छ ।

यस सङ्ग्रहमा प्रयोग भएको नेपाली ग्रामीण परिवेश कथाकार हर्के बढेको परिवेशसँग मिल्दोजुल्दो देखिन्छ । 'भूमिगत' कथामा प्रयुक्त राजनैतिक परिवेश अहिलेको राजनैतिक परिवेशसँग ठयाक्कै मेल खान्छ । पारुको वैधय जीवन, लक्ष्य शर्माको परिवारसँगको विछोड विरामी लक्ष्य शर्मालाई पारुले स्याहार सुसार गरेको प्रसङ्ग पारु र लक्ष्य शर्माका बीचको प्रेम प्रसङ्ग, पनि यसको परिवेशमा गाँसिन आएका छन् ।

## छ) संवाद/कथापकथनका दृष्टिले 'भूमिगत' का कथाहरू

संवादले कथालाई स्वभाविक तथा प्रभावशाली वनाउन सहायतता गर्छ । संवादका दृष्टिले हेर्दा 'भूमिगत' का कथाहरूमा एकालाप र वार्तालापको प्रयोग गरिएको छ । यस सङ्ग्रहका शहरिया र शिक्षित पात्रले परिष्कृत संवाद बोलेका छन् भने गाउँले अशिक्षित पात्रले त्यही अनुसारको संवाद बोलेका छन् । राजनैतिक परिवेशमा लेखिएको कथा 'भूमिगत' कथाको मुख्य पात्र लक्ष्य शर्माको संवाद पनि परिवेश अनुकुल नै रहेको देखिन्छ ।

यस सङ्ग्रहमा रहेका कथाका पात्रहरूको संवाद अनुकुल र स्वभावविकनै देखिन्छ त्यसैले कथालाई पनि स्वभाविक बनाएको छ ।

## ज) भाषाशैलीका दृष्टिले 'भूमिगत' का कथाहरू

भूमिगत कथासङ्ग्रहमा प्रयुक्त भाषाशैली कथाकार श्रेष्ठका पूर्ववर्ती कथाहरूको तुलनामा परिष्कृत र परिमार्जित रहेको पाइन्छ । उनको यस सङ्ग्रहका कथामा लेखन सरल छ प्रस्तुति प्रष्ट छ । भाषिक मिठास छ उनको लेखनमा । जटिल र अल्झिएको शैली कतै पनि छैन् । निर्दिष्ट कथ्य छन् कथाहरूको । सोझै नभनीकन पनि भनिएका कुराले अर्थ्याउने प्रतीकात्मक सन्देशबाट कोही अनभिज्ञ हुदैनन् । विषय गहन र गम्भिर नभए पनि त्यसले धारण गर्ने परिष्कृति र शिल्पसंयोजनले रोचक पठनीय र समसामयकि लाग्छन यसका कथाहरू ।

श्रेष्ठका यस सङ्ग्रहका सबै कथामा मानवीय भावना विशेषको अत्यन्त मार्मिक र यथार्थ चित्रण भएको छ । भाषा, शैली शिष्ट र मर्यादित छन् तर कतैकतै वाक्य गठनमा आएको विचलनले गर्दा अर्थमा स्पष्टता आउन सकेको देखिदैन जस्तै:

"भुगोलपार्कको सिमेन्टको बेन्चमा किशोर सायद गोरखापत्र होला लिएर पढिरहेको"

(अँध्यारो फाटेपछि : १८)

"यो सब देखेर मनभित्र अमिलो पानी वग्न थाल्यो"

(अन्तराल : १)

यस्ता केही सामान्य कुरालाई पन्छाएर हेर्दा उनका कथाहरू सरल, सहज, सम्प्रेन्य र पठनीय रहेका छन् ।

## ४.१.६ 'रातो गुलाफ' कथासङ्ग्रहको अध्ययन

### क) लेखन प्रकाशनका दृष्टिले 'रातो गुलाफ' का कथाहरू

'रातो गुलाफ' भागीरथी श्रेष्ठको छैटौं कथा सङ्ग्रह हो र यो वि.सं. २०६६ सालमा प्रकाशित भएको हो । यस सङ्ग्रहमा भागीरथीका वि.सं. २०६२ देखि वि.सं. २०६६ सम्मका चार वर्षका बीचमा लेखिएका जम्मा १७ वटा कथाहरू सङ्कलित छन् । यसमा सङ्कलित कथाहरू यस प्रकार छन्- 'उज्यालाको पर्खाल' 'पीडा-विनिमय' 'च्यातिएको नोट' 'खेल' 'आफ्नै धरातल विप्लव' 'आगो र पानी' 'रातो गलैंचा' 'आसक्ति' 'अग्रहण' 'साक्षीको बयान' 'अछाम लहर' 'पन्छी' 'दोस्रो बाटो' 'रातो गुलाफ' 'निर्वस्त्र' 'नयाँ छोरी' । यी मध्ये कतिपय कथाहरू २०६२ देखि २०६४ को बिचमा कतिपय समसामयिक पत्रिकामा प्रकाशन भएका छन् भने कतिपय यसै सङ्ग्रहमार्फत पहिलोपल्ट प्रकाशित भएका हुन् ।

### ख) कथावस्तुका दृष्टिले 'रातो गुलाफ' का कथाहरू

भागीरथीको 'रातो गुलाफ' कथासङ्ग्रहका कथाहरूले मुलतः मानिसकै जीवनमा घटन सक्ने विषयवस्तुलाई समेटेका छन् । श्रीमान् श्रीमती बीचको सम्बन्धमा आउने

उतारचढाव तथा घात-प्रतिघातबाट सृजना हुने पीडा, कुण्ठा आदिलाई नै प्रस्तुत सङ्ग्रहका कथाहरूले समेटेका छन् । त्यसैगरी पारिवारिक सम्बन्धको विग्रदो स्वरूप तथा पुस्तात्मक परिवर्तनलाई पनि यस सङ्ग्रहका कथाहरूले प्रष्ट पार्ने काम गरेका छन् ।

यस सङ्ग्रहमा लेखिएका कथाहरूले नेपाल र केही वाहिरी देशको परिवेशलाई समेटेतापनि नेपाली ग्रामीण र शहरी दुवै परिवेशलाई लिएको पाइन्छ । पहिलो कथा 'उज्यालाका पर्खाल' मा एउटी बुढी आमा र नातिनातिना पात्रको रुपमा रहेका छन् । यो पुस्तान्तरको कथा हो । घरमा घृणा र अपमानको पात्र बनेकी आमालाई दवाई गर्न लाने भनी झुक्याएर छोराले वृद्धाश्रममा पुऱ्याई त्यहाँबाट बेपत्ता भएको घटनालाई प्रस्तुत गरिएको छ । दोस्रो कथा 'पीडा-विनिमय' हो । यस कथामा जापानमा काम गर्दा गर्दै नेपाल फर्केको एकजना युवकसँग रक्षा भन्ने पात्रको विवाह हुन्छ । तर जापन पुगेपछि आफ्नो श्रीमानको अर्को श्रीमती छ भन्ने थाहा हुन्छ । पछि नेपाल फर्केपछि रक्षाले श्रीमानलाई डिभोर्स गर्छे र पत्नीबाट धोका पाएको अर्को पुरुष सुदीपसँग नयाँ सम्बन्ध स्थापित गर्छे । यसरी यो वैवाहिक सम्बन्ध असफल भएको कथा हो । तेस्रो कथा 'च्यातिएको नोट' मा विवाह मण्डपमा पुगेर स्वयम्बर गर्ने समयमा छारे रोगले केटो लडेर सारा कामहरू भताभुङ्ग भएको विषयलाई समेटिएको छ । चौथो कथा खेलमा स्त्री समलिङ्गी भवानीको विहाको विषयलाई केन्द्रविन्दु बनाइएको छ । पाँचौ कथा 'आफ्नै धरातल' मा अरूको घरमा काम गरेर पढाई गरिरहेकी एउटी केटीलाई आफ्ना साथीहरू आएको समयमा घरवालाहरूले तल्लो स्तरको (नोकर्नी) को व्यवहार गरेतापनि साथीहरूको उसको मनोवल अझ उच्च वनाइदिएको प्रसङ्ग समेटिएको छ ।

'रातो गुलाफ' कथा सङ्ग्रहभित्र सङ्कलित कथाहरू मध्ये एकमात्र द्वन्द्व र युद्धको विषयलाई प्रस्तुत गरिएको कथा 'विप्लव' हो । यसमा जर्वजस्ती चन्दा असुल्ने, अपहरण गर्ने जस्ता घटनाहरू भोग्नुपरेको पीडालाई उषा र उसकी वहिनीका माध्यमबाट प्रस्तुत गरिएको छ । सातौं कथा 'आगो र पानी' मा आफ्नो श्रीमान विदेशिएपछि आफूमा उब्जेको यौनतृष्णा मेटाउन घरमै वस्ने सेते पात्रलाई यसोदाले अपनाएको विषयलाई प्रस्तुत गरिएको छ । आठौं कथा 'रातो गलैंचा' र नवौं कथा 'आसक्ति' एकै प्रकारका कथा हुन 'रातो गलैंचा' मा एउटी वृद्धाको पुरानो रातो गलैंचा प्रतिको आसक्तिलाई प्रस्तुत गरिएको

छ भने 'आसक्ति' मा एउटी अधबैसे नारीको गहना र नयाँ वस्त्र प्रतिको आसक्तिलाई प्रस्तुत गरिएको छ । यो समाजमा एक्लिएपछि कष्टले बाँच्न बल गर्ने दुःखी नारीको कथा हो (भट्टराई, रातो गुलाफ भूमिका चार) । एघारौं कथा साक्षीको बयान आफ्नी श्रीमतीलाई धन दौलतमा डुबाएर अर्की प्रेयसीकोमा धाउने अतृप्त पुरुषको चरित्रमा आधारित छ । 'रातो गुलाफ' यो कथा सङ्ग्रहकै उत्कृष्ट कथा हो । यो कथा प्रेम प्रणयमा आधारित कथा हो । यसमा दिल्लीको एउटा शिक्षालयसँग सम्बन्धित घटनालाई प्रस्तुत गरेको छ । यसको भाषा र शैलीको प्रभावकारिता अनि प्रेमको आदर्श रुपले कथालाई अनन्य शक्ति प्रदान गरेको छ ।

यस सङ्ग्रहका कथाहरू सहज र स्वभाविक ढङ्गले थालनी गरिएका छन् । सबैजसो कथाहरू नेपाली घर परिवारमा घटिरहने विषयवस्तुलाई लिएर लेखिएका छन् । रातो गुलाफका सबैजसो कथाका शीर्षकहरू कथावस्तुसँग सम्बद्ध छन् र यिनले विषयवस्तुलाई सहज रुपमा बोक्न सफल भएका छन् । रातो गुलाफ कथा सङ्ग्रहमा सङ्गृहित कथाहरू रैखिक कथानक ढाँचामा रहेका छन् कथानक सिधा वगेका र अदि मध्य र अन्त्यको श्रृङ्खला अविछिन्न रहेकाले यस सङ्ग्रहका कथाहरूको कथानक ढाँचा रैखिक रहेको छ ।

## ग) चरित्र-चित्रणका दृष्टिले 'रातो गुलाफ' का कथाहरू

'रातो गुलाफ' मा सङ्गृहित अधिकांश कथाहरू सामाजिक छन् । यस सङ्ग्रहका सबै कथाहरू नारीवरिपरि घुम्दछन् । ती प्रमुख पात्र भएपनि गौण भएपनि कथा तिनीहरूमै टुङ्गिन्छन् । यसमा प्रयुक्त कथाहरूमा रहेका नारीपात्रहरू मध्ये अमेरिका र बेलायत जाने दुई युवती बाहेक कुनै नारीले विद्रोह गरेको पाइदैन भने तिनीहरूको विद्रोहलाई पनि सवच्छन्दता तिरको पलायन वा सखलिप्साको खोजीका रुपमा लिन सकिन्छ । नारी सबैमा संवेदनशील सहनशील अथवा आफै समझदार र पुरुषको अत्याचारलाई बेवास्ता गरेर वा कुनै प्रकारले पनि आफै सुरक्षित हुन खोज्ने खालका छन् किनभने कथामा आएका नयाँ छोरा विवाह गरेर भित्र्याउने युवक वाहेक सबै पुरुष पात्रहरू काम नलाग्ने, मूर्ख, एकोहोरा र संवेदनाहीन मात्र रहेका छन् । त्यस्ता ठाउँमा आमाले नारीले, युवतीले, छोरीले, आफै

सम्हालिएर चित्त बुझाउनुपरेको छ । ती टक्कर गर्ने होइन अति वश्य छन (भट्टराई उही : दश) ।

उदाहरणका लागि छोरा वुहारीले मूर्खतापूर्वक वृद्धाश्रम लगेर मिल्काइएकी बुढी आमा त्यही उज्यालो प्रकाश देख्न थाल्छिन् । यो उनको बाध्यता हो । त्यसैगरी इनिजनियरबाट धोका पाएकी रक्षा र पत्नीबाट ठगिएको सुदीप बीच नयाँ सम्बन्ध स्थापित हुनु, नयाँ छोरीमा आमाले आफ्नी छोरीको ठाउँमा नयाँ छोरी प्रतिस्थापन गर्नु आदि कार्यहरूमा पात्रहरूको विवशता झल्किन्छ । आफ्नो लेखनशैलीमा प्रौढता र परिपक्वताको भाव झल्काउने कथाकार श्रेष्ठले आफ्ना कथामा धेरै पात्र नखोदी धेरै घटनाको घुम्तिमा पाठकलाई नघुमाई सरल ढङ्गबाट चरित्रलाई प्रस्तुत गरेकी छन् भने कतिपय कथाहरू व्यक्तिकेन्द्री रहेका छन् । रातो गुलाफ कथा सङ्ग्रहका कथाहरूमा समाख्यानात्मक र संवादात्मक/नाटकीय दुवै चरित्रहरूको प्रयोग भएको छ भने कुनै कथामा मिश्रित चरित्रको पनि प्रयोग छ ।

## घ) दृष्टिबिन्दुका दृष्टिले 'रातो गुलाफ' का कथाहरू

कथामा कथावस्तुलाई पाठकवर्गका निमित्त सवेद्य एवम् प्रषणीय बनाउने भूमिका कथात्मक दृष्टिविन्दुले खेल्दछ । यो प्रस्तुतिकरण संग सम्बद्ध रहन्छ । कथामा कथाकरा आफू रहेको स्थानलाई नै दृष्टिबिन्दु भनिन्छ । दृष्टिबिन्दु प्रथम पुरुष, द्वितीय पुरुष र तृतीय पुरुष गरि ३ किसिमका हुन्छन् । प्रथम पुरुष र तृतीय पुरुष दृष्टिबिन्दु कथा, उपन्यास र निबन्धमा रहन्छ भने द्वितीय पुरुष दृष्टिबिन्दु नाटकमा रहने गर्छ ।

कथाकार भागीरथ श्रेष्ठको 'रातो गुलाफ' कथा सङ्ग्रहका कथाहरूमा आन्तरिक ( प्रथमपुरुष) र बाह्य (तृतीय पुरुष) दुवै दुष्टिबिन्दुको प्रयोग भएको पाइएतापनि प्रायः कथाहरू तृतीय पुरुष दृष्टिबिन्दुमा नै रहेका देखिन्छ । यस कथासङ्ग्रह भित्र सङ्ग्रहित कथाहरूमध्ये च्यातिएको नोट, विप्लव, 'आसक्ति' जस्ता कथाहरू प्रथमपुरुष दृष्टिबिन्दुमा आधारित छन् भने अन्य कथाहरू तृतीय दृष्टिबिन्दुमा आधारित छन् । आफ्ना कथामा शसक्त रुपमा दुवैथरी दृष्टिबिन्दुको प्रयोग गर्ने कथाकार श्रेष्ठको 'रातो गुलाफ' कथा सङ्ग्रहमा सङ्ग्रहित कथाहरू दृष्टिबिन्दुका हिसावले सफल र सटिक देखिन्छन् ।

## ङ) सारवस्तुका दृष्टिले 'रातो गुलाफ' का गुलाफका कथाहरू

नेपाली समाज हुने गरेका घटना, दुर्घटना, माया, घात, प्रतिघात जस्ता विषयवस्तुलाई समेटेर कथाको सिर्जना गरी समाजको यथार्थपरक चित्रण गर्नु भागीरथी श्रेष्ठको विशेषता हो । 'रातो गुलाफ' कथा सङ्ग्रहमा सङ्ग्रहित कथाहरू हाम्रै नेपाली समाज सापेक्ष रहेका छन् । यस सङ्ग्रहका प्रायः कथाहरू नेपाली समाजकै दर्पणका रुपमा प्रस्तुत भएका छन् । कथाकार श्रेष्ठको 'रातो गुलाफ' कथा सङ्ग्रह समग्रमा मनोवैज्ञानिक कथासङ्ग्रहका रुपमा देखा पर्दछ । नारी र पुरुष दुवैमा यौन अतृप्तता छाउदा परिवार लथालिङ्ग भएको देखाउनुले यस सङ्ग्रहका केही कथाहरूमा यौन मनोविज्ञान प्रष्ट रुपमा आएको छ । यौनलाई शिष्ट र पाच्य रुपमा प्रस्तुत गर्न सफल कथाकार श्रेष्ठलाई यसै कथासङ्ग्रहका आधारमा यौनवादी कथाकार पनि भन्न सकिन्छ । अतृप्त यौनका कारण घटने घटनाबाट बाँच्न र सामाजिक घटना, कुरीतिको नाङ्गो एवम् यथार्थपरक चित्रण गर्दै सामाजिकतामा जोड दिनु नै रातो गुलाफ कथासङ्ग्रहको सारवस्तु रहेको छ ।

## च) देशकाल/वातावरणका दृष्टिले 'रातो गुलाफ' का कथाहरू

मानव जीवनको बाह्य र आन्तरीक दुवै रुपलाई कथाले ग्रहण गरेको हुन्छ । यी दुवैको समष्टी नै वातावरण हो । 'रातो गुलाफ' का कथामा आन्तरिक र बाह्य दुवै किसिमको वातावरण पाइन्छ । भागीरथीले 'रातो गुलाफ' का कथामा शहरीया एवम् अन्तर्राष्ट्रिय परिवेशको चित्रण गरेको पाइन्छ । 'रातो गुलाफ' कथा सङ्ग्रह भित्र सङ्कलित कथाहरू मध्ये 'विप्लव' कथा बाह्य वातावरणका दृष्टिले शसक्त कथा हो भने अन्य कथाहरूमा आन्तरिक वातावरणको पनि सटिक प्रयोग गरिएकाले यस कथासङ्ग्रहका कथाहरूमा अन्तर्राष्ट्रिय वातावरणको समेत प्रस्तुति रहेको छ ।

## छ) संवाद/कथोपकथगनका दृष्टिले 'रातो गुलाफ' का कथाहरू

'रातो गुलाफ' कथा सङ्ग्रहका कथाहरूमा एकालाप र वार्तालापको प्रयोग गरिएको छ । वार्तालापको तुलनामा एकालापको बढी प्रयोग भएको कथाहरू यस सङ्ग्रहमा सङ्गृहित रहेका छन् । एकालापको प्रयोग भएको कथा 'उद्याम लहर' हो जस्तैः

"म आफ्नो सत्य र वास्तविक स्वर्गलोकमा फर्कदैछु र आफ्नो गुमेको अस्तित्त्व फेरी आर्जन गर्दैछु ।"

(उद्याम लहर : ३५)

यस सङ्ग्रहको रातो गुलाफ कथामा संवादको प्रयोग भएको छ जस्तै :

"विश्वास गर श्रद्धा "म जहाँ भए पनि जे गरे पनि भगवानलाई सम्झनु अघि तिमिलाई माथि राख्नेछु ।"

तिम्रा उद्‌गारहरू मेरा जीवनका लागि आशीवर्चनहरू हुन् जुन शब्दहरू शक्तिधारा भएर म भित्र सञ्चार हुदै छन् ।

(रातो गुलाफ : १३५)

पात्र र परिवेश अनुसारको संवाद कथाहरूमा पाइन्छ । उच्चस्तरीय शिक्षित शहरिया र ग्रामीण अशिक्षित पात्रहरूले आफ्नो स्तरअनुसारको भाषा र संवादको प्रयोग गरेका छन् । ग्रामीण परिवेशका पात्रले झर्रा नेपाली शब्दको प्रयोग गरेका छन् भने शहरीया परिवेशका पात्रले बोल्ने संवादमा स्तरीय नेपाली भाषाको प्रयोग रहेको छ ।

### ज) भाषाशैलीका दृष्टिले 'रातो गुलाफ' का कथाहरू

'रातो गुलाफ' कथा सङ्ग्रहका कथामा कथाकारका पूर्ववर्ती कथा रचनाका तुलनामा परिष्कृत र परिमार्जित भाषाको प्रयोग देखिन्छ । यस सङ्ग्रहका कथाले लामो साधना र परिष्कारको प्रमाण दिन्छन् । उनको लेखनशैलीको प्रौढता र परिपक्वताको गति यस सङ्ग्रहको कथाले सङ्केत गर्दछन् । शब्दको उपयुक्त चयन परिष्कृत वाक्यविन्यास साङ्केततिक भाषा र प्रतिकात्मक अर्थको प्रयोगले यस सङ्ग्रहका कथाको भाषा स्तरीय बन्न पुगेको छ । भागीरथीको कथा शिल्प बडो सुन्दर छ पत्यारिलो, स्वभाविक र सहज । यति परिष्कृत भाषा छ त्यसको उदाहरणमा 'पन्छी' र 'रातो गुलाफ' पाइन्छ (भट्टराई उही : १२) ।

श्रेष्ठको यस सङ्ग्रहका सबै कथा परिष्कृत एवम् परिमार्जित छन् । सबै कथामा सरलता पाइन्छ । पाठकलाई तान्न सक्ने क्षमता उनका कथामा पाइन्छ । भाषा सरल सहज र सम्प्रेषणीय रहेका छन् ।

## ४.२ कथाकार भागीरथी श्रेष्ठका कथागत प्रवृत्तिहरू

भागीरथी श्रेष्ठ (२००५) आधुनिक नेपाली कथाका क्षेत्रमा चर्चित नारी हस्ताक्षर हुन् । यिनका कथाहरूमा विशेषगरी प्रेमको नाटक गरी अबला नारीहरूलाई आफ्नो जालमा फँसाएर स्वार्थसिद्ध भइसकेपछि कसिङ्गर सरह फ्याँकिदिने तथा कथित समाजप्रति तीव्र आक्रोश व्यक्त गर्दै लैङ्गिक विभेदताको अन्त्य हुनुपर्छ भन्ने मान्यतामा केन्द्रीत रहेका पाइन्छन् । घरेलु हिंसा पारिवारिक यातना, सामाजिक अपमान लैङ्गिक विभेद सहेर सदियौंदेखि अधिकारवञ्चित भएका नारीहरूका आवाजलाई बुलन्द गराउन चाहने श्रेष्ठ सशक्त नारीवादी कथाकार हुन् । समसामयिक राजनीतिक सन्दर्भलाई समेत चित्रण गर्दै समसामयिक जिवनका जटिलता, विद्रुपता अर्थात पीडा बाध्यता र विवशताहरूलाई पनि यिनले आफ्ना कथाका विषयक्षेत्र बनाएकी छन् । कथाकार श्रेष्ठका कथाहरूको अध्ययन गर्दा उनका प्रवृत्तिलाई निम्नानुसार देखाउन सकिन्छ ।

१) नारीवादी कथाकार ।

२) सामाजिक यथार्थवादी कथाकार ।

३) मनोवैज्ञानिक कथाकार ।

४) मौलिकता ।

५) पात्र चयनमा विविधता ।

६) पात्रमा मानसिक द्वन्द्वको प्रयोग ।

७) सरल तथा सहज भाषाशैलीको प्रयोग ।

### ४.२.१ नारीवादी कथाकार

समाजमा चिरकालदेखि प्रबल रहेको लिङ्गकेन्द्री पुरुष विचारधारका साथै पितृसत्तात्मक धारणा र साहित्यको पुरुषपरक व्याख्याप्रति प्रश्नचिन्ह खडा गर्दै यसले पुरुषद्वारा निर्धारीत नारीको स्थान तथा परम्परित मूल्य र स्वरूपको विरोध गर्दछ । नारीकेन्द्री परिप्रेक्ष्यबाट नारी हकहित र समानताको पक्षधरतालाई नारीवादी मानिन्छ ।

कथाकार भागीरथी श्रेष्ठ स्वयम् नारी भएकाले उनका कथाहरूस्मा पितृसत्तात्मक धारणा समाजमा नारीको स्थान र परम्परित रुपमा नारीमा हुने विभेदको विरोध पाइन्छ । कथाकार श्रेष्ठका सबैजसो कथाहरूमा नारीप्रतिको सामाजिक व्यवहार र नेपाली समाजमा रहेको नारीको अवस्थाको चित्रण पाइन्छ । "भागीरथीका कथामा आधुनिक नारीका आत्मकथालाई समाजशास्त्रीय, मानवशास्त्रीय विवेचना गरिएको छ" ( पोखरेल, २०६३ : २२) भागीरथीका कथाहरूमा नारीपक्षको विशिष्ट प्रस्तुति विशेष संवेदनाका साथ गर्नु नै उनका कथाहरूको विशिष्ट पक्ष रहेको देखिन्छ । उनका सबै कथा नारी वरिपरि घुम्दछन् ती प्रमुख पात्र भएपनि गौण भएपनि कथा तिनीहरूमै टुङ्गिन्छन् । "महिला लेखक भएका कारणले हुनसक्छ भागीरथीका कथाहरूमा महिलाका विषयले प्राथमिकता पाएको छ । महिलाको संवेदना उतार्न उही सफल भएकी छन् । लेखक आफैले पनि जीवनको धेरै अनुभव लिइसकेका हुनाले उनका कथाहरूस्मा पाकोपन पाइन्छ" (गिरी, २०६६ :   ) भागीरथीका कथामा नेपाली नारी पात्रको फरक फरक भूमिका, समस्या र फरक फरक मनोभाव अनुसारको निर्णय देखिन्छ । उनका धेरैजसो कथाले नारीका पक्षबाट पति र सन्तानप्रति राख्ने दृष्टिकोणलाई उपस्थित गरेका छन् कथाकार नारी हुनाले विश्वलाई नारीकै आँखाले हेरिनु बढी स्वभाविक प्रमाणिक र पत्यारिलो मानिन्छ । "मेरो परिवेश वरिपरि असंख्य नारीहरूका मानसिक द्वन्द्व अन्तर्द्वन्द्व उनीहरूले भोगेका असंख्य सामाजिक र पारिवारिक शोषण स्वभाव र दायित्वबाट अलग भएर निरपेक्ष दृष्टिबाट हेर्न सकिन र त्यस सम्पूर्ण पीडाजन्य आरोह र अवरोहहरूको म भित्रको संवेदनशीलतामा एउटा ज्वारभाट नै ल्याइदियो र त्यसलाई मैले कथा गुथेर आफ्नो मनको ज्वारभाटलाई शान्त गर्ने प्रयास गरे" (श्रेष्ठ, २०५० :   )

यसरी २०२३ सालदेखि हालसम्म अनवरत रुपमा नेपाली कथा साहित्यका माध्यमबाट समाजमा नारीले खेप्नुपरेका बाध्यता पीडा र विवशतालाई यथार्थ ढङ्गले चित्रण गर्दै नारी हक र अधिकारका लागि आवाज बुलन्द गर्ने सशक्त नारीवादी कथाकारका रुपमा भागीरथी श्रेष्ठले आफ्नो स्थान बनाएकी छन् । उनका ६ वटा कथासंग्रहमा रहेका 'मातृत्व' 'भूइँचालो' 'भूमिगत' लगायत अधिकांश कथाहरू नारी केन्द्रीयतामा लेखिएका छन् ।

### ४.२.२ सामाजिक यथार्थवादी कथाकार

समाजमा रहेका मूल्य र मान्यताहरू प्रस्तुत गर्दै सामाजिक खराबी वा विकृतिहरूको समस्यागत दृष्परिणामहरूको आलोचना गर्नुका साथै समाजको पर्यवेक्षण गरेर त्यहाँ देखिएका कमजोरीहरूको उल्लेख गर्दै मार्गदर्शन दिने काम सामाजिक यथार्थवादी कथाकारले गरिरहेको हुन्छ ।

भागीरथीले आफ्ना कथामा मुख्य रुपमा नेपाली समाजमा घट्ने घटनाहरूलाई नै कथावस्तुका रुपमा लिएकी छन् । उनका कथामा विशेषतः पति पत्नी बीचको मनमुटाव सामाजिक अन्धविश्वास र कुसंस्कार सासु-बुहारी बिचको झगडा पुरुषबाट हेपिदै आएका नारीहरूको स्थिति गरीब वर्गले सम्पन्न वर्गबाट हेपिनुपर्ने परिस्थिति जस्ता सामाजिक विषयवस्तुलाई समेटीएको पाइन्छ । उनका कथाहरू गाउँ शहर दुवै पृष्ठभूमिलाई लिएर लेखिएका छन् तापनि गाउँका तुलनामा अधिक मात्रामा शहरकै पृष्ठभूमिमा सामाजिक यथार्थको चित्रण उनका कथामा पाइन्छ ।" यिनका कथा हाम्रो जीवनका कथा हुन् । गाउँका कथा अनि शहरभित्रका गल्लीका कथा पनि यहाँ छन् उनी समाज भित्र पस्न सिपालु छन् शहरभित्र घुस्न सफल छिन् । यिनलाई सामाजिक कथाकारहरूकी उत्तराधिकारी नै मान्नुपर्दछ" (अधिकारी, २०५०) भागीरथीमा सामाजिक शाश्वत कथा र व्यथा छन् । नेपाली जीवन र तीनका सामाजिक अर्थव्यवस्थाको कालसापेक्ष तस्विर उनका कथामा प्रकट भएको पाइन्छ । भागीरथीका कथाका पारिवारिक कलह, विषाद, अशान्ति, प्रताऽना, सामाजिक मान अपमान, कुष्ठा विद्रोह, विश्रृङ्खलता, नारीमाथि भएको समाजिक र पारिवारिक शोषणको यथार्थपूर्ण चित्रण पाइन्छ । "भागीरथीका कथा पढ्दा यी कथा हाम्रै

समाजमा घटित भइरहेछन् जस्तो लाग्छ र यिनका पात्र पनि हामी बीच नै यतै कतै छन् जस्तो लाग्छ" (घिमिरे, २०४४) ।

कथाकार भागीरथी श्रेष्ठका कथामा बाबु आमा सासु-बुहारी लोग्ने स्वास्नी छोराछोरी र समाजका अन्य इष्टमित्रका व्यक्ति सचेतनादेखि सामाजिक सम्प्रदायको पूर्ण संवेदनालाई ग्रहण गरी जीवनप्रति पलायन रिक्तताबोध र अर्थहीनताका प्रयोगहरू पाइन्छ । समाजका गतिविधिलाई नियालेर बस्नु र तिनलाई टपक्क टिपेर कथा बनाउनु उनको कथागत शिल्प हो जसले गर्दा उनलाई संवेदनशील बनाएको छ । उनका कथामा सामाजिक परिदृश्यभित्र यथार्थका धेरै आयमहरू अटाएका छन् विश्वासको सङ्कटमा दिशाहीन भएको मानिसको यथार्थलाई आफ्ना कथामा समेटेकी छन् । उनका 'मोहदंश' 'क्रमशः' 'जलनका विम्ब' 'शिक्षक' लगायत अरू सबै जसो कथाहरू सामाजिक यथार्थवादी कथा हुन् ।

## ४.२.३ मनोवैज्ञानिक कथाकार

व्यक्तिका अन्तर्मनमा रहेका अतृप्त आकङ्क्षाहरूले वासनात्मक रुप लिएपछि व्यक्तिको मन कुण्ठित हुनपुग्छ र विभिन्न किसिमका ग्रन्थीहरूको विकास हुन्छ । यस किसिमका ग्रन्थीहरूले मान्छेलाई मनोरोगी बनाउँछ । चेतन र अचेतन मन बीचको द्वन्द्वलाई प्रस्तुत गर्दै यस्ता कथाहरूमा यौनको दमित रुपबाट निस्कने समस्या वा विकृतिहरूलाई दसाईएको हुन्छ ।

भागीरथी श्रेष्ठका कथामा पात्रहरूको मनोविश्लेषण गरेको पाइन्छ । उनका अधिकांश कथाका पात्रहरू विशेषतः वासनात्मक असन्तुष्टिबाट तड्पिएका हुन्छन् । आफ्ना कथामा नारी पात्रको मनोविश्लेषणात्मक भवनालाई प्रशस्त मात्रामा प्रकट गर्ने कथाकार श्रेष्ठका कथामा बालमनोविज्ञान, यौनमनोविज्ञान, पुरुषमा अन्तर्निहित कुष्ठा नारी अभिमान र दमिन चेतनको प्रकट गरिएको पाइन्छ । "पति पत्नी बीच उमेरको फरक पर्नु पति या पत्नी यौन कार्यमा असमर्थ हुनु पति वा पत्नीको मृत्यु या बिछोड हुनु जसता कारणले यौन जनित असन्तुष्टि सृजना भई तिनबाट पात्रहरूका मनमा पैदा हुने विभिन्न स्थितिलाई देखाउनुनै भागीरथीका कथाको मुख्य उद्देश्य हो" (गौतम, २०५१ :  ) । उनका कथाहरूले

विभिन्न परिस्थिति र मनस्थिति सिर्जना गरेर नारी हृदयका गहनगुप्त भावनालाई उद्घारित गर्ने गरेको पाइन्छ । पति र पत्नी बिच उत्पन्न विभिन्न शङ्का र उपशङ्काले गर्दा पत्नीका अन्तर्मनमा उब्जने मानसिक स्थितिको चित्रण र पत्नीले गर्ने विद्रोह उनका कथामा पाइन्छ । नारीका सम्बन्धहरू लोग्नेसित, परिवारका अरू सदस्यहरूसित र प्रेमी सित सरल वा जटिल हुन सक्छन् भन्ने कुराको मनोवैज्ञानिक अध्ययन उनका कथाहरूमा पाइन्छ । "मनोविश्लेषणात्मक कथा लेख्ने आजका थोरै कथाकारहरूमा भागीरथी श्रेष्ठको नाउँ पहिलो कोटिमा आउँछ" (शर्मा, २०४३ :  )

भागीरथीले आफ्ना कथाहरूमा यौनकुष्ठाले ग्रसीत पात्रहरूको चयन गरेर उनीहरूको यौन चाहनाको पर्दाफास गराउन सफल रहेकी छन् । बालमनोविज्ञान, यौनमनोविज्ञान, नारीमा रहेको अभिमान र दमित चेतनहरूको कथाका माध्यमबाट छताछुल्ल बनाउन सफल कथाकार श्रेष्ठका, 'धर्मपुत्र' 'एक टुक्रा खुशी' 'मातृत्व' जस्ता कथाहरू मनोवैज्ञानिक कथा हुन् ।

## ४.२.४ मौलिकता

कथाकार भागीरथी श्रेष्ठका कथाहरूमा मौलिकता पाइन्छ । उनका कथाहरूको वस्तुचयन, प्रस्तुतीकरण र कलात्मकताका दृष्टिले मौलिक खालका छन् भन्न सकिन्छ । नेपाली समाजमा घट्ने घटनाहरूलाई जस्ताको तस्तै कथात्मक तरिकाले आफ्नोपन दिएर श्रेष्ठले कथा लेख्ने गरेको पाइन्छ । उनका कथामा बढाइचढाइ अनुदितता र अनुकरणात्मकता पाइदैन् । पीडा वेदना व्यथा र छटपटी जस्ता कुरा मौलिक रुपमा उठान गरिएको छ । उनका प्रत्येक कथाहरू एउटा स्वाभाविक योजनाभित्र रहेका हुन्छन् भने तिनमा आएका पात्रहरू पनि अत्यन्त स्वभाविक र सन्तुलित रहेका हुन्छन् । कथाका नाममा नाटकीय वक्तता र कृत्रिम कथ्यको प्रयोग कुनै पनि कथामा भएको पाइदैन । कथाको आग्रहभन्दा पर गएर आफ्नो निजी विचारको आग्रह पनि कतै पाइदैन । "भागीरथीलाई सृजनात्मक र संरचनात्मक मौलिकताकी बलियो हकदार देख्छ यो निरन्तरता यथावत भोलि पनि रहने विश्वास गर्छु" (प्रधान, २०६५ :  )

यसरी कथाकार श्रेष्ठले नेपाली समाजमा घटने घटनाहरूलाई कथामा ढालेर कलात्मक ढङ्गले प्रस्तुत गर्ने काम गरेकी छन् । सामाजिक, राजनैतिक विकृति र विसङ्गतिप्रति आक्रोश र समाज सुधारको आह्वान उनका कथामा पाइन्छ । उनका सबै कथामा कथावस्तु भिन्न खालका भए तापनि सृजनात्मक र संरचनात्मक दृष्टिले मौलिक खालका रहेका छन् । उनका सबै कथाहरू मौलिक खालका रहेका छन् । त्यसैले मौलिकता पनि कथाकार श्रेष्ठको कथागत प्रवृति हो ।

### ४.२.५ पात्र चयनमा विविधता

कथाकारले कथा भन्नका लागि कथामा प्रयोग गर्ने कथयितालाई पात्र भनिन्छ ।

कथाकार भागीरथी श्रेष्ठका कथामा विविध खालका पात्रको चयन गरेको पाइन्छ । उनका कथामा सामान्यतया मध्यमवर्गीय नेपाली परिवारबाट कथाका पात्रहरू लिइएको पान्छ । उनका कथामा अफिसमा काम गर्ने हाकिमदेखि लिएर सामान्य व्यक्तिहरूलाई पनि पात्रका रुपमा प्रस्तुत गरिएको पाइन्छ ती पात्रहरू विशेषतः आर्थिक रुपले भन्दा मानसिक रुपले बढ्ता पिरोलिएका हुन्छन् । कथाकार स्वयमले बिताएको जागिरे जीवनबाट भोगेका र अनुभव गरेका विषयका अतिरिक्त आफूले देखेका कर्मचारीहरूको जीवनशैलीलाई प्रस्तुत गर्न कर्मचारी वर्गका पात्रहरू बढी प्रयोग गरेको देखिन्छ । उनका कथामा अत्याधिक मात्रामा नारी पात्रको पनि समावेश गरिएको छ । यसक साथै समाजमा रहेका उच्चवर्ग र निम्न वर्गका व्यक्ति पनि पात्रका रुपमा आएका छन् । उनका कथाहरू गाउँ र शहरका परिवेशमा लेखिएकाले पात्रहरू पनि गाउँले र शहरीया पृष्ठभूमिकानै रहेको पाइन्छ । गाउँले पात्रहरू गरिबी र आदर्शले र शहरिया पात्रहरू मानसिक असन्तुष्टिले पिरोलिएका छन् । भागीरथीका कथामा मानवेतर पात्रको पनि प्रयोग गरिएको छ । “भागीरथीका कथाका पात्रहरू विविधतापूर्ण रहेका छन् भने विविध चारित्रिक व्यञ्जनाहरू पनि छन्” (प्रसाइ, २०५२ : )

कथाकार भागीरथीका कथामा नेपाली समाजबाट टप्पक टिपेर ल्याए जस्ता पात्रहरू देखापर्दछन् । उनले समाजका तल्लो स्तरका देखि लिएर मध्यम वर्गका पात्रहरूको

प्रयोग गरेको देखिन्छ । बाल, युवा, प्रौढ सबै उमेर समूहका पात्र देखि लिएर भागीरथीका कथामा मानवेतर पात्रको पनि प्रयोग भएको पाइन्छ ।

### ४.२.६ पात्रमा मानसिक द्वन्द्वको प्रयोग

कथाकार भागीरथी श्रेष्ठका कथामा द्वन्द्वात्मकता प्रयोग यथेष्ट मात्रामा गरिएको पाइन्छ । पात्रमा मानसिक द्वन्द्व सिर्जना गरी कथालाई कलात्मक तरिकाले प्रस्तुत गर्नु श्रेष्ठको अर्को विशेषता हो । यिनका कथाका पात्रमा बाह्य भन्दा आन्तरिक द्वन्द्व बढि भएको देखाइएको छ । पात्रको चेतन मनको विश्लेषण गर्ने क्रममा उसका कर्तव्य अकर्तव्य धर्म अधर्म, नैतिकता अनैतिकता आदि समाजिक मनोवृत्ति बीच द्वन्द्वको सिर्जना विकास र विश्लेषण गरिएको छ । उनका कथामा दुई नारी र एक पुरुष, एक नारी र दुई पुरुषका बिचको द्वन्द्वलाई पनि देखाइएको छ । भागीरथीका कथामा पात्रहरूको आन्तरिक मनःस्थितिको व्याख्या गरिएको हुन्छ । यौनजनित असन्तुष्टिबाट उत्पन्न भएको आन्तरिक द्वन्द्वको सफल समायोजन उनका कथामा पाइन्छ । बाहिर देख्दा साधारण भन्दा साधारण लाग्ने मानिस भित्रभित्रै कति ग्रन्थी जटिलतामा बेरिएर बाँचेको हुन्छ भन्ने कुराको यथार्थपूर्ण चित्रण भागीरथीका कथामा भएको पाइन्छ । “भागीरथीका कथामा रहेका पात्रहरू अन्तर्क्रिया बढि गर्दछन् अर्थात चिन्तनको धरातलतालाई छुन पुग्दछन् र साथै भाव संवेगद्वारा दिशाबोध पनि गर्दछन् कथाकारले वैचारिक द्वन्द्वमा जोड दिनको कारण पनि यहि नै हो यसै द्वन्द्वका संयोजनले यहाँका पात्रहरू आफ्नो मनोलोकको रहस्य उदाङ्ग पार्न सक्षम पनि भएका छन्” (श्रेष्ठ, २०६१ :  )

कथाकार भागीरथी श्रेष्ठले मानसिक अन्तर्पीडालाई बुझ्ने प्रयासमा विश्वासको घोर सङ्कटमा दिशाहीन भएको मानिसको यथार्थलाई आफ्ना कथामा विषयवद्ध गरेकी छन् त्यसैले पात्रको अन्तर्द्वन्द्वको प्रस्तुती उनका कथामा पाइन्छ साथै पात्रको संवेगात्मक स्थितिलाई विश्लेषण गर्न पनि सफल रहेकी छन् । उनका ‘क्रमशः’ ‘जलनका विम्बहरू’ ‘संस्कार’ ‘चिता’ जस्ता कथामा पात्रको मानसिक द्वन्द्व देखाइएको छ ।

### ४.२.७ सरल तथा सहज भाषाशैलीको प्रयोग

भाषिक दृष्टिले श्रेष्ठका कथाहरू सरल तथा सहज छन् । उनका कथामा ठाउँ ठाउँमा कवितात्मक भाषाशैलीको प्रयोग गरिएकाले भाषामा लालित्यता थपिएको छ । उखान टुक्काको प्रयोगले भाषामा सम्प्रेषणीयता ल्याएको छ । कथामा पात्रको स्तर अनुसारको भाषाको प्रयोग गर्नु कथाकारको भाषिक प्राप्ति नै स्वीकार्नु पर्छ । बोलीचालीका सरल शब्द र पदावलीको प्रयोग छोटा सरल वाक्य, जीवन जगतबाट टिपिएका सरल विम्बले उनका कथाहरू आकर्षक बनेका छन् । उनका कथामा हिन्दी, अंग्रेजी भाषाको प्रभाव पनि परेको देखिन्छ लिङ्ग बचत तथा क्रियापदको प्रयोगमा पनि ठाउँ ठाउँमा त्रुटी फेला पर्दछन् भने वाक्य गठनमा पनि विचलन आएको देखिन्छ । "भाषाशैली शिष्ट र मर्यादित छन् तर कतैकतै वाक्य गठनमा विचलनले गर्दा अर्थमा स्पष्टता छैन उदाहरणका लागि 'अँध्यारो फाटे पछि' कथाको पहिलो अनुच्छेदको वाक्य हेरौ "भूगोलपार्कको सिमेन्टको वेञ्चमा किशोर सायद गोरखापत्र होला लिएर पढिरहेको" यी यस्ता सामान्य कुरा बाहेकका उनका कथा सबै उत्कृष्ट छन् ।" (घिमिरे, २०६४ :  )

भागीरथीका कथाहरू साना साना विषयवस्तुमा आधारित छन् । भाषाशैली सरल छ । हाम्रै वरिपरि घटने घटनाहरूलाई नै लेखकीय सीपबाट तानाबाना बुनेर लेखिएकाले कथाहरू सहज खालका छन् । उनका कथाको भाषा सरल अभिव्यक्ति सहज छ र विषयवस्तु प्रेम, परिवार र घर भएकाले कथा आकर्षक र महत्त्वपूर्ण रहेका छन् । उनका सबै कथाको भाषा सरल, सहज र सम्प्रेषणीय रहेको छ ।

यसरी १८ वर्षको उमेरदेखि औपचारिक रुपमा कथायात्राको थालनी गर्ने भागीरथी श्रेष्ठ हालसम्म निरन्तर रुपमा कथा लेखन र प्रकाशनमा तल्लीन रहेकी छन् । उनको यही सुदीर्घ साधना तथा उत्कृष्ट सृजनाका निम्ति उनी विभिन्न सम्मान र पुरस्कारबाट सम्मानित हुदै आएकी छन् । उनी नेपाली कथा साहित्यमा सफल नारी कथाकारका रुपमा पनि स्थापित तथा परिचित भएकी छन् । उनका कथाहरूको अध्ययन गर्दा माथि उल्लेखित बाहेक प्रतिकात्मकता, कथामा विम्बको प्रयोग, राजनैतिक व्यङ्ग्य, परिष्कार बालमनोविज्ञानको प्रस्तुती, विविध विषयमा कथा लेखन बालकथाको लेखन जस्ता कथागत प्रवृत्तिहरू रहेका छन् ।

# परिच्छेद पाँच

# उपसंहार एवम् निष्कर्ष

## ५.१ उपसंहार

कथा वर्तमान साहित्यको सबैभन्दा सशक्त र लोकप्रिय विधा हो । कथा शब्दको अर्थ युग र परम्परा अनुसार निर्धारित हुदै आएको पाइन्छ । कथाको अर्थलाई पहिल्याउने क्रममा अलिखितरुपमा विद्यमान लोककथासम्म पुग्नुपर्ने हुन्छ । मानव सभ्यताको सुरुवातसँग मान्छेले पीडा र खुसीलाई आफन्तहरू माझमा प्रकट गर्दै गयो । सभ्यताको विकाससँग संसारमा लोककथा, वैदिक कथा, औपनिषदिक कथा, उत्तरवैदिक कथा, पौराणिक कथा, नीति कथा, मनोरञ्जनात्मक कथा, अतिकल्पनात्मक कथा हुदै आधुनिक कथाहरूको प्रादुर्भाव भएको हो । वर्तमान सन्दर्भमा कथा भन्नाले आधुनिक कथा भन्ने बुझिन्छ । यस प्रकारको कथाको प्रारम्भ इश्वीको १९ औं शताब्दीमा 'एड्गर एलेन पो' ले गरेका हुन् । पूर्वीय वाङ्मयमा कथाको बीज विक्रमको लगभग पच्चीस सय वर्ष पूर्व ऋग्वेदमा पाइने यमयमीको कथा, माधवी गालवको कथाहरूमा पाइन्छ । यसपछि ब्राह्मण ग्रन्थ र उपनिषद्का साथै रामायण र महाभारत, वैदिकग्रन्थमा वर्णन भएका जातक कथाहरू, संस्कृतमा पञ्चतन्त्र र हितोपदेशका कथाहरू आदिलाई अर्को चरणका रुपमा लिन सकिन्छ । यस्तै पश्चिममा पनि कथाको इतिहास वाङ्मयको इतिहाससँगै प्रारम्भ भएको मानिन्छ । पश्चिममा कथा परम्पराको सर्वप्राचीन नमूना इजिप्टको दुई दाजुभाइ (इ.पु. ३००-४००) सम्मलाई मानिन्छ क्राइष्टको २५ सय वर्षभन्दा पनि पूर्व विकसित मिश्रको सभ्यतासँग सम्बन्धित जादुगरको कथा आधार ग्रन्थ 'ओलड टेष्टमेन्ट' र क्रिस्तानीहरूको धार्मिक ग्रन्थ 'न्यू टेष्टामेन्ट' आख्यानका प्रारम्भिक उदाहरण हुन् । यसपछि इशाको हजारवर्ष पूर्वतिर पाइएको होमरको इलियड र ओडिसी लगायत इशापूर्व तेस्रो र चौथो शताब्दीतिर सुकरात, प्लेटो र अरस्तुका संवाद सुक्ति र उपदेशहरू भर्जिलको 'इनियड' दाँतेको 'डिभाइन कमेडी' उल्लेखनीय ग्रन्थहरू हुन् । कथाले साहित्यको एउटा स्वतन्त्र विधाको रुपमा मान्यता पाएको भने पछि मात्रै हो । यसको प्रयोग जर्मनी, फ्रान्स, रुस, अमेरिका आदि देशमा उन्नाइसौ शताब्दीदेखि हुन थालेको हो । १९ औं शताब्दी पछि

विश्वसाहित्यमा आखयन साहित्य अन्तर्गतको एक प्रमुख विधाका रुपमा कथाले आफ्नो छुट्टै पहिचान बनाउन सकेको देखिन्छ ।

लुम्बिनी अञ्चल गुल्मी जिल्ला अन्तर्गत रिडी बजारको एक मध्यमवर्गीय परिवारमा वि.सं. २००५ मा जन्मेकी भागीरथी श्रेष्ठ नेपाली साहित्यको विकास प्रक्रियामा महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेकी साधक हुन् । रिडी बजारको रिडी हाइस्कुलबाट वि.सं. २०२३ मा एस.एल.सी. उत्तीर्ण गरेकी श्रेष्ठले वि.सं. २०३६ मा प्राइभेट परीक्षार्थीका रुपमा सामेल भइ त्रि.वि. बाट स्नातक तह उत्तीर्ण गरेकी छन् । उनको २१ वर्षको उमेरमा पाल्पा भैरवस्थानका दुर्गाप्रसाद श्रेष्ठसँग बैवाहिक सम्बन्ध गाँसियो । उनका श्रीमान पनि शिक्षित र जागिरे भएकाले उनी नेपालका विभिन्न ठाउँमा वस्ने घुम्ने मौका पाइन । उनी एक समाजसेवी, सम्पादक, शिक्षक र कर्मचारीका रुपले पनि परिचित भएकी छन् । श्रेष्ठको जीवनको सबैभन्दा महत्वपूर्ण पाटो साहित्यिक व्यक्तित्व नै हो । उनले सर्वप्रथम वि.सं. २०२३ मा रिडी हाइस्कुलको मुखपत्र **रुरु** मा प्रकाशित 'प्रबल इच्छा' भन्ने कथाबाट शुरु भएको हो । यसपछि उनी अविछिन्न रुपमा साहित्य साधनामा तल्लीन रहेकी छन् । उनका आधा दर्जन कथासङ्ग्रहहरू प्रकाशित छन् । विभिन्न साहित्यिक पत्रिकामा कविता, गीत, निबन्ध, बालकथाहरू लेखेको पाइन्छ । साथै उनका दुई वटा उपन्यास पनि प्रकाशित रहेका छन् । अहिले सम्म साहित्यका विभिन्न विधाहरूमा कलम चलाएकी श्रेष्ठ खासगरी कथामा बढी प्रख्यात रहेकी छन् । उनले आफ्ना कथामा नेपाली ग्रामीण जनजीवन मुख्य आधार बनाएको पाइन्छ । उनका कथामा समाजका घटनाहरू यथार्थ रुपले चित्रण गरिएको हुन्छ । त्यसैले उनी सामाजिक यथार्थवादी कथाकार हुन् ।

उनी साहित्यिक व्यक्तित्वका साथै साहित्येतर व्यक्तित्व पनि हुन् । सानै उमेरदेखि लगनशील, अनुशासित, दयालु, सहयोगि भावना भएकी श्रेष्ठले आफ्नो जिवनमा विभिन्न सामाजिक संस्थासँग आबद्ध भएर समाज सुधारमा महत्त्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ । उनी खासगरी नारीका पक्षमा र समाजमा उपेक्षित र पीडित समुदायको हितको लागि काम गर्दछिन त्यसैगरी उनी सम्पादक व्यक्तित्व पनि हुन । उनले विभिन्न पत्रिकामा सम्पादक मण्डलको सदस्य भइ काम गरेकी छन् । श्रेष्ठलाई कर्मचारी तथा शिक्षिक व्यक्तित्वका रुपमा पनि चिन्न सकिन्छ ।

श्रेष्ठ साहित्येतर व्यक्तिभन्दा साहित्यिक व्यक्तित्वबाट बढी परिचीत छन् । साहित्यमा पनि खासगरी आख्यान विधामा सशक्त रुपमा कलम चलाउने साहित्यकार हुन् । उनले आख्यानमा पनि कथा विधामा नवीनशैली र प्रवृतिमार्फत समाजलाई नियाली जीवन भोगाइका जटिल यथार्थलाई प्रस्तुत गरेकी छन् । सबैभन्दा प्रभावशाली साहित्यिक विधा कथामा पनि आफ्नै संरचक घटकहरू छन् । यस अन्तर्गत कथानक, चरित्र, दृष्टिविन्दु, सारवस्तु, भाषाशैली, उद्देश्य, परिवेश, रुपविन्यास पर्दछन् । यिनैका आधारमा कथाको अध्ययन र विश्लेषण गर्न सकिन्छ । त्यसैगरी प्रवृतिगत आधारमा सामाजिक, यथार्थवादी, प्रगतिशील, मनोविश्लेषणात्मक, आञ्चलिकता जस्ता प्रवृतिमा आधारित भइ विश्लेषण गर्न सकिन्छ ।

भागीरथी श्रेष्ठको पहिलो प्रकाशित कथासङ्ग्रह 'क्रमश' (२०४३) हो । यस सङ्ग्रहमा जम्मा १५ वटा कथाहरू सङ्गृहित छन् यस सङ्ग्रहका कथामा नेपाली समाजमा भए गरेका र हुने घटनालाई जस्ताको तस्तै उतार्ने प्रयास गरिएको छ । समाजमा व्याप्त वर्गीय भेदभाव र पुरानो सामन्ती संस्कारको चित्रण गरेको पाइन्छ । क्रमशः कथा सङ्ग्रहका कथामा ग्रामीण र शहरिया परिवेशलाई आधार बनाइएको छ । कथाको भाषा सरल र सहज देखिन्छ भने शब्दचयनमा केही त्रुटी पाइन्छ यस सङ्ग्रहका कथा रैखिक कथाका ढाँचामा लेखिएका छन् । आन्तरिक र बाह्य दुवै दृष्टिविन्दुको प्रयोग यस सङ्ग्रहका कथामा पाइन्छ । श्रेष्ठको दोस्रो कथा सङ्ग्रह 'मोहदंश' (२०४४) हो यसमा जम्मा १३ वटा कथाहरू समावेश गरिएका छन् । सामाजिक पृष्ठभूमिमा व्यक्तिका मानसिक स्थितिलाई चिरफार मोहदंशका कथामा गरेको पाइन्छ । व्यक्तिका विभिन्न सामाजिक परिस्थिति र मनस्थितिको चित्रण गर्दै प्रस्तुत गरिएका मोहदंशका कथाहरू यथार्थवादी छन् । कथाहरूमा व्यक्ति र समाजका आर्थिक र संस्कारगत विसङ्गतीलाई पनि प्रस्तुत गर्ने प्रयास गरिएको छ । मोहदंशका कथाहरू नेपाली समाज गाउँ र शहरिया परिवेशलाई केन्द्रबिन्दु बनाएर लेखिएका छन् रैखिक प्रकारको कथानक ढाँचा भएका कथाहरूमा आन्तरिक र बाह्य हुँदै दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ । भागीरथी श्रेष्ठको तेस्रो कथासङ्ग्रह 'विभ्रम' (२०५०) हो । साझा प्रकाशनबाट प्रकाशित विभ्रम कथासङ्ग्रहमा ३० वटा कथा सङ्गृहित छन् । काठमाडौंको मध्यमवर्गीय अन्तर्वाह्य

जीवनका विभ्रमलाई आफ्नो कथ्य बनाउदै गाउँबाट शहरतर्फ शिक्षा, रोजगार र बसाइसराईका क्रममा बढेको स्थानान्तरण र मोडतर्फ पनि संकेत गरेका छन् विभ्रमका कथाहरूले । ग्रामीण विशेष सन्दर्भलाई छुन खोजेको कथाहरू पनि सङ्गृहित विभ्रमका कथाले मध्यमवर्गीय आर्थिक सङ्घर्ष केहि प्राप्ति र ज्यादा अभाव अपुगको पारिवारिक-सामाजिक आर्थिक संकटग्रस्ततांकै चित्रण गरे पनि केहि कथाले चाहि निम्नवर्गीय र उच्चवर्गीय क्रमशः विपन्न र अपेक्षाकृत सम्पन्न आर्थिक धरातलका वैषम्यको कथात्मक रुपायन पनि गरेका छन् । विभ्रम कथा सङ्ग्रहमा विभिन्न खालका चरित्रको प्रयोग भएको पाइन्छ । कथानक रैखिक ढाँचामा रहेको छ भने आन्तरिक र बाह्य दुवै दृष्टिबिन्दुको प्रयोग पनि पाइन्छ । शहरिया र ग्रामीण आन्तरिक र बाह्य दुबै परिवेश विभ्रमका कथामा रहेको छ भने भाषा सरल सहज र सम्प्रेष्य छ । श्रेष्ठको चौथो कथा सङ्ग्रह ‘रङ्गीन पोखरी’ (२०५०) हो । यसमा श्रेष्ठका ३४ वटा कथाहरू रहेका छन् । हाम्रो समाज र जनजीवनका यथार्थ र उद्देश्यपूर्ण जीवनमूलक विषयवस्तुमा आधारित छन् । श्रेष्ठका रङ्गीन पोखरी कथासङ्ग्रहका कथाले नेपाली समाजका परम्परागत मानसिकता असमानता र विकृति विसङ्गतीहरूलाई राम्ररी कथात्मक अभिव्यक्ति दिन सफल छन् । ‘रङ्गीन पोखरी’ का कथामा मानवीय र मानवेतर चेतन र जड सबै खालका चरित्र रहेका छन् भने आन्तरिक र बाह्य दुवै दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ग्रामीण, शहरिया र राजनैतिक परिवेश रहेका कथा रङ्गीन पोखरी कथा सङ्ग्रहका कथामा पाइन्छ । भाषा सरल सहज र परिष्कारोन्मुख रहेको छ । भागीरथी श्रेष्ठको पाँचौ कथासङ्ग्रह ‘भूमिगत’ (२०६२) हो । यसमा २१ वटा कथाहरू सङ्गृहित रहेका छन् । समसामयिक राजनीतिक सन्दर्भलाई चित्रण गर्दै समसामयिक जीवनका जटिलता, विद्रुपता, पीडा, बाध्यता र विवशताहरू सिधा सरल जनता र अबलानारीको सहारा लिएर राजनीतिमा अगाडि बन्ने तर उच्चपदमा पुगी सकेपछि उनीहरूको वेवास्ता गर्ने २०४६ र २०६१-६२ साल पछिका नेताहरूको चरित्र र प्रवृत्तिलाई श्रेष्ठका कथामा पाउन सकिन्छ । भूमिगतका कथाहरूमा विम्बको प्रशस्त प्रयोग भएको पाइन्छ । शहर, धन, वैस, रुप र पदले मातिएका समसामयिक नेपाली चरित्रको प्रयोग पनि पाइन्छ अधिकांश कथामा नारी पात्रलाई प्रधान पात्रका रुपमा प्रस्तुत गरिएको छ भूमिगतका कथामा भने ग्रामीण, शहरिया, राष्ट्रिय राजनैतिक परिवेशको प्रयोग पनि पाइन्छ । लेखन सरल सहज सम्प्रेष्य रहेको छ

भाषाशैलीले खास महत्व एवं हृदयस्पर्सी प्रभावकारिताका साथै आफ्नो विशेष पहिचान समेत कायम गर्न पुगेको छ । श्रेष्ठको छैठौ कथा सङ्ग्रह 'रातो गुलाफ' (२०६६) हो । यसमा श्रेष्ठका १७ वटा कथाहरू सङ्गृहित रहेका छन् । श्रीमान श्रीमती बिचको सम्बन्धमा आउने उतारचढाव, घातप्रतिघातबाट सृजना हुने पीडा कुण्ठा आदिलाई नै रातो गुलाफका कथाले समेटेका छन् । पारिवारिक सम्बन्धको विग्रदो स्वरूप तथा पुस्तात्मक परिवर्तनलाई पनि यस सङ्ग्रहका कथाले समेटेका छन् कथाका शीर्षकहरू सटीक छन् । उनका प्रायः कथाका शीर्षकहरू विम्वात्मक छन् । पात्रहरू चयनमा उनी सफल देखिएकी छिन् । उनका स्त्रीपात्रहरूले अमेरिका र बेलायत जाने बाहेक कुनै नारीले विद्रोह गर्दैनन् । तर प्राय पुरुष पात्र घमण्डी र काम नलाग्ने छन् । आन्तरिक, गाउँले शहरिया, राष्ट्रिय, अन्तर्राष्ट्रिय परिवेशको प्रयोग पनि पाइन्छ । लेखनशैलीमा प्रौढता र परिपक्वता पाइन्छ । उनका केही कथाहरू यौन मनोवैज्ञानिक विषयका छन् यौनलाई शिष्टतरिकाले प्रस्तुत गर्नु उनको कथालेखनको सबल पक्ष हो । श्रेष्ठका सबैकथा परिष्कृत एवम परिमार्जित छन् । सबै कथामा सरलता पाइन्छ ।

श्रेष्ठका 'क्रमशः' 'मोहदंश' 'विभ्रम' 'रङ्गीन पोखरी' 'भूमिगत' 'रातो गुलाफ' कथा सङ्ग्रहलाई कथाका तत्त्वका आधारमा सामान्य विश्लेषण गरिएको छ । कथाका घटनाहरू सामाजिक विषयवस्तुमा आधारित रहेकाले उनका कथा सामाजिक रहेका छन् भने कथाहरूमा प्रयोग भएका घटना पात्र र परिवेश सबै नेपाली समाजमै मिल्ने भएकाले कथाहरू यथार्थवादी रहेका छन् । कथाहरूमा नारीका पीडा वेदनामा दुःख कष्टलाई जस्ताको तस्तै चित्रण गरिएकाले उनका कथाहरू नारीवादी रहेका छन् ।

कथाकार भागीरथी श्रेष्ठका कथा सङ्ग्रहहरुमा सङ्ग्रहित र फुटकर रुपमा प्रकाशित १४० कथाहरुको अध्ययन गर्दा उनका मोहदंश, विभ्रम, रंगीन पोखरी, क्रमशः, भूमिगत, रातो गुलाफ, पन्छी, अन्तराल, मातृत्व, स्वतन्त्रता, परायगन्ध जस्ता कथाहरु प्रतिनिधिमूलक कथाका रुपमा रहेका छन् ।

कथाकार भागीरथी श्रेष्ठले आफ्ना कथामा कथावस्तु, पात्र, परिवेश र उद्देश्यको समन्वयात्मक प्रयोग गरेर कथा लेखनमा आफ्नो सक्षमता प्रस्तुत गरेकी छन् भने उनका कथामा दृष्टिविन्दु र भाषाशैलीमा केही दुर्बलता देखिन्छन् ।

नारीवादी कथाकार भएर नारी हृदयलाई छिचोल्दै आफ्ना कथाको कथावस्तु अगाडि वढाउने श्रेष्ठ, लैङ्गिक समानताको वकालत गर्ने कथाकारका रुपमा रहेकी छन् ।

## ५.२ निष्कर्ष

'भागीरथी श्रेष्ठको कथाकारिता' शीर्षकको शोध पत्रको निष्कर्षलाई तलका बुँदामा प्रस्तुत गरिएको छ ।

क) भागीरथी श्रेष्ठले नेपाली साहित्यमा कथा, उपन्यास, कविता निबन्ध विधामा कलाम चलाएकी छन् । उनले साहित्यका यी चार वटा विधामा कलम चलाए पनि उनी आख्यान अन्तर्गत कथा विधाकी सशक्त साहित्यकार हुन् ।

ख) श्रेष्ठले आधुनिक नेपाली कथाका क्षेत्रमा सामाजिक यथार्थवादी कित्तामा आफ्नो गर्विलो स्थान निर्माण गर्न सफल भएकी छन् ।

ग) श्रेष्ठले आफ्ना कथामार्फत नेपाली समाजमा भए गरेका घटनालाई यथार्थ रुपमा चित्रण गरेकी छन् ।

घ) श्रेष्ठका कथामा समाजमा विद्यमान अन्याय, अत्याचार, शोषण र दमनको अन्त्यको लागि शोषित र पीडित वर्ग नै सचेत भएर आफ्नो हक अधिकार प्राप्त गर्नुपर्दछ भन्ने सन्देश पाइन्छ । त्यसैगरी समाजको पुरानो समान्ती संस्कारलाई छाडेर नयाँ विचार नयाँ संस्कार थालनी गरी समाज परिवर्तन गर्नुपर्छ भन्ने विचार उनका कथामा पाइन्छ ।

ङ) श्रेष्ठका कथामा नारी दुःख पीडा कष्ट र उनीहरूमाथि गरिएको अन्याय अत्याचार र बलात्कार जस्ता घृणित विषयवस्तुलाई कथमा चित्रण गरिएको छ । साथै

नारीका मानसिक स्तरमा चल्ने उतार चढावलाई मनोविश्लेषणात्मक ढङ्गले विश्लेषण गरिएको छ ।

च) श्रेष्ठका कथामा विषयवस्तुलाई फ्रायडको मनोविश्लेषणात्मक सिद्धान्तअनुसार चेतन र अचेतन मन तथा परपीडन स्वपीडनलाई समेट्ने गरी पात्र-पात्रवीच द्वन्द्व पाइन्छ ।

छ) श्रेष्ठले आफ्ना कथामा स्थानीय परिवेश, सरल, सहज, भाषा र वर्णनात्मक शैलीको प्रयोग गरेकी छन् ।

ज) आफ्ना कथामा सामाजिक यथार्थको प्रस्तुति गरेर सुन्दर कथात्मक बान्की दिनु उनको कथाकारिताको उच्चतम प्राप्ति र सफलता हो ।

झ) कथाकार भागीरथी श्रेष्ठका भूमिगत, रातो गुलाफ, पन्छी, मातृत्व, विभ्रम जस्ता कथा उत्कृष्ट रहेका छन् ।

यो शोध पत्र सम्भावित शोध शिर्षक कथाकार भागीरथी श्रेष्ठको कथाकारितामा केन्द्रीत छ । भविष्यमा उनका कथासङ्ग्रहको विविध पक्षलाई केलाएर शोध गर्न चाहने इच्छुक व्यक्तिले निम्न लिखित शीर्षकमा शोध गर्न सक्नेछन् ।

क) भागीरथी श्रेष्ठका कथाहरूमा सामाजिक यथार्थता

ख) परिवेश विधानका दृष्टिले भागीरथीका कथाकृतिहरू

ग) भागीरथी श्रेष्ठका कथासङ्ग्रहको कृतिपरक अध्ययन

घ) पात्र चयनका दृष्टिले भागीरथी श्रेष्ठका कथाहरू

## सन्दर्भ सामग्री सूची


आचार्य, नरहरि, महादेव अवस्थी, देवीप्रसाद गौतम (२०६५), **नेपाली कथा भाग १,** ललितपुर : साझा प्रकाशन ।

गौतम, हेमकुमार (२०५१), **भागीरथी श्रेष्ठको जीवनी व्यक्तित्व र कृतित्त्व,** अप्रकाशित स्नातकोत्तर शोध पत्र, काठमाडौं : नेपाली केन्द्रीय विभाग ।

घिमिरे, माधवप्रसाद (२०४४), **प्रकाशकीय मोहदंश,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

ज्ञवाली, ज्ञान निष्ठ (२०६३), **आख्यानकार विश्वेश्वर प्रसाद कोइराला**, काठमाडौं : हजुरको प्रकाशन ।

नेपाल, घनश्याम (१९८७), **आख्यानका कुरा**, सिलगढी : नेपाली साहित्य प्रचार समिति ।

पौडेल, गोपीन्द्र (२०६५), **कथाको सौन्दर्यशास्त्र**, काठमाडौं : उर्मिला पौडेल ।

भट्टराई, गोविन्दराज (२०६६), **भूमिका रातो गुलाफ**, काठमाडौं : रत्नपुस्तक भण्डार ।

बिष्ट, दौलत विक्रम (२०५०), **भूमिका रङ्गीन पोखरी**, काठमाडौं : सृजनशील प्रकाशन ।

वराल, ईश्वर (सम्पा) (२०५३), **झ्यालबाट छैठौ संस्करण**, ललितपुर : साझा प्रकाशन ।

वराल, कृष्णहरि, नेत्र एटम (२०६७), **नेपाली कथा र उपन्यास**, काठमाडौं : अक्सफोर्ड पब्लिकेशन ।

शर्मा, तारानाथ (२०४३), **भूमिका क्रमशः**, ललितपुर : साझा प्रकाशन ।

शर्मा, मोहनराज (२०५३), **कथाको विकास प्रक्रिया दोस्रो संस्करण**, ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम (सम्पा) (२०३९), **पच्चीस वर्षका नेपाली कथा**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

**पत्रिका**


अधिकारी, अच्युत रमण (२०५०), 'भ्रमरहित विभ्रम', **गोरखापत्र** : (शनिवार परिशिष्टाङ्क ५ भदौ) ।

गिरि, अन्विका (२०६६), 'तीन पाका कृति', **अन्नपूर्ण पोष्ट शिक्षा**, काठमाडौं : (११ पुस २०६६)

घिमिरे, माधव (२०६४), 'भूमिगतमा भूमिगत हुँदा', **दायित्व**, काठमाडौं : (२१ पृ. ८) ।

तिम्सिना, यशोदा (२०६३), 'धरातलमा उभिएका कथा', **नेपाल**, काठमाडौं ।

त्रिपाठी, वासुदेव (२०५०), 'भागीरथी श्रेष्ठको तेस्रो कथा बान्की विभ्रम', **कान्तिपुर**, काठमाडौं : (६ : १९० भदौ)

प्रधान, कृष्ण (२०५०), 'नेपाली कथा प्रतिभामा पाइने प्रवृति', **मधुपर्क**, काठमाडौं : (२६ : ७) ।

प्रधान, कृष्णचन्द्र (२०६५), 'अनौपचारिक संवाद ! भागीरथी र कथा', **राष्ट्रिय वाणिज्य पूर्व कर्मचारी संघ स्मारिका**, काठमाडौं ।

प्रधान, परशु (२०४८), 'केहि क्षण केहि अनुहार', **अभिव्यक्ति**, काठमाडौं : (२२ पृ. ६५ असार)

प्रसाइ, महेश (२०५२), 'भागीरथी श्रेष्ठको समाजशास्त्रीय कथ्यशील्प', **समकालीन**, काठमाडौं ।

प्रसाइ, महेश (२०५२), 'भागीरथी श्रेष्ठको समाज शास्त्रीय कथ्य शील्प', **समकालीन**, काठमाडौं ।

पोखेल, माधव (२०५९), 'भागीरथी श्रेष्ठका कथाको एक झल्को' **समकालीन**, काठमाडौं : (२२ : ३) ।

पोखेल, विश्वमणि (२०६३), 'राजनीतिजस्तै कथाहरू', **समय**, काठमाडौं : (२२ असार)